सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ भदौ २०८०, आइतबार (3 Sep 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १४३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

प्रविधिमैत्री बन्दै
सर्वोच्च अदालत

इ-लाइब्रेरीदेखि पेसी तारेखसमेत अनलाइनबाटै



गत ११ भदौमा यो प्रणाली सुरु भएसँगै तारेख दिँदा कर्मचारीहरू अमुक पक्षबाट प्रभावित हुने तथा आर्थिक प्रलोभनमा पर्ने गरेका गुनासा समाधान हुने सर्वोच्च प्रशासनको विश्वास छ।

(विस्तृत पृष्ठ ३)

देशभरका ६७४३
वडामा माओवादीको
तीनमहिने अभियान

२५ लाख मतदाता प्रत्यक्ष भेट्ने

आठ लाख सदस्य थप्ने र आगामी चुनावमा मत पाउने गरी जनताको मन जित्ने



(विस्तृत पृष्ठ ४)

प्रधानमन्त्रीको चीन
भ्रमणमा पूर्वाधारका
प्रस्तावित एजेन्डा

अरनिको, कर्णाली तथा कोशी करिडोर स्तरोन्नति गर्ने र टोखा-छहरे सुरुङमार्गको डिपिआर बनाउने

(विस्तृत पृष्ठ ९)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

चीनसँगका नाका नखुल्दा हिमाली क्षेत्र प्रभावित

दुई देशबीच अन्तर्राष्ट्रिय व्यापारका लागि तोकिएका ६ मध्ये तीन नाका खुला, स्थानीय नाका सबैजसो बन्द

तिप्ताला नाका चार वर्षदेखि बन्द हुँदा ताप्लेजुङका नागरिकको वस्तु निकासी ठप्प

किमाथांका नाका बन्द हुँदा भोटखोलावासीलाई सास्ती

हुम्लाका च्वाखोला र टाँके तथा मुगुको नाक्चेनाङ्ला नाका पनि खुलेनन्

ताक्लाकोटका पसलमा ताला लगाएका व्याँसवासी फर्किन आतुर

उरै नाका पनि खुलेन

दोलखाको ङ्यालम नाका बन्द हुँदा महँगियो ढुवानी, प्रतिकेजी १३५ तिर्छन् लप्चीवासी

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**, संखुवासभामा **नवीन गुरुङ**, दोलखामा **श्याम खतिवडा**, डोल्पामा **रामचन्द्र न्यौपाने**, हुम्लामा **नरजन तामाङ**, दार्चुलामा **नरेन्द्रसिंह कार्की** तथा काठमाडौंमा **नवराज मैनाली र कृष्ण रिजाल**

चीनसँगका स्थानीय नाका लामो समयदेखि ठप्प हुँदा हिमाली भेगका नागरिक मारमा परेका छन्। स्थानीयले आफ्ना उत्पादन निर्यात गर्नेदेखि चिनियाँ बजारबाट खाद्यान्नलगायत अत्यावश्यक सामान आयात गर्न पाएका छैनन्।

उत्तरी नाकामा पोस्ट थप्दै सशस्त्र प्रहरी

पूर्व ताप्लेजुङको तिप्तालादेखि संखुवासभाको किमाथांका, दोलखाको ङ्यालम हुँदै डोल्पाका मोरिल्ला र क्याटो, हुम्लाका च्वाखोला, टाँके र नाक्चेनाङ्ला, बझाङको उरै तथा पश्चिम दार्चुला जोड्ने ताक्लाकोट नाका कोभिडयता चार वर्षदेखि बन्द छन्। यी नाका उत्तरी क्षेत्रका नागरिकका लाइफलाइन हुन्।

नेपाल-चीन पारवहन सन्धिको प्रोटोकललले दुई देशबीचका अन्तर्राष्ट्रिय व्यापार भने ६ वटा नाकाबाट मात्रै गर्न

» पृष्ठ ११ मा क्रमशः

मोरिम्ला र क्याटो नाका बन्द हुँदा उपल्लो डोल्पामा चर्को मूल्यवृद्धि

दुई साताका लागि मात्रै भए पनि खुलाउन माग



डोल्पाबाट चीन आउजाउ गरिने मोरिम्ला नाका

उपल्लो डोल्पाका से-फोक्सुन्डो, डोल्पोबुद्ध र छार्काताङसोङ गाउँपालिकाका बासिन्दालाई जिल्ला सदरमुकाम दुनै झरेर चामल, नुन, तेललगायत उपभोग्य वस्तु किनमेल गर्नुभन्दा क्याटो र मोरिम्ला नाकाका स्थानीय चिनियाँ बजार पुगेर किनमेल गर्न सजिलो हुन्छ। तर, यी नाका कोभिड महामारीपछि बन्द छन्। अहिले चार-पाँच दिन लगाएर दुनैबाट ढुवानी गर्नुपर्ने बाध्यता छ। दुनैमा पनि नेपालगन्ज, सुर्खेतबाट खाद्यान्न र लत्ताकपडा पुऱ्याइन्छ। त्यही सामग्री उपल्लो डोल्पा पुऱ्याउन निकै महँगो भाडा तिर्नुपर्ने बाध्यता रहेकाले मूल्यवृद्धि, खाद्यान्न अभाव रहेको डोल्पोबुद्ध गाउँपालिकाका उपाध्यक्ष पेमा वाङ्चु गुरुङले बताए। उपल्लो डोल्पावासीले यस वर्ष दुई साताका लागि मात्रै भए पनि मोरिम्ला र क्याटो नाका खुलाउन माग गरेका छन्। डोल्पाका स्थानीय तथा प्रतिनिधिसभा सदस्य धनबहादुर बुढाले परराष्ट्रमन्त्री नारायणप्रकाश साउदलाई भेटेर दुई साताका लागि भए पनि नाका खुलाउन कूटनीतिक पहल गरिदिन आग्रह गरेको बताए। यो वर्ष तिब्बतको सिँगाचे प्रान्तमा पर्ने डोङ्बा काउन्टी नाकामा व्यापारिक मेला लाग्ने भएकाले सोही अवसरमा मोरिम्ला र क्याटो नाका खुलाउन माग गरिएको सांसद बुढाले बताए। नाका खुलेमा उपल्लो डोल्पावासीले वर्षभर पुग्ने सामग्री खरिद गर्न पाउने उनको भनाइ छ।

■ अन्तर्राष्ट्रिय व्यापार गर्न मिल्ने तीन नाका खुले, तीन बाँकी



● **रामचन्द्र तिवारी**, सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कोभिडको जोखिम न्यूनीकरण भइसकेर जनजीवन सामान्य अवस्थामा आइसकेका कारण सबै नाका खोल्नुपर्छ भन्नेमा नेपाल-चीन दुवै पक्ष सकारात्मक छन्। हालै चीनमा सम्पन्न नेपाल-तिब्बत व्यापार सहजीकरण समितिको बैठकमा समेत यो कुरा उठाएका थियौं, उहाँहरू (चिनियाँ पक्ष) सकारात्मक हुनुहुन्छ। बेइजिङमा प्रस्ताव लगेर त्यहाँबाट अनुमति लिई स्थानीय नाका खोल्ने आश्वासन दिएका छन्।

काठमाडौं/ नेपाल-चीन पारवहन सन्धिको प्रोटोकलले दुई देशबीचका ६ वटा नाकाबाट अन्तर्राष्ट्रिय व्यापार गर्न सकिने व्यवस्था गरेको छ। प्रोटोकलले रसुवाको केरुङ, सिन्धुपाल्चोकको कोदारी (तातोपानी), संखुवासभाको किमाथांका, ताप्लेजुङको ओलाङचुङगोला, हुम्लाको हिल्सा (यारी) र मुस्ताङको कोरला नाकामार्फत पारवहन ढुवानी गर्न सकिने व्यवस्था गरिएको छ। तर, हाल रसुवा, तातोपानी र हिल्सा नाका मात्रै खुला छन्। बाँकी तीन नाका अझै खुल्न सकेका छैनन्।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव रामचन्द्र तिवारीले तीन नाका पूर्वाधार अभाव र कोभिडपछि चीनले लिएको जिरो कोभिड नीतिका कारण खुल्न नसकेको बताए। नाका सञ्चालनका लागि पहल भइरहेको उनको भनाइ छ। 'सञ्चालनमा रहेका नाका र सञ्चालनमा आउन नसकेका नाकामा समेत पूर्वाधार निर्माणमा जोड दिइएको छ,' उनले भने, 'अहिले कोभिडको जोखिम न्यूनीकरण भइसकेर जनजीवन सामान्य अवस्थामा आइसकेका कारण सबै नाका खोल्नुपर्छ भन्नेमा नेपाल-चीन दुवै पक्ष सकारात्मक छन्।'

नेपालले द्विपक्षीय वार्ता तथा संयन्त्रमा बन्द रहेका स्थानीय नाकासमेत खुला गर्न चीनलाई आग्रह गर्दै आएको सहसचिव तिवारीले बताए। 'हालै चीनमा सम्पन्न नेपाल-तिब्बत व्यापार सहजीकरण समितिको बैठकमा समेत यो कुरा उठाएका थियौं, उहाँहरू (चिनियाँ पक्ष) सकारात्मक हुनुहुन्छ,' उनले भने, 'बेइजिङमा प्रस्ताव लगेर त्यहाँबाट अनुमति लिई स्थानीय नाका खोल्ने आश्वासन दिएका छन्।' प्रधानमन्त्रीको आसन्न भ्रमणमा समेत यस्ता विषयले प्राथमिकता पाउने उनले बताए।

भेरी अस्पतालमा छैन रेबिजविरुद्धको खोप

बाँकेमा **विश्वराज पछ्लडङ्गा**

कुकुरले टोकेपछि बाँके राप्तीसोनारी गाउँपालिका-१ कुसुमका अख्तर खान नेपालगन्जमा रहेको भेरी अस्पताल पुगे। जाँचपछि चिकित्सकले दिएको पर्चा लिएर उनी भेरी अस्पतालकै फार्मेसी पुगे। तर, फार्मेसीले निःशुल्क पाइने रेबिजविरुद्धको खोप नभएको बतायो। र, उनले छेउकै मेडिकलबाट ६ सय ३० रुपैयाँमा एक डोज खोप किने। थप १० रुपैयाँमा एउटा सुई र सिरिन्ज पनि किने। 'सरकारले रेबिजविरुद्धको खोप निःशुल्क उपलब्ध हुने भन्छ। तर, अस्पतालको फार्मेसीमा पाइएन, मैले त एक डोजको ६ सय ३० तिर्ने,' उनले भने।

सरकारले सन् २०३० भित्र कुकुरको टोकाइबाट मानिसमा सर्ने रेबिजबाट हुने मृत्यु शून्यमा झार्ने लक्ष्य लिएको छ। सोहीअनुसार रेबिजविरुद्धको खोप निःशुल्क घोषणा गरिए पनि सरकारी अस्पतालमा जहिल्यै अभाव हुन्छ। बजारमा महँगोमा खोप पाइने भएकाले विपन्न तथा असहाय बिरामी खोप नलगाएर फर्किने गरेका छन्।

तीमध्ये नेपालगन्ज उपमहानगरपालिका-१४ का सरोज यादव पनि एक हुन्। उनलाई १० भदौमा कुकुरले टोकेपछि भेरी अस्पताल पुगे। अस्पतालले बाहिरबाट खोप किनेर ल्याउन भनेपछि उनी त्यत्तिकै घर फर्किए। 'बाहिर किन्न जाँदा एउटा भ्याक्सिनको ६ सय ३० रुपैयाँ

» पृष्ठ ११ मा क्रमशः



रेबिजविरुद्धको खोप तीनपटक लगाउनुपर्छ। बाहिरको मेडिकलबाट खरिद गर्दा एकजनाको कुल खर्च १९ सय २० रुपैयाँ हुन आउँछ। एक भाइल भ्याक्सिनबाट दुईजनाले लगाउन मिल्छ। दुईजनालाई लगाउन कुकुरले टोकेको अर्को व्यक्ति सम्पर्कमा आउनुपर्ने हुन्छ। 'मैले अर्को व्यक्तिलाई पर्खिरहेको थिएँ, तर कोही आएनन्। एक डोज अस्पतालको १८ नम्बर कोठामा छोडेर आएँ,' अख्तर खानले भने। तर, अस्पताल प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. पवनजंग रायमाझीले एक सातायता अस्पतालमा भ्याक्सिन नभएको र स्वास्थ्य सेवा विभागसँग ५०-६० भाइल माग्दासमेत नपाएको बताए।

विदेशबाट प्राध्यापक ल्याएर स्नातकोत्तरमा पढाउने तयारी गर्दै नेपाल विश्वविद्यालय

केन्द्रीय कार्यालय गैँडाकोटमा, अन्य क्याम्पसलाई सम्बन्धन नदिइने

- **जापान, दक्षिण कोरिया, भारत, चीनलगायत देशका नाम चलेका विश्वविद्यालयमा अध्यापन गराएका शिक्षकलाई ल्याइनेछ।**
- **स्नातक तहको कक्षा सञ्चालन गर्दा नेपाली शिक्षक पनि राखिनेछ। शिक्षक र विद्यार्थीका लागि आवासीय सुविधा रहनेछ। स्नातकोत्तर तहमा 'फुल टाइम' कक्षा सञ्चालन हुनेछ।**

● **सूर्यराज आचार्य**, विश्वविद्यालय पूर्वाधार विकास समिति सदस्य



हामीले सुरुमा विदेशी युनिभर्सिटीका प्राध्यापक ल्याउँछौं, कतिपयले तलब नलिने पनि बताउनुभएको छ, कतिपयलाई तलब र आवासीय सुविधा दिन्छौं। उहाँहरू हाम्रो सम्पर्कमा आइसक्नुभएको छ, कतिपय विदेशी युनिभर्सिटीमा अध्यापन गराएर अवकाशप्राप्त प्राध्यापक पनि हुनुहुन्छ। यो विश्वविद्यालय सरकारलाई भार पार्ने किसिमको हुँदैन, यसको सञ्चालनमा निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातामार्फत गर्छौं। यसले कानुनअनुसार सबै संकाय सञ्चालन गर्न सक्छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

अन्य विश्वविद्यालयभन्दा फरक धार बोकेर सरकारबाट सञ्चालनको अनुमति पर्खिरहेको नेपाल विश्वविद्यालयले विदेशबाट प्राध्यापक ल्याएर कक्षा सञ्चालन गर्ने तयारी गरेको छ। पहिलो चरणमा १४ जना विदेशी प्राध्यापक ल्याएर स्नातकोत्तर तहको कक्षा सञ्चालनको तयारी गरिएको विश्वविद्यालय पूर्वाधार विकास समितिले जनाएको छ।

विश्वविद्यालयले कानुनअनुसार सबै संकाय सञ्चालन गर्न सक्छ। मूलतः विज्ञान संकाय र मानविकी संकायका कक्षा सञ्चालन गर्ने जनाएको छ। स्नातकोत्तर तहमा सार्वजनिक नीति विषयको पढाइ हुनेछ। यस

» पृष्ठ ११ मा क्रमशः

अन्यभन्दा फरक बन्ने दाबी

नेपाल विश्वविद्यालय सञ्चालनका लागि पूर्वाधार विकास तयारी समिति भनेर अध्यक्ष वरिष्ठ चिकित्सक अर्जुन कार्की, सदस्य सूर्यराज आचार्यको टिमले यसको सञ्चालनबारे पूर्वाधारको तयारीसमेत गरेका छन्। यो संरक्षक परिषद्अन्तर्गत सञ्चालन हुनेछ। सदस्य आचार्य विश्वविद्यालय झट्ट सुन्दा अरूझैं लागे पनि यसको अवधारणा निकै फरक रहेको सुनाउँछन्।

'यहाँ कुनै राजनीतिक र सरकारी हस्तक्षेप हुन दिइनेछैन। स्वतन्त्र प्राज्ञिक थलोका रूपमा यो विश्वविद्यालय रहनेछ। त्रिवि र अन्य विश्वविद्यालयको पनि गुणस्तर खस्कँदै गयो, राष्ट्रिय विकासका लागि चाहिने दक्ष जनशक्ति उत्पादन हुन सकेन,' आचार्यले भने, 'युवा पढ्न जाने नाममा बिदेसिए, उनीहरूलाई रोक्न र गरिखाने शिक्षाको बाटो देखाउन नेपाल विश्वविद्यालयलाई अघि बढाउँदै छौं, यो अन्यभन्दा धेरै नै फरक हुन्छ।' उनका अनुसार यस विश्वविद्यालयको सिकाइ, पाठ्यक्रम, पाठ्यपुस्तक फरक नै हुन्छ।

कति महँगो ?

सदस्य आचार्यका अनुसार कोही पनि जेहेनदार विद्यार्थी पढ्न वञ्चित हुँदैनन्। सुरुमा यसमा कति विद्यार्थी पढाउने भनेर कोटा तय गरिनेछ। उनका अनुसार यसमा पर्याप्त छात्रवृत्ति हुन्छ। 'छात्रवृत्तिबाहेकलाई सामान्य शुल्क तोकिनेछ। न्यून आय भएका परिवारलाई पूर्ण रूपमा छात्रवृत्ति दिइनेछ। यो विश्वविद्यालयलाई निजी कम्पनी र संघसंस्थाबाट छात्रवृत्ति आउने बताइएको छ। सरकारले राम्रो पैसा दियो भने शुल्क कम हुन्छ, यो सार्वजनिक विश्वविद्यालय हो,' आचार्यले भने, 'तर, नाफामूलक होइन, यसको उपकुलपति, २१ जनाको परिषद् र ६ जना सरकारी निकायका पदेन हुन्छन्।'

एकै वडाका तीन खेलाडी एकसाथ भारोत्तोलन विश्व च्याम्पियनसिपमा

कञ्चनपुरको भीमदत्त नगरपालिका-७ हल्दुखालका विकास भट्ट, विशाल सिंह विष्ट र सागर भण्डारी साउदी अरेबियाको राजधानी रियादमा सोमबारदेखि सुरु हुने विश्व भारोत्तोलन च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्दै, उनीहरूका प्रशिक्षक जीवन गौतम पनि भीमदत्तकै

रमेश सुवेदी/नयाँ पत्रिका
तस्बिर : ज्ञानेन्द्र कार्की

सोमबारदेखि साउदी अरेबियाको राजधानी रियादमा विश्व भारोत्तोलन च्याम्पियनसिप सुरु हुँदै छ। भारोत्तोलनको विश्व च्याम्पियनसिपमा नेपाल १६ वर्षपछि सहभागी हुँदै छ। नेपालका लागि संयोग यो छ कि प्रतिस्पर्धामा जाने सबै पुरुष खेलाडी एउटै वडाका छन्। अर्को संयोग प्रशिक्षक पनि उनीहरूकै पालिकाका हुन्।

पुरुषतर्फ सहभागी विकास भट्ट, विशाल सिंह विष्ट र सागर भण्डारी कञ्चनपुरको भीमदत्त नगरपालिका-७ हल्दुखालका हुन्। प्रशिक्षक जीवन गौतम भीमदत्त-३ का हुन्। दुई महिला खेलाडीमा शारदा चौधरी कैलाली र टीकामाया गुरुङ पोखराकी हुन्।

टोलीमा सबैभन्दा कम उमेरका खेलाडी हुन् विकास। उनी २१ वर्षका छन्। उनले ८१ केजीमा चुनौती दिनेछन्। २२ वर्षीय सागर भण्डारीले १०९ र २३ वर्षीय विशालले ९६ केजीमा प्रतिस्पर्धा गर्नेछन्। विकास कञ्चनपुरबाटै घरेलु प्रतियोगितामा सहभागी हुँदै आएका छन्। विकास १३औं दक्षिण एसियाली केलकुद (साग)का स्वर्णपदक विजेता विकास थापालाई पराजित गर्दै रियादका लागि छनोट भएका



सागर भण्डारी, विकास भट्ट, जीवन गौतम (प्रशिक्षक) र विशालसिंह विष्ट क्रमशः बायाँबाट। विकास कञ्चनपुरबाटै घरेलु प्रतियोगिता खेल्छन्। सागर र विशाल विभागीय टोली नेपाल पुलिसबाट खेल्छन्। 'तीनैजना एकै वडाबाट सहभागी हुँदै छौं। एक-अर्कालाई बुझ्ने, भाषा सहज हुने र खानपिन पनि एकै हुँदा प्रशिक्षणमा निकै सहज भएको छ,' १३औं दक्षिण एसियाली खेलकुद(साग)मा नेपाललाई रजत पदक जिताएका विशालले भने।

हुन्। प्रशिक्षक गौतम भारोत्तोलनमा विकासको सम्भावना धेरै रहेको बताउँछन्। 'विकास बल्ल २१ वर्षका भए। उनले मिहिनेत गरे आगामी दिनमा नेपालका लागि निकै राम्रो गर्न सक्छन्,' गौतमले भने।

सागर र विशाल विभागीय टोली नेपाल पुलिसबाट खेल्छन्। विशालले १३औं सागमा नेपाललाई रजत पदक जिताएका थिए। १७ वर्षको उमेरदेखि भारोत्तोलन खेल्दै आएका उनी रियादमा पनि देशका लागि पदक उचाल्ने योजनामा छन्। 'पदक ल्याउन निकै गाह्रो छ। तर, हामी विगत दुई महिनादेखि गरेको मिहिनेतले पदक प्राप्त गर्न प्रयास गर्छौं,' विशालले भने। प्रशिक्षकसहित तीन खेलाडी एकै पालिकाको हुँदा प्रशिक्षणमा निकै सहज भएको उनले सुनाए। 'तीनैजना एकै वडाबाट सहभागी हुँदै छौं। टोलीमा एक-अर्कालाई बुझ्ने, भाषा सहज हुने र खानपिन पनि एकै हुँदा प्रशिक्षणमा निकै सहज भएको छ,' विशालले भने।

सागरले पनि १३औं सागमा रजत पदक जितेका थिए। १०९ केजी तौलमा प्रतिस्पर्धा गर्न लागेका उनले पनि तयारी राम्रो भएको बताए। 'हामीले आफ्नो तर्फबाट सकेको प्रयास गर्छौं। चाहना त पदक जिताउने नै हो। तर, प्रतिस्पर्धामा के हुन्छ भन्न सकिँदैन। आफ्नो

» पृष्ठ ११ मा क्रमशः

टोखा : टोखा नपा-८, जाल्पा चोक डेरा गरी बस्ने गोरखा घर भएकी पूर्णमाया गुरुङको कोठामा जुवातास खेलिरहेकी फूलमाया तामाङसहित आठ जुवाडेलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरी प्रभाग नयाँ बसपार्कबाट खटिएको प्रहरीले उनीहरूलाई ८९ हजार पाँच सय रुपैयाँ र तीन बुक ताससहित पक्राउ गरेको हो।

कीर्तिपुर : कीर्तिपुर नपा-२, कीर्तिनगर डेरा गरी बस्ने रामेछापको रामेछाप नपा-१४ का ५० वर्षीय पटक गम्बिर अधिकारीको खाजाघरमा जुवातास खेलिरहेका अधिकारीसहित पाँच जुवाडेलाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले उनीहरूलाई ६३ हजार सात सय ६० रुपैयाँ र तीन बुक तासहित पक्राउ गरेको हो।

शनिबार उपत्यकामा

जगाती : भक्तपुरको जगातीमा शुक्रबार गरिएको विशेष चेकिङका क्रममा यान्त्रिक अवस्था ठीक नभएका ३७ वटा सवारीसाधनका चालकलाई ट्राफिक प्रहरीले कारबाही गरेको छ। एक सय २० भन्दा बढी सवारीसाधन चेक गर्दा ह्यान्डब्रेक ठीक नभएका, लाइटहरू दुरुस्त नभएका, टायर धेरै घिस्रिएकालगायत अवस्था ठीक नभएका ३७ वटा सवारीसाधनका चालकलाई कारबाही गरिएको हो। जसमा पिकअप गाडी १६ वटा, मिनी टिपर सात, टाटासुमो ६, हाइस ६ र अन्य सवारीसाधन दुईवटा रहेका छन्। सवारीसाधन मर्मतपश्चात् तोकिएको जरिवाना तिरी ट्राफिक प्रहरीद्वारा नियन्त्रणमा लिएका कागजपत्र फिर्ता दिइनेछ।

नागढुंगा : काठमाडौंको नागढुंगामा शुक्रबार गरिएको लापसे (लागुपदार्थ सेवन) चेकिङका क्रममा दुईजना चालकलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको छ।

बा.२ज ३२८७ नम्बरका ट्याक्सीचालक काभ्रे पाँचखाल नपा-१३ बस्ने सुरेश तोलाङ्गे र बा.५ख २३७ नम्बरका बसचालक गोरखाको भीमसेन थापा गापा-४ का २३ वर्षीय भुवन सुर्खेती लागुपदार्थ सेवन गरी सवारीसाधन चलाइरहेको अवस्थामा फेला परेका हुन्। नियन्त्रणमा लिएका दुवैजनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त थानकोट पठाइएको छ। नेपाल प्रहरी अस्पतालको प्राविधिक सहयोगमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, लागुऔषध नियन्त्रण ब्युरो र प्रहरी प्रभाग नागढुंगाको संयुक्त टोलीले सवारीसाधनलाई चेकजाँच गरेको थियो।

टाल्न थालियो काठमाडौंका मुख्य सडकका खाल्डाखुल्डी

शिवहरि घिमिरे /नयाँ पत्रिका



काठमाडौं महानगरभित्र रहेका मुख्य सडकखण्डका खाल्डा टाल्न थालिएको छ। सडक डिभिजन काठमाडौंले आफ्नो जिम्मेवारीमा रहेका महानगरभित्रका सडकखण्डका खाल्डा टाल्न थालेको हो।

सडकका खाल्डामा प्याच गरी मर्मत गर्ने काम भइरहेको सडक डिभिजन कार्यालय काठमाडौंका प्रमुख नारायण निहुरेले जानकारी दिए। उनका अनुसार मुख्य-मुख्य सडक क्षेत्रका खाल्डाखुल्डी टालिएको छ भने भित्री सडकको बाँकी छ। 'बर्सातका वेला पानीमा काम गर्न मिल्दैन, नगरी नहुने कामहरू मात्रै भइरहेका छन्,' उनले भने, 'भित्री सडक, करिडोर र मेलम्चीले खनेका सडक हाम्रो जिम्मेवारीभित्र पर्दैन, हाम्रो जिम्मामा रहेका सडकहरूको अवस्था त्यस्तो बेहाल छैन।' उनले वर्षाका कारण कालोपत्रे र खाल्डाखुल्डी समेत टाल्न नमिल्ने भएका कारण केही सडकहरू अव्यवस्थित भएको बताए। तर, मुख्य-मुख्य सडकका खाल्डाखुल्डी पुर्ने कार्य भने पानी परे पनि जारी रहने उनको भनाइ छ।

■ यी स्थानमा खाल्डा पुरियो

सिंहदरबारको बाहिरी सडक, रत्नपार्क, चाबहिल, भद्रकाली, नक्साल, बालुवाटार, कमलादी, नागपोखरी, तिनकुने, सिनामंगल, एयरपोर्ट, कालीमाटी, कुलेश्वर, माइतीघर, त्रिपुरेश्वर, जमल, सहिदगेट, अनामनगर, लैनचौर ठमेलललगायत क्षेत्रका सडकमा अस्थायी किसिमले खाल्डा पुरिएको डिभिजनले जनाएको छ। पछिल्लो जेठयता उपत्यकाका अधिकांश सडकका खाल्डाखुल्डी टाल्न छाडिएको थियो। यही अवधिमा नेपाल विद्युत् प्राधिकरणले विद्युत् तार भूमिगत गर्दा सडक भत्काएर अस्तव्यस्त पारेको छ। प्राधिकरणले भक्तपुर, ललितपुर र काठमाडौंमा केही सडक खनेर तार भूमिगतको कार्य गर्दा पिच नै नगरी छाड्ने गरेको छ। जसका कारण सडकमा अत्यधिक खाल्डाखुल्डी छन् र सर्वसाधारणले सास्ती पाइरहेका छन्।

सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले असारअधिसम्म उपत्यकाका सडक व्यवस्थित भए पनि त्यसयता भने खाल्डाखुल्डी नटाल्दा अव्यवस्थित भएको बताए। उनले सडकका खाल्डा टाल्ने जिम्मा विभागसँगै महानगर र विद्युत् प्राधिकरणको पनि रहेको बताए। 'बर्खाका वेला खाल्डा टाल्न नहुने भन्ने पनि होइन, यसको मुख्य कारण लगातार पानी पर्नु र हामीसँग बजेट नहुनु हो,' उनले भने, 'हामीले मुख्य सडक मर्मत गर्ने हो। करिडोर सडक र भित्री सडक हाम्रो जिम्मेवारीभित्र पर्दैन।'

उपत्यकाका अधिकांश मुख्य सडकमा पछिल्लो समय खाल्डाखुल्डी छन्। सबैभन्दा धेरै खाल्डाखुल्डी भएको त्रिपुरेश्वर-कलंकी सडकखण्ड भखेरै टालिएको छ।

■ यी सडकमा खाल्डाखुल्डी कायमै

भक्तपुर सल्लाघारी-कमलविनायक, कोटेश्वर-सल्लाघारी, सूर्यविनायक जगाती, जगाती-च्यामासिंह, ललितपुरको मंगलबजार-ग्वार्को, कुमारीपाटी-जावलाखेल, सातदोबाटो-हरिसिद्धि, चापागाउँ दोबाटो-चापागाउँ, काठमाडौंको थापागाउँ-अनामनगर, पुरानो बानेश्वर-मैतीदेवी, रातोपुल, बागमती करिडोर, विष्णुमती करिडोर, धोबीखोला करिडोर, चुच्चेपाटी-महाँकाललगायत सडकमा खाल्डाखुल्डी छन्। त्यस्तै, करिडोर तथा सहायक सडकमा पनि सबैतिर खाल्डैखाल्डा छन्। बागमती करिडोर, विष्णुमती करिडोर, धोबीखोला करिडोरलगायत सडकखण्ड अहिले हिलाम्य, धुलाम्य र खाल्डाखुल्डीका कारण जोखिमयुक्त छन्। बागमती करिडोरको सिनामंगल पुलमुनि ढलान गरेर अझै सकिएको छैन। तिनकुनेस्थित पुलमुनि ढलान गरे पनि भिएस निकेतन कलेज हुँदै ललितपुरतर्फ जाने करिडोर सडकमा सबैतिर खाल्डैखाल्डा छन्।

■ बिजुली बजार पुलमुनि सडक खोलिएन

धोबीखोला करिडोरअन्तर्गत बिजुली बजार पुलमुनि करिडोर सडक अझै खोलिएको छैन भने त्यहाँ फोहोर बोक्ने गाडी राख्दा दुर्गन्धसमेत फैलिएको छ। एक वर्षअघि कालोपत्रे गरिएको उक्त सडक नेपाल विद्युत् प्राधिकरणले बिजुलीको तार भूमिगत गर्न ६ महिनाअघि नै भत्काएको थियो। तर, तार भूमिगत गर्ने कार्य सकिए पनि खाल्डाखुल्डी पुरिएको छैन। बर्सातका कारण खाल्डामा पानी जम्ने, सवारीसाधनसमेत फसेर दुर्घटना हुनेलगायत समस्या देखिने गरेका छन्। धोबीखोला करिडोरअन्तर्गतका अन्य क्षेत्र पनि अस्तव्यस्त छन्। चाबहिलदेखि बिजुली बजारसम्म खाल्डाखुल्डीका कारण सडक अस्तव्यस्त र हिलाम्य बनेको छ। त्यस्तै, ललितपुरतर्फ विष्णुमती करिडोर क्षेत्रका सडकमा पनि खाल्डाखुल्डी छन्।

सवारीसाधनमा महिलामाथि दुर्व्यवहार

एक वर्षमा तीन सय ९५ जनामाथि कारबाही

नयाँ पत्रिका

सार्वजनिक सवारीसाधनमा महिलालाई दुर्व्यवहार गर्ने तीन सय ९५ जना पछिल्लो एक वर्षमा कारबाहीमा परेका छन्। सार्वजनिक यातायातलाई सुरक्षित र मर्यादित बनाउन काठमाडौं उपत्यका प्रहरी कार्यालयले सञ्चालन गर्दै आएको सेफ्टी पिन अप्रेसनअन्तर्गत उनीहरू कारबाहीमा परेका हुन्।

अभियानअन्तर्गत प्रहरीले सार्वजनिक सवारीसाधनमा सादा पोसाकमा प्रहरी खटाउँदै आएको छ। खटिएका प्रहरीले महिलामाथि दुर्व्यवहार गर्नेलाई तत्काल पक्राउ गरी कारबाही गर्ने गरेका छन्। पहिलोपटक यस्तो गतिविधि गर्नेलाई सम्झाएर छाडिने र पछि फेरि त्यस्तै गतिविधि गरेमा मुद्दा चलाइने उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेशराज मैनालीले बताए। 'अभियानअन्तर्गत २०७९ को साउनदेखि हालसम्म तीन सय ९५ जनालाई पक्राउ गरिएको छ,' उनी भन्छन्, 'त्यसमा छानबिन गरी दुई सय २८ जनाउपर मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-५ को सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धको दफा ११८ को अभद्र व्यवहार गर्न नहुने कसुरको शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धान गरी कारबाहीको दायरामा ल्याइएको छ।'

सार्वजनिक सवारीमा यात्रारत महिलाले आफूलाई हैरानी पुऱ्याउने व्यक्ति तथा सवारीसाधनबारे तत्कालै १०० मा फोन गरी जानकारी दिन प्रहरीले आग्रह गरेको छ। साथै, सामाजिक सञ्जालबाट समेत उजुरी दिन सकिने एसएसपी मैनाली बताउँछन्।

सार्वजनिक यातायातलाई मर्यादित बनाउन उपत्यकाका विभिन्न स्थानमा प्रहरी परिचालन गरिएका छन्। काठमाडौंका ३५ स्थान, ललितपुरका १० स्थान र भक्तपुरका १२ स्थानलाई आधार मानेर प्रहरी परिचालन गरिँदै आएको उपत्यका प्रहरी कार्यालयले जनाएको छ। खासगरी भिडभाड हुने सार्वजनिक सवारीमा महिलाले दुर्व्यवहार भोग्दै आएका छन्।

उपत्यकाका नौ प्रहरी वृत्तका डिएसपी फेरिए

काठमाडौं/ काठमाडौं उपत्यकाका नौवटा प्रहरी वृत्तका प्रमुख फेरिएका छन्। शुक्रबार प्रहरी प्रधान कार्यालयले प्रहरी नायब उपरीक्षक (डिएसपी)हरूको सरुवा गरेको हो।

दरबारमार्ग वृत्तमा डिएसपी गोविन्द थापा तथा लैनचौर वृत्तमा चुतुर्भज ओझालाई खटाइएको छ। थापा प्रहरी महानिरीक्षकको सचिवालय तथा ओझा प्रदेश तालिम केन्द्र, विराटनगरमा कार्यरत थिए।

यसअघि दरबारमार्गमा कार्यरत डिएसपी कोपिला चुँडालको उपत्यका प्रहरी कार्यालय तथा लैनचौरका गणेशबहादुर बमको प्रहरी प्रधान कार्यालयमा सरुवा भएको छ।

त्यस्तै, बौद्ध वृत्तमा राजु पाण्डे, गौशालामा केशव थेबे, नयाँ बानेश्वरमा शिवराज बुढाथोकी, महाराजगन्जमा अम्मरबहादुर थापा क्षेत्री, स्वयम्भूमा पूर्णिमा चन्द, मालीगाउँमा इन्द्रप्रसाद सुवेदी तथा जगातीमा दीप्ति कार्कीलाई सरुवा गरिएको छ।

महाराजगन्ज वृत्तका अंगुर जिसीको जिल्ला प्रहरी परिसर, काठमाडौं, मालीगाउँका अनिश कर्णको सुरक्षा सेवा व्यवस्थापन महाशाखा, स्वयम्भू वृत्तका राजबाबु महर्जनको जिप्रका धनकुटामा सरुवा भएको छ। बौद्ध वृत्तका हरिबहादुर बस्नेत, गौशाला वृत्तका सञ्जीवबाबु खड्काको प्रहरी प्रधान कार्यालय, नयाँ बानेश्वरका निशान्त श्रीवास्तवको जिप्रका डोटी, जगातीका राजकुमार श्रेष्ठको जिप्रका काभ्रेमा सरुवा भएको छ। आवधिक सरुवाअन्तर्गत वृत्त प्रमुखहरू हेरफेर भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

■ भक्तपुरमा एसपीमा वेद विष्ट

भक्तपुरको प्रहरी प्रमुखमा प्रहरी उपरीक्षक (एसपी) वेद विष्टलाई जिम्मेवारी दिइएको छ। विष्ट प्रहरी प्रधान कार्यालयमा कार्यरत थिए। यसअघि भक्तपुरमा कार्यरत प्रजित केसीको प्रदेश कार्यालय वीरगन्जमा सरुवा भएको छ। एक वर्ष अवधि पुगेपछि एसपी हेरफेर भएका हुन्।

कुसुन्तीमा लिफ्टसहितको आकासे पुल बन्ने

नयाँ पत्रिका



चक्रपथअन्तर्गत ललितपुरको कुसुन्तीमा ललितपुर महानगरले लिफ्टसहितको आकासे पुल निर्माण गर्ने भएको छ। ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले यो पुल उपत्यकाकै पहिलो अपांगतामैत्री पुल हुने दाबी गरे। उनले भने, 'आकासे पुल त धेरै छन्, तर ती पुलहरू अपांगतामैत्री, ज्येष्ठ नागरिकमैत्री छैनन्। बिरामी, अशक्तले प्रयोग गर्न सक्ने पुल बनेका छैनन्। यो पुल देशकै नमुना आकासे पुल हुनेछ।' अत्यधिक दुर्घटना हुँदै आएको यस सडकखण्डमा विगतदेखि नै पुलको माग हुँदै आएको थियो।

सडक विभागले गत आइतबार पैदलयात्रुका लागि सडक वारपार गर्न आकासे पुल निर्माण गर्ने स्वीकृति दिएसँगै ललितपुर महानगरले पुल निर्माणको प्रक्रिया अघि बढाएको हो। महानगरले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई एक वर्षअघि नै उक्त स्थानमा पुल निर्माण गर्न सहमति माग्दै पत्राचार गरेको थियो।

आठ मिटरभन्दा बढीको सडकमा स्थानीय सरकारको क्षेत्राधिकार नहुने भएकाले केन्द्रको सहमति लिएर निर्माण गर्न लागिएको हो। आकासे पुल निर्माणका लागि केही दिनभित्र टेन्डर आह्वान गरिने महानगरपालिकाले जनाएको छ। महानगर प्रमुख महर्जनले चक्रपथको उक्त सडकखण्ड वारपार गर्न आकासे पुल अत्यावश्यक भएकाले निर्माण गर्न लागिएको बताए। उनले भने, 'उक्त स्थान सुरक्षाका दृष्टिले अति नै जोखिमपूर्ण छ। गएको एक वर्षमा छ-सातजनाको ज्यान गइसक्यो।' चक्रपथ सडकखण्डमा तीव्र गतिमा सवारी चल्छन्। तर, आकासे पुल नहुँदा पैदलयात्रुहरू जोखिम लिएर सडक पार गर्नुपर्ने अवस्था छ।

कुसुन्तीको यातायात व्यवस्था कार्यालयनजिकैको चक्रपथमा पुल निर्माण हुन लागेको हो। शौचालयको समेत व्यवस्था हुने यो आकासे पुल पारदर्शी टफन ग्लासबाट निर्माण गरिनेछ।

■ अनुमानित लागत चार करोड

महानगरपालिकाको पूर्वाधार महाशाखा प्रमुख वरिष्ठ इन्जिनियर श्रीकुमार महर्जनले प्राविधिक दृष्टिले कुसुन्तीमा निर्माण हुने पुल अब्बल हुने बताए। उनका अनुसार करिब चार करोड रुपैयाँबराबरको लागतमा पुल निर्माण हुनेछ। दुई वर्षभित्र निर्माण सम्पन्न हुने इन्जिनियर महर्जनले बताए।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोतरीमा प्रा.फ.र.नं.:४१६४/९८/०७७/०७८ अन्तर्गत मिति २०७४/०८/१० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ स्थित **शुभ सिद्धि ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: भास्कर कुमार झा** स्थायी ठेगाना : महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ हालको ठेगाना : महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : माहवीर झा बाजे : चन्द्रदेव झा
	धितोको विवरण
	१) रामेश्वर झाको नाती, चन्द्रदेव झाको छोरा, महोतरी जिल्ला, औरही गाउँ पञ्चायत वडा नं. ३ स्थायी ठेगाना भई हाल महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बस्ने माहविर झाको नाममा मालपोत कार्यालय जलेश्वर, महोतरीको लगतमा दर्ता कायम रहेको महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३, ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश : ०-०-६$^{3/8}$, ०-०-५, ०-०-७ र ०-०-३ (विगाहा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सवारी मोडल : VITARABREZZAZXI+ DUAL | च्यासिस नं. : MA3NYFJ1SMA-721132 | ईन्जिन नं. : K15BN-1168492 सवारी दर्ता नं. : प्रदेश २-०२ ००१ च ०५५८ ३) शुभ सिद्धि ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण
	१) दिपक झा स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ हालको ठेगाना: महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : माहावीर झा बाजे : चन्द्रदेव झा **२) माहवीर झा** स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गाउँ पञ्चायत वडा नं. ३ हालको ठेगाना: महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : चन्द्रदेव झा बाजे : रामेश्वर झा **३) कामनि देवी झा** स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ हालको ठेगाना: महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : विष्णु देव झा ससुरा : चन्द्रदेव झा पति : महावीर झा **४) प्रकाश झा** स्थायी ठेगाना: महोतरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३ हालको ठेगाना: महोतरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : माहविर झा बाजे : चन्द्रदेव झा
	ऋणीको विवरण
२)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. १९५५६७/०७५/०७६, अन्तर्गत मिति २०७५/०४/२४ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम दर्ता भएको रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं ८ स्थित **देव एग्रीकल्चर प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: देवेन्द्र कुमार चौधरी** २) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ९२९८/१४८, स्थानिय अन्तर्गत मिति २०७७/०५/२३ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित **देव गाल्ला भण्डार** **प्रोप्राईटर तथा जमानीकर्ता : पुष्पा कुमारी**
	धितोको विवरण
	१) लंगड साह कलवारको नाती, नथुनी प्र. चौधरीको छोरा, रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ मा बस्ने देवेन्द्र कुमार चौधरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहट जिल्लाको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (मं) गा.वि.स. वडा नं ४ (हाल चन्द्रपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ११८६ र ११८७ को क्षेत्रफल क्रमश: ०-९-० र ०-२-० (विगाह) को घर/जग्गा तथा रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७८५७ को क्षेत्रफल ०-०-१६ (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) लंगड साह कलवारको नाती, नथुनी प्र. चौधरीको छोरा, रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ मा बस्ने देवेन्द्र कुमार चौधरीको नाममा मालपोत कार्यालय गरुडा, रौतहट जिल्लाको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोढीयाही गा.वि.स. वडा नं ५ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५२२ को क्षेत्रफल ०-७-० (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) राम रतन चौधरीको छोरो, नथुनी प्र. चौधरीको बुहारी, देवेन्द्र कुमार चौधरीको पत्नी, रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ मा बस्ने पुष्पा कुमारीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोढीयाही गा.वि.स. वडा नं ६ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८८३ को क्षेत्रफल ०-०-६ (विगाह) को घर/जग्गा तथा रौतहट जिल्ला, महम्मदपुर गा.वि.स. वडा नं ८क (हाल गरुडा न.पा. वडा नं. ५) स्थित कित्ता नं. २१९२ को क्षेत्रफल ०-०-७$^{१/२}$ (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) देव एग्रीकल्चर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । ५) देव गाल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण
	१) देवेन्द्र कुमार चौधरी स्थायी ठेगाना : रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ बाबु : नथुनी प्र. चौधरी बाजे : लंगड साह कलवार **२) पुष्पा कुमारी** स्थायी ठेगाना : रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ हालको ठेगाना : रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ बाबु : राम रतन चौधरी पति : देवेन्द्र कुमार चौधरी ससुरा: नथुनी प्र. चौधरी

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैँया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

■ प्रविधिमैत्री बन्दै सर्वोच्च अदालत

इ-लाइब्रेरीदेखि पेसी तारेखसमेत अनलाइनबाटै



● **विमल पौडेल**, प्रवक्ता, सर्वोच्च अदालत

पेसी तारेख अटोमेसनको कुरा हालका लागि सर्वोच्चमा मात्र छ। पछि बिस्तारै अन्य अदालतमा पनि लागू गर्नेछौं। सर्वोच्चजस्तो ती अदालतमा मुद्दाको प्रकृतिअनुसार वर्गीकरण गरिएको छैन। त्यसैकारण एकैपटक गर्न नसकिएको हो।

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतमा कर्मचारीको जतबिजी हटाउँदै प्रविधिको सहयोगमा पेसी तारेख प्रणाली सुरु भएको छ। गत ११ भदौमा यो प्रणाली सुरु भएसँगै तारेख दिँदा कर्मचारीहरू अमुक पक्षबाट प्रभावित हुने तथा आर्थिक प्रलोभनमा पर्ने गरेका गुनासा समाधान हुने सर्वोच्च प्रशासनको विश्वास छ।

केही महिनाअघि मात्र सर्वोच्चले फैसला कार्यान्वयनसँग सम्बन्धित सफ्टवेयर पनि तयार गरेको थियो। ६ माघ ०७९ मा लागू भएको यो सफ्टवेयरले देशभरका जिल्ला अदालतबाट भएका फैसलामा रहेको कैद, जरिवाना, जफतसमेतका लगत राख्छ भने डिजिटल रूपमै तथ्यांक एक अदालतबाट अर्कोमा पठाउन सकिन्छ। देशभरका सुरु अदालतका तहसिल शाखाले १ साउन ०७९ पछि कुनै व्यक्तिले सजाय पाए-नपाएको, पाएको भए के-कति पाएकोजस्ता सबै तथ्यांक एकै ठाउँ रहनेछन्।

एसएमएसबाट तारेख थाहा पाउन सकिने प्रणाली केही वर्षअघिबाटै सञ्चालनमा छ। पक्षहरूले निवेदनमा आफ्नो सम्पर्क नम्बर उपलब्ध गराएको अवस्थामा पेसीको मितिबारे उनीहरूको मोबाइलमा म्यासेज जान्छ।

त्यस्तै, देशभर जहाँबाट पनि इन्टरनेटको माध्यमले सर्वोच्च अदातलको वेबसाइटबाट सर्वोच्चसहित देशभरका जिल्ला र उच्च तथा विशेष अदालतबाट भएका फैसलाको डिजिटाइन्ट फर्मेट प्राप्त गर्न सकिने व्यवस्था पनि गरिएको छ। यद्यपि, १ साउन ०६९ पछिका फैसलाको मात्र विद्युतीय प्रविष्टि भएको छ। त्यसअघिका फैसला भने सम्बन्धित अदालतबाटै प्रमाणित गराई लिनुपर्ने हुन्छ।

'समयसँगै बिस्तारै प्रविधिलाई न्यायपालिकामा विस्तार गरेका छौं। जस्तो सर्वोच्चको आधिकारिक वेबसाइट बनाएपछि पेसी सूची अनलाइनमै प्रकाशित गर्न थाल्यौं। अहिले सेवाग्राहीले प्रयोग गर्न मिल्ने निवेदनका ढाँचाहरू, मुद्दाको विस्तृत विवरण पनि साइटमै राखिएको छ,' सूचना प्रविधि महाशाखा प्रमुख तथा सहरजिस्ट्रार नेत्रप्रकाश आचार्यले भने। यसैगरी, सर्वोच्च अदालतबाट भएका महत्त्वपूर्ण फैसला तथा नजिरको संग्रह रहने नेपाल कानुन पत्रिकाका ०१५ देखिकै अंक वेबसाइटमा हेर्न सकिन्छ। ६० वर्षभन्दा पुराना फैसला डिजिटल रूपमा संग्रहित छन्, जसलाई जो-कोहीले पनि हेर्न र डाउनलोड गर्न सक्छन्।



■ कहाँ पुग्यो अटोमेसनबाट पेसी तोक्ने प्रक्रिया ?

हरिकृष्ण कार्की नेतृत्वको प्रतिवेदनका साथै त्यसअघि पनि पेसी तोक्ने प्रक्रियामाथि प्रश्न उठाइएको थियो। प्रधानन्यायाधीशले पेसी तोक्दा कतिपय अवस्थामा आर्थिक लेनदेन गरेको, अनुकूल फैसला गराउन आफूनिकट न्यायाधीशलाई तोक्ने गरेकोजस्ता कारण देखाउँदै पेसी तोक्ने कार्य पनि कम्प्युटरकै भरमा हुनुपर्ने माग उठ्यो।

यसलाई सम्बोधन गर्न ०७८ मंसिरबाट गोलाप्रथाबाट सर्वोच्चमा पेसी तोक्ने कार्य सुरु भएको थियो। हाल जिल्ला र उच्च अदालतमा पनि यसैअनुसार पेसी तोक्ने गरिएको छ। तर, कार्की प्रतिवेदनले नै यसलाई तात्कालिक मान्दै अन्तिममा अटोमेसनबाटै पेसी तोकिनुपर्ने उल्लेख गरेकोमा हालसम्म पनि खासै प्रगति हुन सकेको छैन।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ स्वयंले पूर्वाधार नपुगेको बताउँदै आएका छन्। स्वचालित पेसी प्रणाली लागू गर्न आवश्यक रकम सम्बन्धित निकायसँग माग गर्दा पनि नपाएको उनको गुनासो छ। ०७५ मै न्यायाधीश अनिलकुमार सिन्हा नेतृत्वको समितिले स्वचालित पेसी व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन तत्कालीन प्रधानन्यायाधीशलाई बुझाएको थियो। तर, त्यसमा आवश्यक पूर्वाधार र लागतका विषयमा ठुंगो लाग्न सकेको छैन। अहिलेसम्म आफूहरूलाई त्यस्तो कुनै निर्देशन नआएको सर्वोच्चको सूचना प्रविधि शाखाका एक कर्मचारीले बताए। 'कतैबाट निर्णय गरेर यो कार्यका लागि यस्तो-यस्तो विशेषता भएको बनाऊ भनेर निर्देशन आए मात्र हामीले सफ्टवेयर बनाउने हो। त्यस्तो कुनै निर्णय भएको जानकारीमा छैन,' उनले भने।

सर्वोच्चले पुस्तकालयलाई समेत प्रविधिसँग जोडेको छ। सर्वोच्चभित्रै रहेको मिनी पुस्तकालयका पुस्तक सहज रूपमा खोज्न मिल्ने गरी 'कोहा' सफ्टवेयर जडान गरिएको छ। जसमा गत वर्षसम्म ६ हजार तीन सय ८३ वटा पुस्तक समावेश गरिएको आर्थिक वर्ष ०७८/७९ को प्रतिवेदनमा उल्लेख छ।

न्यायालय मिसिल र फाइलका ठुल्ठूला ठेली, झन्झटिलो प्रक्रिया, कागजातका थुप्रा हुन्छन्। तर, केही वर्षयता सर्वोच्चले न्यायालयलाई डिजिटलाइजेसन गर्ने पहल थालेको छ। हालैको पेसी तारेख अटोमेसन पनि त्यसैको एक हिस्सा भएको सर्वोच्चका प्रवक्ता तथा सहरजिस्ट्रार विमल पौडेलले बताए।

न्यायिक काम-कारबाहीमा सूचना प्रविधि प्रयोगलाई सर्वोच्चले प्रोत्साहित गर्ने नीति लिएको प्रवक्ता पौडेलले बताए। 'स्मार्ट ज्युडिसियरी'को अवधारणाअनुसार मोबाइल एपसमेत बनाइसकेको उनले जानकारी दिए।

■ महामारी सकिएसँगै अनलाइन बहस अलपत्र

सर्वोच्चले अनलाइनबाटै बहस गर्ने नीति लिए पनि निकै न्यून प्रयोग भएको छ। कोभिड महामारीका समयमा भएका बन्दी प्रत्यक्षीकरणका रिट तथा अन्य केही मुद्दामा सर्वोच्चका साथै अन्य अदालतले समेत अनलाइन बहसको अभ्यास गरे। त्यस समयमा प्रभावकारी भए पनि हाल भने त्यसको प्रयोग अत्यन्त न्यून छ।

'मोबाइल वा ल्यापटपबाटै बहस गर्न नसकिने भन्ने होइन। हामीले कोभिडका समयमा कानुन व्यवसायीका निवेदनका आधारमा जुम आइडी दिने र बहस गर्ने गरेका थियौं,' सर्वोच्चका सहरजिस्ट्रार नेत्रप्रकाश आचार्यले भने, 'तर, यसको अभ्यास भने त्यति देखिएको छैन। पुनरावेदन लाग्ने उच्च अदालत जिल्लाबाट टाढा भएको अवस्थामा एकाध उच्च अदालतमा यसको प्रयोग भइरहेको छ। तर, यसमा अदालत प्रशासनभन्दा पनि कानुन व्यवसायीको इच्छा र रुचि बढी महत्त्वपूर्ण हुन्छ।' दिपायल र इलामको उच्च अदालतमा तुलनात्मक रूपमा यसको प्रयोग बढी भइरहेको उनले बताए। ठूलो स्क्रिन, माइक, क्यामेराजस्ता सामग्री यसका लागि चाहिने आचार्यको भनाइ छ। हाल लागू रहेको संहिताले अनलाइन बहसलाई मान्यता दिए पनि खासै प्रयोग भने भएको छैन।

सर्वोच्चले न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी १० वर्षे गुरुयोजना बनाएको थियो। जसको उद्देश्य कागजविहीन अदालत स्थापना गरी न्यायिक प्रक्रियालाई प्रविधिसँग जोड्नु थियो। आर्थिक वर्ष ०७८/७९ को वार्षिक प्रतिवेदनअनुसार उक्त गुरुयोजनाको मध्यावधि मूल्यांकन प्रतिवेदन कार्यान्वयनको क्रममा छ।

'पेसी तारेख अटोमेसनको कुरा हालका लागि सर्वोच्चमा मात्र छ। पछि विस्तारै अन्य अदालतमा पनि लागू गर्छौं,' प्रवक्ता पौडेलले भने, 'सर्वोच्चको जस्तो अन्य अदालतमा मुद्दाको प्रकृतिअनुसार वर्गीकरण गरिएको छैन। त्यसैकारण एकैपटक गर्न नसकिएको हो।' कुन दिन, कस्तो प्रकृतिको कतिवटा मुद्दा पेसी चढाउने भन्ने आधारमा उक्त सफ्टवेयरले स्वतः पेसीको तारेख दिन्छ। जिल्ला तथा उच्च अदालतमा यस किसिमले मुद्दाको वर्गीकरण नगरिएका कारण तत्काल लागू गर्न नसकिएको पौडेलको भनाइ छ।

यसअघि तारेखका लागि दुवै पक्ष वा कानुन व्यवसायी उपस्थित हुनुपर्ने भए पनि अटोमेसनमा एउटा मुद्दामा एउटै तारेख दिइने भएकाले जसले जहिले लिएर गए पनि हुने सूचना प्रविधि महाशाखा प्रमुख आचार्यले बताए। 'मुद्दा नं. हालेपछि स्वतः अर्को तारेख प्रिन्ट भएर आउँछ। जुन पक्ष आए पनि एउटै मुद्दा भएकाले एउटै तारेख आउने हो,' उनले भने। यसरी तोकिएको तारेखमा पक्ष केही कारणवश आउन नसक्ने भएमा निवेदन दिई थप दुईपटकसम्म पेसी सार्न सकिने व्यवस्था सफ्टवेयरमा छ।

३० जिल्लाका प्रहरी प्रमुख फेरिए

काठमाडौं/ गृह मन्त्रालयले ४८ जना प्रहरी उपरीक्षक (एसपी) तथा एक सय २० जना प्रहरी नायब उपरीक्षक (डिएसपी) को सरुवा गरेको छ। सरुवामा ३० जिल्लाका प्रहरी प्रमुख फेरिएका छन्। एसपी प्रमुख हुने १२ जिल्ला तथा डिएसपी प्रमुख हुने १८ जिल्लामा प्रहरी नेतृत्व फेरिएका हुन्।

एसपी सरुवाअन्तर्गत कास्कीमा मोहन थापा, उदयपुरमा रमेश थापा, सुनसरीमा विपीन रेग्मी, नुवाकोटमा सञ्जयसिंह थापा, दाङमा रामबहादुर केसी, बारामा सुरेश काफ्ले, रौतहटमा महेन्द्रकुमार श्रेष्ठलाई पठाइएको छ। सप्तरीमा गजुसिद्धि बज्राचार्य, पूर्वीनवलपरासीमा नरहरि रेग्मी, कपिलवस्तुमा नवरत्न पौडेल, भक्तपुरमा वेद विष्ट, इलाममा वासुदेव खतिवडाको सरुवा भएको छ। पश्चिम नवलपरासीमा काजमा गएका एसपी काजीकुमार आचार्य तथा मकवानपुरका सीताराम रिजालको त्यहीं सरुवा भएको छ।

डिएसपी प्रमुख हुने पहाडी तथा हिमाली जिल्लाका प्रमुख पनि फेरिएका छन्। अर्घाखाँचीमा डिएसपी प्रतितसिंह राठौर, संखुवासभामा घनश्याम श्रेष्ठ, भोजपुरमा सुदीपराज पाठक, खोटाङमा पुरुषोत्तम खड्का को सरुवा भएको छ। कालिकोटमा अर्जुन केसी, प्युठानमा ईश्वर थापा, बाजुरामा कवीन्द्रसिंह बोहरा, पर्वतमा खुमलाल भुसाल, डडेल्धुरामा दीपककुमार कार्की, बैतडीमा दीपक गिरी, सल्यानमा नवीन कार्कीलाई पठाइएको छ।

मनाङमा फणीन्द्र रानाभाट, मुगुमा वीरेन्द्र थापा, बझाङमा भरतबहादुर शाह, मुस्ताङमा भोजराज पाण्डेय, लमजुङमा मीनबहादुर घलेको सरुवा गरिएको छ। दार्चुलामा शिवबहादुर सिंह, पाँचथरमा हेमन्त भण्डारी क्षेत्रीको सरुवा भएको छ। त्यस्तै, विभिन्न इप्रका तथा प्रहरी वृत्तका प्रमुख पनि फेरिएका छन्।

स्रोत नखुलेको ४४ लाखसहित दुईजना पक्राउ

सिराहा/ सिराहा नगरपालिका- १७ माडर कालीचोकमा स्रोत नखुलेको ४४ लाख रुपैयाँसहित दुईजना पक्राउ परेका छन्। भारतको जयनगरबाट सिराहा बजारतर्फ आउँदै गरेको भारतीय नम्बर प्लेटको बिआर ७ सी ४२२४ नम्बरको कार चेकजाँच गर्दा स्रोत नखुलेको रकमसहित दुईजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक (एसपी) टेकुनन्द इवा लिम्बूले बताए।

उनका अनुसार कारचालक सिराहा नगरपालिका- १७ माडर बजारका ५२ वर्षीय प्रेमकुमार यादव र कारमा सवार सिराहा नगरपालिका- ७ हेमनारायण चोकका ४२ वर्षीय सञ्जयकुमार साहलाई नियन्त्रणमा लिएर अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय इटहरी पठाइएको छ। कारअगाडिको सिटमुनिको भागमा घर्रा जडान गरिएको र सो घर्राभित्र कालो प्लास्टिकमा स्रोत नखुलेको ४४ लाख नेपाली रुपैयाँ लुकाएको अवस्थामा बरामद भएको उनले बताए।

डेंगु संक्रमण २१ हजार नाघ्यो

काठमाडौं/ नेपालमा डेंगु संक्रमितको संख्या २१ हजार नाघेको छ। इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सार्वजनिक गरेको तथ्यांकअनुसार हालसम्म डेंगु संक्रमण २१ हजार दुई सय ६ जनामा पुष्टि भएको छ। महाशाखाले भदौ र असोजमा डेंगु संक्रमण उच्च हुने प्रक्षेपण गरेको थियो। संक्रमणबाट १३ जनाको निधन भएको छ। महाशाखाका निर्देशक डा.रुद्रप्रसाद मरासनीले पानी परिरहेकाले डेंगु संक्रमण दैनिकरूपमा बढेको बताए। नेपालमा पहिलोपटक सन् २००४ मा एकजनामा डेंगु देखिएको थियो। सन् २०२२ मा ५४ हजार सात सय ८४ जनामा संक्रमण र ८८ जनाको मृत्यु भएको थियो।

संक्रमण देखिएकामध्ये सबभन्दा बढी सुनसरी जिल्लामा देखिएको छ। महाशाखाका अनुसार सुनसरीमा ११ हजार ६ सय ५९ जनामा डेंगु सङ्क्रमण देखिएको छ। सुनसरीपछि मोरङमा दुई हजार दुई सय ४२, धादिङमा दुई हजार एक सय एक, झापामा एक हजार तीन सय २३, काठमाडौंमा चार सय २७, धनकुटामा तीन सय ३६, संखुवासभामा दुई सय ७२, कास्कीमा दुई सय ६०, दार्चुलामा एक सय ९४ र ललितपुरमा एक सय ७४ जना डेंगुका बिरामी भेटिएका छन्।

'एमसिसी र बिआरआईबाट नेपालले लाभ लिन सक्नुपर्छ'

काठमाडौं/ सभामुख देवराज घिमिरेले एमसिसी र बिआरआईबाट नेपालले देशको हित हुने गरी लाभ लिन सक्नुपर्ने बताएका छन्। शनिबार काठमाडौंमा आयोजित 'फाउन्डेसन अफ ट्रान्स हिमालयन रिसर्च एन्ड स्टडिज' कार्यक्रममा उनले अमेरिकाको आर्थिक सहयोग परियोजना (एमसिसी) र चीनको 'बेल्ट एन्ड रोड इनिसिएटिभ'(बिआरआई)बाट देशको हित हुने गरी लाभ लिन सक्नुपर्ने बताए।

घिमिरेले सरकारले राष्ट्रियतालाई पहिलो प्राथमकिता दिँदै यी मुलुकबाट हुने फाइदा कसरी धेरै लिने भन्नेबारेमा गम्भीरतापूर्वक सोच्नुपर्ने बताए। उनले एमसिसीका बारेमा धेरै चर्चा चलिरहेको र बिआरआईको बारेमा पनि जनतालाई बुझाएर राष्ट्र र जनताको हितमा प्रयोग गर्न आग्रह गरे। उनले भौगोलिक विकटताका बाबजुद पनि उत्तरी नाकाबाट रेल सञ्चालन गर्न सकिने, चीनको मार्ग भएर देशका उत्पादन निर्यात गर्न सकिने बताए। घिमिरेले नेपालले बाह्य ऋणबाट मुक्त गर्नुपर्ने विचार व्यक्त गरे। राजनीति बाटोबाट देशलाई सम्पन्न बनाउन सकिने भन्दै यसका लागि सबै राजनीतिक दलहरू मिल्नुपर्ने उनको भनाइ थियो।

भ्रातृ संस्था, विभाग र समिति नेतृत्वमा देउवा समूहको वर्चस्व

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

महाधिवेशनको २० महिनापछि शुक्रबार कांग्रेस सभापति शेरबहादुर देउवाले १५ विभागको संयोजक मनोनीत गरे। यससँगै कांग्रेसका १६ विभागले नेतृत्व पाए। १६ विभागले नेतृत्व पाँउदा ३ मात्र शेखर-गगन समूह छन्।

नेतृत्व पाएका १६ मा १३ जना संस्थापन पक्षका छन्। पुष्पा भुसाललाई महिला विभाग, चिनकाजी श्रेष्ठलाई उद्योग तथा व्यापार विभाग, योगेन्द्र चौधरीलाई थारू विभाग, गेहेन्द्र गिरीलाई ज्येष्ठ नागरिक समन्वय विभाग, आङ्गेलु शेर्पालाई पर्यटन विभाग, डा. रणबहादुर रावललाई गैरसरकारी संस्था समन्वय विभाग, दिलमान पाख्रिनलाई आदिवासी जनजाति विभाग, रंगमति शाहीलाई पिछडिएको क्षेत्र विभाग, गुरु बरालले आपूर्ति तथा उपभोक्ता विभाग, नानु बास्तोलाले जिल्ला सम्पर्क समिति समन्वय विभाग र मदनकृष्ण श्रेष्ठले अपांगता भएका व्यक्ति र समुदाय समन्वय विभाग संयोजकको जिम्मेवारी पाएका छन्।

१५ विभाग गठन हुँदा तीन इतर समूहले नेतृत्व पाएको छ। इतरबाट नेतृत्व पाउनेमा कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेश समन्वय विभाग, प्रकाश रसाइली स्नेहीले वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभाग र किरण यादवले तराई मधेश समन्वय विभागको नेतृत्व पाएका छन्। साथै, पूर्वमहामन्त्रीनिकट सीता थपलिया (उर्मिला)लाई उद्यमशीलता र साना तथा मझौला व्यवसायी विकास विभागको जिम्मेवारी दिइएको छ। यसअघि गठन भएको प्रचार विभाग प्रमुख मीन विश्वकर्मा संस्थापननिकट हुन्।

कांग्रेसले ४८ विभाग रहेकोमा बढाएर ७० विभाग बनाउन लागेको छ। यस हिसाबले अझै ५० भन्दा धेरै विभाग गठन गर्न बाँकी छ। महामन्त्री विश्वप्रकाश शर्माका अनुसार बाँकी विभाग र नयाँ विभागको टुंगो लगाउने र संयोजक क्रमशः तोकिनेछन्। २ देखि १० साउनसम्मको केन्द्रीय समिति बैठकले १५ भदौभित्र विभाग गठन गर्ने निर्णय गरेको थियो। प्रचार विभाग प्रमुख मीन विश्वकर्मालेे पुराना विभागसँगको कार्यक्षेत्र मिलानलगायतका गृहकार्य भइरहेको र बाँकी विभाग छिट्टै बन्ने बताए।

इतर समूहले संस्थापनले विधि-पद्धति मिचेर एकलौटी रूपमा विभाग र भ्रातृ संस्था र समितिमा नेतृत्व मनोनयन गर्ने गरेको बताए। पूर्वसहमहामन्त्री तथा इतर समूहका नेता अर्जुननरसिंह केसी पार्टी नेतृत्वले विधि र पद्धतिअनुसार पार्टीलाई अगाडि नबढाउँदा समस्या आउने गरेको बताए। 'नेतृत्वले विधि र पद्धतिमा पार्टीलाई हिँडाउने गरेको छैन। समयमा नेतृत्व चयन गर्ने प्रणाली विकास गर्न सकेको छैन। गुटगत व्यवहार गर्दा योग्य र अनुभवीलाई जिम्मेवारी दिने अवस्था छैन। पार्टीमा पद्धति, प्रणाली बस्न सकेन, प्रवृति गलत बस्यो,' उनले नयाँ पत्रिकासँग भने।

■ शुभेच्छुक संस्थाको महाधिवेशनमा देउवा समूह कमजोर

पार्टीमा बलियो देखिएको देउवा समूह शुभेच्छुक संस्थाको महाधिवेशनमा भने कमजोर देखिएको छ। महाधिवेशनबाट निर्वाचित हुने मुख्य संस्थाहरूमा इतरको वर्चस्व देखिन्छ। नेपाल शिक्षक संघमा अध्यक्षमा सोमनाथ गिरी, नेपाल डेमोक्रेटिक लयर्स एसोसियसन (डिएलए) अध्यक्षमा सीताराम केसी, सेन्टर फर डेमोक्रेटिक इन्जिनियर्स नेपाल(सिडेन) अध्यक्षमा लक्ष्मण केसी, प्रेस युनियनको अध्यक्षमा शिव लम्साल निर्वाचित बने। उनीहरू इतर निकट हुन्। ट्रेड युनियन कांग्रेसमा भने संस्थापनका योगेन्द्र कुँवरले बाजी मारेका छन्। कांग्रेसमा हाल २६ शुभेच्छुक संस्था अस्तित्वमा छन्। नयाँ मान्यता पाएका ११ शुभेच्छुक संस्थाको महाधिवेशन पनि हुन सकेको छैन। यसबाहेक निजामती कर्मचारी युनियन, प्रजातन्त्रवादी चिकित्सक संघ, त्रिभुवन विश्वविद्यालय प्रजातन्त्रवादी कर्मचारी संघमा इतरको नेतृत्व छ। सांस्कृतिक महासंघ र प्रजातन्त्रवादी प्राध्यापक संघमा देउवानिकटको नेतृत्व छ।



समूहले भ्रातृ संस्थाका तदर्थ समिति गठन गर्दा महिला तरुण या नेविसंघमध्ये १ मा र किसान संघ या आदिवासी महासंघमध्ये १ मा आफ्नो समूहको नेतृत्व दाबी गर्दै आएको थियो।

भ्रातृ संस्थाको समिति र नेतृत्वलाई लिएर कांग्रेसमा विवाद छ। नेविसंघमा ७१० सदस्यीय जम्बो कार्यसमिति घोषणासँगै पछि असन्तुष्ट समूहले समानान्तर समिति गठनको तयारी र अनशन बसेको थियो। असन्तुष्टलाई समेटेर लैजाने सहमतिपछि विवाद साम्य भएको छ तर, नामको टुंगो भने अझै लागेको छैन। महिला संघको विवाद उत्कर्षमा छ। असन्तुष्ट शेखर-गगननिकट समूहले नौ जिल्लामा समानान्तर कमिटी घोषणा गरेर समानान्तर गतिविधि गरिरहेको छ।

विभाग मात्र होइन, भएका समिति र भ्रातृ संस्थाको नेतृत्व नियुक्तिमा पनि संस्थापन हाबी छ। हालसम्म नेतृत्व पाएका चार समितिमा तीन संस्थापन पक्षकै छन्। अनुशासन समिति संयोजक आनन्द ढुंगाना, लेखा समिति संयोजक श्यामककुमार घिमिरे र निर्वाचन समिति संयोजक पूर्वमहान्यायधिवक्ता खम्बबहादुर खाती देउवानिकट हुन्। सदस्यता वितरण केन्द्रीय समितिको संयोजकमा भने महामन्त्री गगन थापा छन्। समिति आवश्यकताअनुसार बनाउन सकिने व्यवस्था छ।

१३ भ्रातृ संस्था मध्ये आठको तदर्थ समिति बनेकामा सबै संस्थापननिकट नेतृत्वमा छन्। तदर्थ समिति बनेका नेविसंघ अध्यक्ष दुजाङ शेर्पा, तरुण दल अध्यक्ष विद्वान गुरुङ, महिला संघ अध्यक्ष उषा राउत मिश्र, किसान महासंघ अध्यक्ष गणेशचन्द्र तिमल्सिना, ठाकुर समाजमा अनिरुद्रप्रसाद ठाकुर, लोकतान्त्रिक आदिवासी जनजाति महासंघ अध्यक्ष ओमबहादुर घर्ती मगर, थारू संघ अध्यक्ष शिवनारायण महतो र लोकतान्त्रिक खेलकुद संघमा देवेन्द्रकुमार शेरचन नेतृत्वमा छन्। मनोनयनमा इतरले दाबी गरे पनि सभापति देउवाले बेवास्ता गर्दै आएका छन्।

केन्द्रीय समिति विस्तारपछि नेविसंघमा ७१०,महिला संघ ५०, किसान संघ ५० र तरुण दलमा चार सय केन्द्रीय सदस्य मनोनयन भएका छन्। तर, यसमा पनि संस्थापनकै वर्चस्व छ। यसबाहेक दलित संघ, थारू संघ, मुस्लिम संघ, प्रजातन्त्र सेनानी संघ र अपांग संघको भने तदर्थ समिति बन्न सकेको छैन। कांग्रेसइतरको नेतृत्व गरिरहेको शेखर गगन-

■ १६५ निर्वाचन क्षेत्र पुग्ने गरी दोस्रो चरणको कांग्रेस रूपान्तरण अभियान

कांग्रेस रूपान्तरण अभियानले २४ भदौबाट दोस्रो चरणको रूपान्तरण अभियान घोषणा गरेको छ। नेता जगदिश्वरनरसिंह केसीका अनुसार शनिबार नेताहरूको छलफलबाट अभियानलाई निरन्तरता दिने निर्णय गरिएको हो। 'बैठकबाट अभियानलाई निरन्तरता दिने निर्णय गरेका छौं। दोस्रो चरणमा १६५ निर्वाचन क्षेत्र पुग्ने गरी कार्यक्रम तय भएको छ। २४ भदौमा बिपी जयन्तीबाट दुई महिना अभियान सञ्चालन हुनेछ,' उनले भने।

दोस्रो चरणको अभियान २४ भदौदेखि २४ कात्तिकसम्म गरी दुई महिना सञ्चालन हुनेछ। अभियानअन्तर्गत १६५ निर्वाचन क्षेत्रमा विभिन्न कार्यक्रम गरिनेछ। कार्यक्रम बिपी जयन्तीको अवसर पारेर काभ्रेपलाञ्चोक क्षेत्र नम्बर २ बाट सुरु हुने उनले जानकारी दिए। अभियानको सुझाव कांग्रेस नेतृत्वलाई बुझाइएको थियो। तेस्रो पुस्ताका नेताहरूले चलाएको अभियानमा नेतृत्वमा सुधार या परिवर्तनको आवश्यकता रहेको सुझाव आएको प्रतिवेदनमा उल्लेख थियो। पहिलो चरणको अभियानअन्तर्गत पहिलो चरणमा सातै प्रदेशका र डायस्पोराको भेला गरिएको थियो।

धार्मिक विद्यालयको पढाइले सरकारी मान्यता नपाउँदा विद्यार्थी मर्कामा

दोहोरो पढाइको धपेडीले विद्यार्थीमा शारीरिक तथा मानसिक पीडा

गोरखामा **केशव गुरुङ**

गोरखा नगरपालिका-८ की सुक्रिया खातुन गोरखा मोडर्न बोर्डिङ स्कुलमा कक्षा ८ मा पढ्छिन्। दिनभर विद्यालयकै अध्ययनमा व्यस्त रहने उनलाई बिहान पनि फुर्सद छैन। बिहान ६ बजे उठेर उनी मदरसा पढ्न जान्छिन्। दोहोरो पढाइको धपडीले उनी शारीरिक तथा मानसिक पीडामा छिन्।

धार्मिक विद्यालयको पढाइले सरकारीसरह मान्यता नपाउँदा उनीजस्तै अन्य बालबालिकाहरू यस्तै समस्या झेल्न बाध्य छन्। धार्मिक विद्यालयमा वर्षौं धार्मिक पाठ्यक्रम पढे पनि साधारण विद्यालयमा समान तहको मान्यता नपाएका कारण मदरसा र गुम्बा पढ्ने विद्यार्थीहरू मर्कामा परेका छन्।

जिल्लाको पाँच स्थानीय तहमा २१ वटा मदरसा छन्। मदरसामा मुस्लिम समुदायको धार्मिक विषय पठनपाठन हुँदै आएको छ। गोरखा नगरपालिकामा १३, गण्डकी र भीमसेन थापामा एक-एक, आरुघाट, सिरानचोक र पालुङटारमा दुई-दुईवटा मदरसा रहेको नेपाल मुस्लिम संघ गोरखाका अध्यक्ष जमिल मियाँले बताए। उनका अनुसार उक्त मदरसामा करिब एक हजार विद्यार्थीले धार्मिक विषय पठनपाठन गर्दै आएका छन्। उनीहरूमध्ये करिब ९० प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा पनि अध्ययन गर्छन्। धार्मिक विषयको पढाइले सरकारी विद्यालयको समान तहको मान्यता नपाएका कारण दुवै ठाउँको पढाइलाई एकसाथ लानुपर्ने बाध्यता विद्यार्थीमा रहेको मियाँले बताए। सरकारी पाठ्यक्रममा मुस्लिम समुदायको धार्मिक विषयलाई पनि समावेश गर्नुपर्ने उनको माग छ। 'धार्मिक विद्यालयलाई पनि समान तहमा मान्यता दिने भनेर उल्लेख गरेको छ, तर व्यवहारमा त्यस्तो छैन,' मियाँले भने।



धार्मिक विषयले सरकारी मान्यता नपाउँदा वर्षौंवर्ष मदरसामा पढेर पनि सामुदायिक विद्यालयमा सुरुको कक्षादेखि नै पढ्नुपर्ने बाध्यता विद्यार्थीलाई भएको मदरसाका शिक्षक मौलाना रियाजुदिनले बताए। सरकारले चासो नदिएको र विद्यालय सञ्चालनका लागि पर्याप्त रूपमा अनुदान नदिएका कारण प्रभावकारी रूपमा सरकारी पाठ्यक्रमअनुरूप मदरसा शिक्षा सञ्चालन गर्न नसकिएको उनले बताए।

गोरखा नगरपालिका- २ का वडाध्यक्ष रहमतुल्ला मियाँले नेपाल सरकारको पाठ्यक्रमअनुसारका विषय पठनपाठन नभएकाले मदरसाको पढाइले सरकारी मान्यता नपाएको बताए। सामुदायिक विद्यालयमा धार्मिक विषयलाई ऐच्छिक रूपमा राखेर पठनपाठन गराउन सके सहज हुने बताउँदै उनले त्यसतर्फ कसैको ध्यान नपुगेको गुनासो गरे। आफू शिक्षक हुँदा पनि पटक-पटक प्रयास गरेको, तर सफल नभएको उनले बताए।

धार्मिक विषय पढाइ हुने गोरक्षनाथ वैदिक गुरुकुलले भने संस्कृतसँगै नेपाल सरकारले निर्दिष्ट गरेको पाठ्यक्रमअनुसारको अंग्रेजी, गणित, सामाजिकलगायतका विषय पठनपाठन गराउँदै आएको छ। जसकारण सामुदायिक विद्यालयमा अध्ययन गर्न जानुपर्ने बाध्यता विद्यार्थीमा नभएको विद्यालयका प्रधानाध्यापक ईश्वरप्रसाद उपाध्यायले बताए।

गुरुकुलको पढाइले साधारण विद्यालयसरह मान्यता पाए पनि यस वर्ष गुरुकुलमा रहेका वटुकहरूको संख्या कटौती गर्नुपरेको उपाध्यायले गुनासो गरे। 'हाम्रो गुरुकुलमा ३१ जना बटुकहरू थिए। विगत वर्षहरूमा नगरपालिका र वडाले गरेर सात लाख रुपैयाँ अनुदान दिन्थ्यो। त्यसबाट ३२ जनालाई पढाउन सकिएको थियो, तर यस वर्ष नगरपालिकाले अनुदान रकम घटाएको छ,' उनले भने, 'अनुदान कटौती भएपछि १४ जनालाई पोखरा पठाउन बाध्य भयौं। अहिले यहाँ जम्मा १९ जनामात्र छन्।'

नेपाल सरकारको पाठ्यक्रमअनुसार विषयवस्तु पठनपाठनमा विद्यालयले चासो नदिँदा मदरसाको पढाइलाई सरकारीसरह मान्यता दिन नसकिएको गोरखा नगरपालिकाका शिक्षा शाखा प्रमुख चन्द्रबहादुर खड्काले बताए।

■ देशभरका ६७४३ वडामा माओवादीको तीनमहिने अभियान

२५ लाख मतदाता प्रत्यक्ष भेट्ने, आठ लाख सदस्य थप्ने र आगामी चुनावमा मत पाउने गरी जनताको मन जित्ने

‘जनतासँग माओवादी विशेष रूपान्तरण अभियान’मार्फत कम्तीमा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गरी सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायको क्षेत्रमा गरेका कामबारे जानकारी गराइने, नवीकरण र विस्तारका माध्यमबाट पार्टी सदस्यता संख्या आठ लाख पुऱ्याउने

अभियान अवधिभर केन्द्रीय पदाधिकारीलाई अन्तरप्रदेश, स्थायी समिति सदस्य र केन्द्रीय सदस्यलाई अन्तरजिल्ला तथा प्रदेश सदस्यलाई अन्तरपालिका खटाउने गरी कार्यक्षेत्र विभाजन, अध्यक्षसहित २२ केन्द्रीय पदाधिकारीलाई तीनमहिने अभियानको नेतृत्व गर्ने गरी जिम्मेवारी

नयाँ पत्रिका

माओवादीले पार्टीलाई जनतासँग जोड्दै समाजवादको आधार तयार गर्ने संकल्पका साथ तीनमहिने अभियान देशभरका ६ हजार सात ४३ वडामा एकसाथ सुरु गरेको छ। ‘जनतासँग माओवादी विशेष रूपान्तरण अभियान’ शनिबार देशभर सुरु भएको माओवादीले जनाएको छ। अभियानमा अध्यक्ष प्रचण्डसहित पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश सदस्यसहित विभिन्न तहमा क्रियाशील नेता तथा कार्यकर्ता खटिएका छन्।

अभियानले पार्टीभित्र नयाँ ऊर्जा सिर्जना गर्ने र जनतासँगको सम्बन्धलाई अझ बलियोसँग स्थापित गर्ने विश्वास प्रचण्डको छ। ‘आजको दिन पार्टीको जीवनका लागि, देशको उज्ज्वल भविष्यका लागि जनताको सपना पूरा गर्नका लागि ऐतिहासिक दिन बनाउनु छ। जनसम्बन्ध कमजोर हुँदै जाने परिस्थितिसँगै सिर्जना भएको संकटलाई चिर्नसमेत यो अभियानले नयाँ प्राणको काम गर्ने आशा लिएका छौं,’ अभियान सुरु गर्दै उनले भने।

प्राप्त उपलब्धिमाथि प्रहार भइरहेको र प्रतिक्रियावादी तथा पुनरुत्थानवादी पुनः शिर उठाउने जमर्को गरिरहेको चुनौतीपूर्ण समयमा अभियान सुरु गरिएको प्रचण्डले बताए। ‘हामी चुनौतीपूर्ण अवसरको बीचमा खडा छौं। इतिहासले हामीमाथि ठूलो जिम्मेवारी सुम्पेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै समाजवादको आधार तयार पार्ने जिम्मेवारी इतिहासले हामीलाई सुम्पेको छ,’ प्रचण्डले भने, ‘परिवर्तनको रक्षा गर्दै संविधानमा उल्लेखित समाजवाद निर्माणको आधार खडा गर्ने, सुशासन, सामाजिक न्याय र समृद्धिको राष्ट्रिय अभिभारा पूरा गर्ने जिम्मेवारी पनि हाम्रो काँधमै छ। इतिहासको यही अत्यन्त गम्भीर, संक्रमणकालीन र संवेदनशील जिम्मेवारी पूरा गर्ने मोडमा खडा छौं।’

अभियानले आसन्न निर्वाचनमा जनताको ‘मन जितेर मत प्राप्त गर्ने’ रणनीतिक उद्देश्य छ। जनतासँग प्रत्यक्ष भेटघाट गरी सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायको



क्षेत्रमा गरेका काम-कारबाहीको जानकारी गराउने लक्ष्य माओवादीको छ। अभियानमार्फत माओवादीले पार्टी र सरकारको सन्देश प्रत्येक घरघरमा पुऱ्याउने उद्देश्य छ।

‘अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारले गरेका भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा गरिएको सुधारलगायत जनपक्षीय कामको प्रचार-प्रसार गर्ने, पार्टीभित्रको समस्या तथा अन्तर्विरोधको पहिचान गर्ने र गुनासाको प्रभावकारी समाधान खोजिनेछ,’ प्रवक्ता अग्नि सापकोटाले भने। विरोधीले फैलाएको भ्रम चिर्न पनि अभियान सफल हुने उनले दाबी गरे।

उनका अनुसार अभियान तीन चरणमा सञ्चालन हुनेछ। पहिलो चरणमा बैठक, भेला, प्रशिक्षण, सदस्यता नवीकरण, अभिलेख व्यवस्थापन, उत्पादन र प्रचारसँग सम्बन्धित संयन्त्र र योजना निर्माण हुनेछ। विभिन्न तहका पार्टीका कार्यालय व्यवस्थापन, पार्टीभित्रका अन्तर्विरोधको पहिचान र समाधानको पहल, कार्यकर्ता व्यवस्थापनका लागि कोष स्थापना गरिनेछ। दोस्रो चरणमा पाँचघन्टे अन्तरपार्टी स्कुल, विषयगत अन्तर्क्रिया, विषयगत तालिम, गोष्ठी, जनप्रशिक्षण, जनभेला, टोल-टोलमा युवा भेला, स्थानीयस्तरका सरकारी तथा सामाजिक संघ-संस्थासँग अन्तर्क्रिया गरिने सापकोटाले बताए। त्यसैगरी, तेस्रो चरणमा जनप्रदर्शन, जनसंघर्ष, जनसेवासहित जनपरिचालनका कार्यक्रम सञ्चालन गरिने उनले बताए। सुशासन, समृद्धि र सामाजिक न्यायको अभियानमा जनसमर्थन र ऐक्यबद्धता एवं टोलसभासमेत गर्ने माओवादीले जनाएको छ।

अभियानमार्फत पार्टी सदस्य आठ लाख पुऱ्याउने लक्ष्य माओवादीको छ। माओवादीले केन्द्रीय पदाधिकारीलाई अन्तरप्रदेश, स्थायी समिति सदस्य र केन्द्रीय सदस्यलाई अन्तरजिल्ला र प्रदेश सदस्यलाई अन्तरपालिका खटाएको छ। माओवादीले अध्यक्ष प्रचण्डसहित केन्द्रीय पदाधिकारीलाई तीनमहिने अभियानको नेतृत्व गर्ने गरी जिम्मेवारी तोकेको छ।

अभियानको सुरुवातमा प्रधानमन्त्री प्रचण्ड र उपमहासचिव जनार्दन शर्मा काठमाडौंको चन्द्रागिरी- २ स्थित घट्टेडाँडाको कार्यक्रममा सहभागी भए। चन्द्रागिरी-२ मा जनतासँग माओवादी विशेष रूपान्तरण अभियानमा सहभागी हुँदै प्रचण्डले माओवादीप्रति इतिहास र जनताका साथै अरू पार्टीको पनि भरोसा भएको बताएका छन्। ‘३२ सिटले प्रधानमन्त्री हुने तागत त राख्दैन, ९० सिट, ८० सिट भएका पार्टीहरूका अगाडि। यो सजिलो त होइन। हाम्रो इतिहासको तागत, हाम्रा सहिदले बगाएको रगतको तागत, हाम्रा बेपत्ता हजारौं योद्धाको त्याग र तपस्याको तागत र हाम्रो राजनीतिक एजेन्डाको तागतले हामी प्रधानमन्त्री बन्ने र देशको नेतृत्व गर्ने अवसर हामीलाई प्राप्त भयो,’ प्रचण्डले भने, ‘सदनमा ३२ सिट भए पनि हामीले प्रधानमन्त्री बन्ने र देशको नेतृत्व गर्ने अवसर मात्रै प्राप्त गरेनौं, बरु सदनमा भएका अन्य पार्टी सबैको पनि समर्थन प्राप्त भयो। विश्वासको मत लिँदा झन्डै शतप्रतिशत समर्थन नेपालको इतिहासमा हाम्रो पार्टीलाई र प्रधानमन्त्रीको हैसियतमा मलाई प्राप्त भयो। यो अद्भूत परिघटना हो। हाम्रो पार्टीप्रति इतिहासको, जनताको र अरू पार्टीको पनि भरोसा छ। हाम्रो पार्टी र नेतृत्वलाई राष्ट्रले राम्रैसँग स्विकारेको छ भन्ने कुराको यो प्रमाण हो।’ प्रधानमन्त्रीको तहबाट नयाँ अभियानको सुरुवात गरेको प्रचण्डले बताए। ‘भ्रष्टाचारविरुद्ध, सुशासनको अभियान मैले आफैं थालनी गरैं, यो एउटा महाअभियान हो। नयाँ क्रान्ति हो। नयाँ खालको जनयुद्ध नै हो,’ उनले भने, ‘हिजो जनयुद्धमा हामीलाई घेरा हाल्ने र सखाप पार्ने हिजोका सामन्त राजा-महाराजाको सपना थियो। अहिले पनि दलालहरू, नोकरशाहहरू, प्रतिक्रियावादीहरू अनेक किसिमले हाम्रो गठबन्धन टुटाउन, सरकारले सुरु गरेको सुशासन अर्थात् भ्रष्टाचारविरोधी अभियानलाई भ्रमित पार्न अनेक कुचेष्टा भएका छन्। तर, सुशासनको पक्षमा, सामाजिक न्यायको पक्षमा, आर्थिक विकास र समृद्धिको पक्षमा केही नयाँपनको सुरुवात गरेको तपाईंहरूलाई थाहा छ।’

धनीलाई चाहिँदोभन्दा धनी बन्न नदिने, गरिबलाई धेरै गरिब हुन नदिने र समाजवादको आधार खडा गर्ने प्रचण्डले बताए। ‘सामाजिक न्याय, सुशासन र समृद्धिको अभियानले माओवादी ०६४ तिर फर्कने भयो, ०८४ मा पुग्दा माओवादी फेरि देशकै शक्तिशाली पार्टी हुने भयो भन्ने अतंक छ, प्रतिक्रियावादी र प्रतिगमनकारीलाई। त्यसकारण उनीहरू अनेक षड्यन्त्र गर्दै छन्। राज्यलाई शुद्धीकरण गर्ने, थुप्रिएको विकृति र विसंगतिको फोहोरको डंगुरलाई पन्छाउने एउटा अभियानको सुरुवात हो। यो रोकिनेछैन,’ उनले भने।

वरिष्ठ उपाध्यक्ष तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ ललितपुर महानगरपालिका- २८ हरिसिद्धिमा खटिएका छन्। उपाध्यक्षत्रय कृष्णबहादुर महरा रोल्पाको सुनछहरी गाउँपालिका, अग्नि सापकोटा सिन्धुपाल्चोकको लिसंखुपाखर गाउँपालिका, पम्फा भुसाल ललितपुर महानगरपालिका, महासचिव देव गुरुङ लमजुङको सुन्दरबजार नगरपालिकाको कार्यक्रममा सहभागी भएका छन्।

Kalinchok Rural Municipality
Office of the Rural Municipal Executive
Sunkhani, Dolakha

Invitation for Bidding for the Supply and Delivery of Stationary and Official Goods

Date of publication : 2080/05/17 (03 September 2023)

1. Kalinchok Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the Supply and Delivery of Stationary and Official Goods as stated in SN 1 under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain the the Bidding Documents at the office of ***Kalinchok Rural Municipality, Office of the Rural Municipal Executive, Sunkhani, Dolakha*** or may visit PPMO website www.bolpatra.gov.np/egp.

SN	Name of project	Contract no.	Estimated amount, (Including VAT), NRs.	Bid Security Amount, NRs.	Bid purchase amount, NRs.
1	Supply and Delivery of Stationary and Official Goods	KRM/NCB/GOODS/ DOLAKHA/01/2080-81	3299737.78	84000.00	3000.00

For further information: (website : kalinchowkmun.gov.np)

Chief Administrative Officer

एमाले लुम्बिनी प्रदेश अधिवेशन

सरकारले तमासा देखाएको ओलीको आरोप

बुटवलमा **विष्णु घिमिरे**

एमाले अध्यक्ष केपी ओलीले भ्रष्टाचार नियन्त्रणमा सरकारले सन्तोषजनक काम नगरेको आरोप लगाएका छन्। बुटवलमा शनिबारदेखि सुरु भएको एमाले लुम्बिनी प्रदेश अधिवेशनको उद्घाटन समारोहमा उनले सरकारमा भएका व्यक्तिहरू, उनीहरूका आसेपासे जोडिएका घटना सबै गुपचुप बनाउने गरिएको दाबी गरे।

ओलीले भन्सारमा चोरी तस्करी बढ्दा राजस्व संकलनसमेत प्रभावित भएको भन्दै सरकारले देशलाई बर्बादीतिर लगेको आरोपसमेत लगाए। ‘सरकारमा रहेकाहरूले भ्रष्टाचारविरुद्ध अभियान भन्न सुहाउँदैन। सरकारले सुन तस्करीमा संलग्न रहेकाहरूमाथि अनुसन्धान गरेको छैन। लाजलाग्दो र घिनलाग्दो तमासा गरिरहेको छ,’ उनले भने, ‘भ्रष्टाचारीहरूलाई बयानसम्म गराइँदैन, दुनियाँले देखेको छ।’

उनले चर्चामा रहेका विभिन्न प्रकरणबारे अनुसन्धान गरे सरकारमा रहेकाहरू नै जेल जाने स्थिति रहेको जिकिरसमेत गरे। एमाले सरकारबाट हटेपछि विकासका सबै काम रोकिएको उनले दाबी गरे। प्रधानमन्त्री प्रचण्डको सडकमा उत्रिन्छौं भन्ने अभिव्यक्तिप्रति संकेत गर्दै ओलीले



प्रधानमन्त्रीलाई नै सरकार टिक्दैन भन्ने लागिसकेको बताए। ‘सरकारमा बस्ने, तर काम नगर्ने, अर्थतन्त्र ध्वस्त पार्ने अनि एमालेविरुद्ध सडकमा उत्रिने। यिनीहरूले सरकार चलाउन सक्दैनन्, यिनीहरूसँग सोच तथा गन्तव्य केही छैन,’ उनले भने। ओलीले एमालेको मिसन ०८४ बारे पनि उल्लेख गरे।

एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पार्टीलाई बुझ्ने, पार्टीभित्र भविष्य देख्नेले गुटबन्दी नगर्ने भन्दै लुम्बिनी प्रदेश अधिवेशनबाट एकताको सन्देश दिनु जरुरी रहेको बताए। कायरहरूको काम गुटबन्दी गर्ने भन्दै उनले एकताबद्ध भएर अगाडि बढ्ने बताए। आफू सधैं गुटबन्दीविरुद्धमा रहेको उनको भनाइ थियो। ‘पार्टी र गुटविपरीत हुन्। हामीले गुट बन्न नदिने तरिकाले अगाडि बढाएका छौं। एमालेभित्र गुटको चर्चा गरेर बस्ने छुट कसैलाई छैन। गुट-उपगुटका रंगीन समाचारबाट सबै प्रतिनिधि सचेत हुनुपर्छ,’ उनले भने।

एमाले महासचिव शंकर पोखरेलले लुम्बिनी प्रदेशमा एकताबद्ध रूपमा सफल नेतृत्व चयन गर्न शुभकामना व्यक्त गर्दै आफू र उपाध्यक्ष विष्णु पौडेल एकसाथ रहेको दाबी गरे। उनले प्रदेशमा मात्रै नभई केन्द्रीय तहमा पनि एकसाथ रहेको बताए।

■ नेतृत्वका लागि कसरत

प्रदेश नेतृत्वका लागि मुख्य दुई समूह सक्रिय छन्। उपाध्यक्ष विष्णु पौडेल पक्षबाट प्रदेशका हालका अध्यक्ष राधाकृष्ण कँडेल र महासचिव शंकर पोखरेल पक्षबाट केन्द्रीय सदस्य हरि रिजाललाई अध्यक्षका लागि अगाडि सारिएको छ। अधिवेशन उद्घाटन सत्रमा सबैजसो नेताहरूले गुटबन्दीको विरोध गरे पनि केही दिनयता यहाँ गुटगत भेलाहरू हुँदै आएका छन्। बुटवलको अन्तर्राष्ट्रिय सभाहलमा सुरु भएको अधिवेशनमा १२ वटै जिल्लाका ८२ हजार ८९५ पार्टी सदस्यहरूबाट छानिएका प्रतिनिधि तथा विभिन्न २३ वटा जनसंगठनबाट छानिएका एक हजार चार प्रतिनिधिहरू सहभागी छन्।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई
जनकपुरधाम, धनुषा

बोलपत्र आह्वान सम्वन्धी सूचना

सूचना नं : ०१-८०/८१
प्रकाशन मिति : २०८०/०५/१७

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सुचना प्रकाशित भएको मितिले ३१ औ दिन (मिति २०८०/०६/१६ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

S.N.	Contract No.	Description of Work	Estimated Cost (w/o VAT and contingencies)	Bid Security	Cost of the Bidding Document
1	FPIU/Dhanusha / Works/NCB/01-2080/81	Road improvement works at Manra Postal Highway-Kataiya-Bathnaha Road Section, Manra New Town, Mahottari.	*NCB SSDE*	5,44,000.00	5,000.00
2	FPIU/Dhanusha / Works/NCB/02-2080/81	Road and drain improvement works at East-West Highway Sagarnath Chowk-Mahadev Temple Road Section, Ishworpur New town, Sarlahi.	*1,70,94,299.81*	4,83,000.00	3,000.00
3	FPIU/Dhanusha / Works/NCB/03-2080/81	Road improvement works at Nagarain-2, Nagarain Jatahi Six-lane Road – Raghopur New School-Raghopur Village and at Nagarain -2,6 , Ragho Baba Temple-Bashudev Das Adharbhut School-Laghutiya Ghat Road Section, Dhanusha.	*1,70,92,661.51*	4,83,000.00	3,000.00
4	FPIU/Dhanusha / Works/NCB/04-2080/81	Road improvement works at Khutta Subbaji Pond-Ratanpur, Loharpatti Municipality-4, Mahottari.	*1,28,16,169.65*	3,63,000.00	3,000.00

गाउँमा स्वास्थ्य संस्था नहुँदा गुर्दुमवासीको ज्यानै जोखिम

धादिङमा **अर्जुन श्रेष्ठ**

गाउँमा स्वास्थ्य संस्था छैन। बर्खामा गाउँसम्म एम्बुलेन्स आइपुग्दैन। बर्खामा गाउँबाट नजिक मानिने स्वास्थ्य संस्था नौबिसेसम्म पुग्न हिँडेर तीन घन्टा लाग्छ। भिरालो बाटो, वर्षात्को समय स्टेचरमा बिरामी बोक्न ठूलै युद्ध जितेबराबर हो। धादिङको धुनिबेंसी नगरपालिका- ७ गुर्दुमकी २१ वर्षीय सविना तामाङ भन्छिन्, ‘घरमै सकुशल सुत्केरी हुनु भनेको अर्को जुनी पाउनुजस्तै हो।’

सविना तामाङलाई स्वास्थ्यकर्मीले १९ भदौमा प्रसूतिको डेट दिएका छन्। उनी भन्छिन्, ‘गर्भवती जाँच गर्न त सासु र गाउँका दिदिबहिनीको सहयोगमा स्वास्थ्य संस्था जाने आउने गर्थें। पहिलो सन्तान हो, पहिलो चोटी हुनेलाई गाह्रो हुन्छ भन्छन्। बेथाले छोएपछि म पक्कै हिँड्न सक्दिनँ। टाढाको बाटो, अप्ठ्यारो उस्तै स्टेचरमा बोकेर कसरी पुऱ्याउलान्।’

‘धादिङको धुनिबेंसी नगरपालिका- ७ तोप्लाङ, गुर्दुम, लिखु, मजुवा, धुसेनी, थलीका सबैको साझा समस्या यस्तै छ। धुनिबेंसी नगरपालिका- ७ कै दोभान भन्ने ठाउँसम्म एम्बुलेन्स आइपुगे पनि त्यहाँ पुग्न चार घन्टासम्म पैदल हिड्नुपर्छ,’ सविनाले भनिन्, ‘गाउँका अधिकांशले सकेसम्म घरमै सुत्केरी गराउन खोज्छन्। कतिपयले स्वास्थ्य संस्था जाँदाजाँदै बाटैमा बच्चा जन्माउँछन्। नजिक स्वास्थ्यसंस्था छैन। यो हाम्रो रहर होइन, बाध्यता हो।’

सविनालाई कसरी अस्पताल पुऱ्याउने भनेर उनका श्रीमान् वीरबहादुर चिन्तित छन्। ‘गाउँमै सुत्केरी हुँदा जानेको र ढुक्कले नाभी काट्नेसमेत भेटिँदैन। अन्दाजकै भरमा छिनाल्ने चलन अहिले पनि छ। सुत्केरी हुने समय नजिक आएका केही गर्भवतीले अस्पतालछेउछाउमा कोठा भाडामा लिएर बस्ने गरेका छन्। अस्पतालनजिक आफन्त हुनेहरूले त्यही बस्छन्, तर सबैले सक्दैन। बेथाले साह्रै नचापेसम्म घरमै बच्चा जन्माउने चलन छ,’ उनले सुनाए।

गत वर्ष मजुवा गाउँमा दुईजनाले घरमै बच्चा



गर्भवती श्रीमती सविनाको साथमा वीरबहादुर तामाङ। तस्बिर : नयाँ पत्रिका

जन्माएका थिए। थलीको एक गर्भवतीलाई बोकेर नौबिसे स्वास्थ्यचौकी झार्दाझार्दै बाटैमा बच्चा जन्मियो। स्वयंसेविका कविता तामाङले भन्छिन्- ‘घरमै बच्चा जन्माउने र बाटोमा सुत्केरी हुने घटना हाम्रो गाउँका लागि बाध्यता हो। निकै जोखिम छ।’

धुनिबेंसी नगरपालिकाले आफ्ना सेवा क्षेत्रभित्रका गर्भवती र सुत्केरी बोक्न एम्बुलेन्स शुल्कसमेत निःशुल्क गराएको छ। टोलटोलमा स्टेचर पनि पठाएको छ। ७ नम्बर वडा कार्यालयभित्र तीनजना महिला स्वयंसेविका पनि खटाएको छ। तर, दुर्गम ठाउँ भएको र एउटा बस्तीबाट अर्को बस्तीमा पुग्न घन्टौं हिँड्नुपर्ने भएका कारण प्रभावकारी बन्न सकेको छैन।’ धुनिबेंसी नगरपालिका-७ का वडाध्यक्ष यदुनाथ पाठकले भने, ‘सम्भव भएसम्म सेवा-सुविधा दिने कोसिस गरेका छौं, भौगोलिक विकटताले पनि समस्या भएको छ।’ बर्थिङ सेन्टर नहुँदा सुत्केरी महिला अझै पनि घरमै बच्चा जन्माउँछन्। दुर्गमगाउँमा स्वास्थ्यचौकीसमेत नहुँदा यहाँका अधिकांश महिलाले ज्यान जोखिममा राखेर घरमै बच्चा जन्माउन बाध्य छन्।

सालारको रिलिज डेट सर्‍यो

प्रभास स्टारर फिल्म सालारको रिलिज डेट सरेको छ। यसअघि यो फिल्म २८ सेप्टेम्बरमा रिलिज हुने तय थियो। तर, अब मेकर्सले डिसेम्बर २०२३ वा जनवरी २०२४ मा रिलिज गर्ने तयारी गरेका छन्। फिल्मको पोस्ट प्रडक्सनको काम बाँकी रहेकाले रिलिज मिति सारिएको बताइएको छ।



कमलामाईको अवतारमा विपिन


फिल्म 'एक भगवत् गीता'को ट्रेलर सार्वजनिक भएको छ। फिल्ममा यौनिक तथा लैंगिक अल्पसंख्यक र मधेसी समुदायको कथावस्तुलाई समेटिएको छ। फिल्ममा अभिनेता विपिन कार्कीलाई कमलामाईको अवतारमा प्रस्तुत गरिएको छ। भदौ २९ गतेदेखि प्रदर्शनमा आउने चलचित्र झरना थापाले निर्देशन र सुनीलकुमार थापाले निर्माण गरेका हुन्।



घुर्ने समस्या देखिएमा के गर्ने ?



डा. प्रशान्त त्रिपाठी
नाक-कान-घाँटीरोग विशेषज्ञ
त्रिवि शिक्षण अस्पताल



निदाएका वेला सास फेर्दा निस्कने आवाजलाई घुर्नु भनिन्छ। यो एक सामान्य प्रक्रिया हो। तर, अर्कालाई बाधा पर्ने गरी लामो समयसम्म ठूलो आवाजमा घुर्नुचाहिँ एउटा समस्या हो। घुर्ने समस्या सामान्य लाग्छ। सुतेपछि आफू घुरेको थाहा हुँदैन। वास्तवमा निद्रामा घुर्ने मान्छे आफू त ठीकसँग सुतिरहेको हुँदैन नै, अरूको निद्रासमेत खल्बलिने हुन्छ।

मुख्यतः सास फेर्ने नलीमा भित्रपट्टि मासु पलाउँदा वा भित्रको मांसपेशीले काम नगर्दा घुर्ने समस्या हुन्छ। त्यसैगरी, मानिस मोटाउँदै जाँदा घाँटीमा बोसोको मात्रा बढेर सास फेर्ने ठाउँ साँघुरो हुन सक्छ र समस्या देखिन्छ।

घुर्ने समस्या बालबालिकामा पनि हुन्छ। नाकको पछाडि भागमा हुने मासु बढ्यो भने बालबालिकामा घुर्ने समस्या देखिन सक्छ। त्यसैगरी, वयस्कहरूमा मोटोपनका कारण यो समस्या हुन सक्छ। घुर्ने समस्याका कारण धेरै छन्। नाकको हड्डी बांगो भएमा, नाकको पछाडिको भाग सुन्निएमा, घाँटीमा टन्सिल भएमा, सास फेर्ने नली साँघुरो हुँदा घुर्ने समस्या देखिन्छ।

कुनै जटिल रोग निम्त्याउँछ ?

घुर्नुलाई सामान्य मान्ने गरिन्छ। तर, पछिल्लो समय मेडिकल साइन्समा घुर्नुले धेरै असर गर्छ भनेर देखाएको छ। बालबालिकामा घुर्ने समस्या देखिँदा उनीहरूको विकासमा असर पुग्न सक्छ। उनीहरू राम्रोसँग सुत्न पाएनन् भने दैनिक क्रियाकलापमा असर पर्ने हुन्छ। झर्को मान्ने, शारीरिक तथा मानसिक विकासमा समस्या देखिने, खानपिन र व्यवहारमा परिवर्तन आउने हुन्छ। लामो समयसम्म यो समस्या रह्यो भने यसले बालबालिकाको फोक्सो र मुटुमा समेत असर पुग्न सक्छ। त्यसैगरी, वयस्क मानिसमा पनि घुर्ने समस्या निरन्तर भइरहेमा समस्या देखिने हुन्छ।

अक्सिजनको कमीले फोक्सोमा असर गर्ने, फोक्सोले राम्रोसँग काम नगर्दा यसको असर मुटुमा हुने र सँगसँगै यसको असर दिमाग र पूरै जीवनमा नै पर्न सक्छ। काम गर्ने मानिसहरू राम्रोसँग निद्रा नपुग्दा काम गरेको वेलामा निदाउने हुन्छन्। स-साना कुरामा झर्को लाग्ने, प्रेसरको समस्या आउने सम्भावना हुन्छ। कहिलेकाहीं निद्रामा घुर्नु सामान्य नै हो, तर नियमित घुर्ने बानी पर्‍यो भने चेकजाँच गराउनुपर्छ।

लक्षण

घुर्नु नै यसको लक्षण हो। तर, यससँग सम्बन्धित लक्षण अरू पनि छन्। कहिलेकाहीं घुर्दाघुर्दै सास रोकिने र एकछिनपछि आत्तिएर उठ्ने हुन्छ। यो साना तथा ठूला व्यक्ति दुवैमा हुन्छ। त्यसैगरी, बिहान उठ्दा मुड फ्रेस नहुने, जता बस्यो त्यहीं निदाउने, काम गर्न मन नलाग्ने वा बिग्रँदै जाने, प्रेसर बढ्ने, सास फेर्न गाह्रो हुनेलगायतका लक्षण देखिन सक्छ।

के गर्ने ?

नियमित घुर्ने समस्या छ भने चिकित्सकको सल्लाहमा उपचार थाल्नुपर्छ। यो रोग लागेकालाई इन्डोस्कोपी गरेर छाती तथा मुटुको जाँच गर्ने गरिन्छ। त्यसैगरी, सुतेको वेलामा कस्तो समस्या आउँछ भनेर अस्पतालमा मेसिन लगाएर रातभर प्रविधिमार्फत जाँच पनि गरिन्छ। सामान्य वा जटिल कस्तो अवस्थाको समस्या छ भनेर पत्ता लगाइन्छ। त्यसअनुसार उपचार गरिन्छ। यो समस्या भएकाहरूले नियमित व्यायाम गर्नु राम्रो हुन्छ।

मनीषाले देखेको सिनेक्षेत्रको रूपान्तरण

तीन दशकदेखि बलिउडमा सक्रिय नेपाली अभिनेत्री मनीषा कोइराला मौलिक कन्टेन्टमा चलचित्र बनाउन सके नेपाललेआफ्नो दर्शकको दायरालाई पनि बढाउन सक्ने बताउँछिन्। '२१औं शताब्दीमा रिल : नेपाली सिनेमाको विकास' विषयमा काठमाडौं कलिङ साहित्य महोत्सवको दोस्रो दिन उनले सिने क्षेत्रमा देखिएका परिवर्तनबारे आफ्ना धारणा राखेकी छिन्।

मैले पहिलेदेखि नै भन्दै आइरहेकी छु, आफ्नो वरपर भएको कथा आफूसँग सम्बन्धित हुनुपर्छ। कुनै पनि सिनेमाको कथा आफ्नो माटोसँग मिल्यो भने त्यहाँ आफ्नोपन आउँछ। दुःख-सुख, मूल्य-मान्यता, सोच, विचारलगायत पक्षमा सिनेमाले पनि हाम्रो जीवनमा केही योगदान दिन सक्छ, बाटो देखाउन सक्नुपर्छ भन्ने लाग्छ।

अहिले म नेटफिल्क्सको एउटा वेबसिरिज गर्दै छु। ओटिटीबाट प्रसारण हुने भएकाले यो कुनै निश्चित ठाउँको भएन, विश्वभरको हुन्छ। तर पनि ओटिटीका सञ्चालकहरू जुन देशको कथा हो, त्यहाँको माटोसँग जोडिनुपर्छ भन्छन्। अन्तर्राष्ट्रियस्तरमा यदि नेपालको कथा भनेको हो भने यहाँको संस्कृति कस्तो छ, जीवन कस्तो छ भनेर हेर्न चाहन्छन्। त्यसैले जुनसुकै देशले पनि उसको देशको माटोसुहाउँदो फिल्म बनाउन जरुरी छ।

जब म बलिउडको सिने उद्योगसँग जोडिएँ, त्यो नब्बेको दशकको नजिकको समय थियो। अहिलेसम्मको ३० वर्षे अनुभवमा धेरै परिवर्तन आएका छन्, विकास भएका छन्। त्यो समयमा धेरै मेलो ड्रामाका फिल्म बन्थे। पुराना फोटोहरू हेर्दा त्यो समयको ड्रेसिङ सेन्स देखेर मलाई अहिले हाँसो लाग्छ। अहिले धेरै कुरा विकास भइसकेका छन्।

अहिले सिनेमामा वास्तविकता चित्रण गर्ने अभ्यास धेरै बढेको छ। विश्वभर नै वास्तविक विषयमा बनेका सिनेमा मन पराउँछन्। प्रस्तुतीकरण जति वास्तविक भयो, त्यति मन पराउँछन्।

जब मैले सिनेमा सुरु गरेकी थिएँ, मेलो ड्रामा धेरै चाहिन्थ्यो। रुँदा पनि एकदमै धेरै आँसु निकाल्नुपर्ने, अनुहार बिगार्नुपर्ने। जति धेरै चिच्यायो, त्यति धेरै वाउ, कति राम्रो अभिनय गरेको भन्ने हुन्थ्यो। तर, अहिले त्यस्तो छैन। अभिनय जति धेरै वास्तविक हुन सक्यो, त्यति राम्रो मानिन थालेको छ। अहिले अभिनय गर्दा आँखामा आँसु जरुरी छैन, आँखामा पीडा देखिनुपर्‍यो।



सिनेमा अहिले ग्लोबल भिलेजजस्तो बनेको छ। सबै सिनेमा मोबाइलमा, इन्टरनेटको पहुँचमा पुगेका छन्। त्यसैले नेपाली सिनेमा पनि विश्वभरका मानिसलाई नै लक्षित गरेर बनाइनुपर्छ।

गुणस्तरीय सोच, गुणस्तरीय मूल्यलगायत कसरी गुणस्तरीय तरिकाले सिनेमाका माध्यमबाट कथा भन्ने विषय एकदमै महत्वपूर्ण छ। अझै यसमा ठूलो हृदय भएको कथा भइदियो भने कति राम्रो। त्यसैले सिनेमा विकास भइरहेको छ, राम्रो भइरहेको छ।

अहिले ५० कटेका कलाकारले पनि मुख्य भूमिकामा प्रशस्तै काम पाएका छन्। पहिले त्यस्तो हुँदैनथ्यो। उमेर बढ्दै गएपछि आमाको भूमिका या अन्य सहायक भूमिकामा मात्रै कलाकारहरू अटाउँथे।

अन्त्यमा, राम्रो स्टोरी, राम्रो स्क्रिप्ट भए म नेपाली सिनेमामा काम गर्न चाहन्छु। मलाई नेपाली सिनेमामा काम गर्ने तीव्र इच्छा छ।



फेसनेबल देखिनका लागि ...

धेरैजसो मानिसलाई महँगा वा ब्रान्डेड कपडामा स्टाइलिस देखिन्छ भन्ने लाग्छ। जो गलत छ। ब्रान्डेड कपडाको गुणस्तर राम्रो हुन्छ। तर, महँगा कपडा नै किन्नुपर्छ भन्ने छैन। हामी सुपथ मूल्यमा पाइने कपडामा पनि स्मार्ट देखिन सक्छौं। त्यसका लागि हामीले पनि आफ्नो शरीर फिट राख्नुपर्छ। जसकारण, फिटिङ कपडा लगाउन सकियोस्।

कलर कम्बिनेसनले पनि आकर्षक देखाउन सहयोग गर्छ। आफ्नो स्किन टोनमा म्याच गर्ने कलर छान्नुस्।

कपडा छनोट गर्दा कम्फर्टेबल र कन्फिडेन्ट लाग्ने कपडा छान्नुपर्छ। अर्थात्, तपाईंलाई जे सहज लाग्छ, त्यही लगाउनुस्।

जिन्स किन्दा उल्टो गरेर एकपटक भित्री भाग हेर्नुस्। त्यहाँ सिलाइएको भाग लुज देखिन्छ भने त्यस्ता कपडा धेरै टिक्दैनन्। टाइटसँग सिलाइएको कपडा टिकाउ हुन्छ। यस्तो कपडा सहजै किन्दा हुन्छ।

तपाईंले आफ्नो कपडासँग म्याच गर्ने हेयर स्टाइल गर्नुपर्छ। त्यस्तै, छालाको स्याहार पनि गर्नुपर्छ।

जुत्ता पनि कपडासँग म्याच गर्नेखालको किन्नुपर्छ। पातलो सोल भएका जुत्ता धेरै टिक्दैनन्। धेरैजसो कपडामा बाक्लो सोल भएका जुत्ता नै म्याच हुन्छ।

घडी छान्दा स्लिम खालको छान्नुस्। यस्ता घडीले तपाईंलाई आकर्षक देखाउँछ। ब्रासलेट लगाउनुहुन्छ भने एउटै मात्र लगाउनुस्। धेरै ब्रासलेट लगाउँदा भद्दा देखिन सक्छ।

लामो कपाल सुन्दर बनाउने उपाय



चिसोमै कोर्ने

लामो कपालको सबैभन्दा ठूलो समस्या भनेको जेलिइरहनु हो। जेलिएर लट्टा परेपछि लामो कपाल भएकाहरू हैरान हुनुपर्छ। नुहाएर सुकेपछि लामो कपाल अल्झिने सम्भावना बढी हुन्छ। त्यसैले नुहाउँदा नै कोर्नुपर्छ। स्याम्पु र कन्डिसनर प्रयोग गरिसकेपछि मोटो दाँत भएको काँइयोले कोरेर अल्झिएका कपाल फुकाउनुपर्छ। यसो गर्दा सुकेपछि कपाल अल्झिने चिन्ता हुँदैन।

ड्राई स्याम्पु

नुहाएलगत्तै ड्राई स्याम्पु प्रयोग गर्नु राम्रो हुन्छ। हेयर स्प्रेले रुखो र चिपचिपे पनि बनाउन सक्छ। यसको प्रयोग ठीक तरिकाले नगर्दा कपाल नासिन सक्छ। ड्राई स्याम्पु निकै थोरै मात्र प्रयोग गर्नुपर्छ। ड्राई स्याम्पुले कपाललाई बाक्लो देखाउँछ।

हाई पोनी टेल

लामो कपाल हुनेले प्रायः बाँधेर हिँड्दा राम्रो हुन्छ। यत्तिकै खुला छाड्दा हावाले सुक्खा बनाउन सक्छ र जेलिन सक्छ। कसिलो गरी बाँधिरहँदा कपालको जरासम्म हावा खेल्न पाउँदैन। वर्कआउटका वेला पनि कपाललाई माथि लगेर कसिलो गरी बाँध्नु हुँदैन। 'हाई पोनी टेल'मा बाँध्दा तल्लो भागको कपाल गाह्रौं हुने र जरामा भार पर्ने हुन्छ। हल्का खुकुलो गरेर केही तल्लो भागमै बाँध्नु उत्तम हुन्छ।


बाँधेर सुत्ने

सुत्ने वेला कपाल खुला छोड्नु अर्को ठूलो गल्ती हो। खुकुलो गरी बाँधेर सुत्नुपर्छ। यसो गर्दा बिहान उठ्दा कपाल जेलिएको हुँदैन। सकेसम्म तकियाको खोल सिल्कको प्रयोग गर्दा निकै राम्रो हुन्छ।

तेल लगाउने

कहिल्यै तेल नलगाएको कपाल कमजोर हुन्छ। कमजोर कपाल लामो छ भने झर्ने डर बढी हुन्छ। त्यसैले कपाल नुहाउनुअघि सधैं तेल लगाउनु जरुरी छ।

जैविक विविधताले भरिपूर्ण तिम्बुङ पोखरी





● केशवप्रसाद भट्टराई

पछिल्ला केही वर्षयता तीर्थाटन तथा प्राकृतिक दृश्यावलोकनका लागि तिम्बुङ पोखरी पुग्नेहरूको संख्या बढ्दो छ।

ताप्लेजुङ र पाँचथरको सिमानामा पर्ने तिम्बुङ पोखरी क्षेत्रमा छिमेकी भारतबाट ठूलो संख्यामा पर्यटक तथा तीर्थयात्री आउने गरेका छन्।

लिम्बू भाषाको तिम्बकबाट अपभ्रंश भएर तिम्बुङ नाम रहन पुगेको यो पोखरी विशाल छ। तिम्बकको अर्थ 'बन्दुक पड्केको' भन्ने हुन्छ। ४ सय ६६ मिटर लम्बाइ र एक सय ५४ मिटर चौडाइको तिम्बुङ पोखरी नेपाल-भारत सिमानादेखि एक किलोमिटरभित्र नेपालतर्फ रहेको छ। विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजंघा पोखरीबाट नजिकै देखिन्छ। पोखरीको भ्रमण वा तीर्थमा जानेहरू हिमालको दृश्यावलोकन गरेर आनन्द लिन्छन्। वर्षको ६ महिना हिउँले ढाक्ने भएकाले हिउँदयाममा यहाँ जान गाह्रो हुन्छ। त्यसैले गर्मी तथा वर्षाको समय अधिकांश मानिस यहाँ आउँछन्। नागपञ्चमी तथा जनैपूर्णिमामा यहाँ ठूलो संख्यामा तीर्थयात्री पुग्छन्। पोखरीमा पूजा र भाकल पूरा गर्दा मनोकांक्षा पूरा हुनुका साथै सुख, शान्ति र समृद्धि मिल्ने जनविश्वास छ।

> पर्यटन मन्त्रालयले सन् २०२० मा तिम्बुङ पोखरीलाई उत्कृष्ट एक सय गन्तव्य सूचीमा समावेश गरेको थियो

तिम्बुङ पोखरीलाई पर्यटकीयस्थलको रूपमा विकसित गर्न सिदिङ्वा गाउँपालिका तल्लीन भएर लागेको गाउँपालिकाका निमित्त कार्यालय प्रमुख रुद्र बेगा (लिम्बू) ले बताए। गाउँपालिकाले यहाँ झन्डै ६ किलोमिटर फुटट्याक बनाएको उनले बताए। गत वर्ष पोखरी जाने बाटोको नुनथला भन्ने ठाउँमा ६० लाखको लगानीमा ६० जनासम्म बस्न सक्ने होमस्टे निर्माण गरिएको उनले बताए।

अहिले पनि ४० लाखको लगानीमा सोही पोखरीको बाटोमा रहेको घन्टे भन्ने ठाउँमा ४० लाखको लगानीमा होमस्टे बन्दै गरेको उनले बताए। घन्टेबाट पोखरी पुग्न करिब ३ घन्टा हिँड्नुपर्छ।

जडीबुटीको भण्डार

जैविक विधिताले यो क्षेत्र सम्पन्न छ। मौसमको लुकामारीमा भुल्न र खेल्न पाइने भएकाले यात्रा रमाइलो हुन्छ। यस क्षेत्रमा कुट्की, पदमचाल, जटामसी, पाँचऔंले, यार्सागुम्बाजस्ता बहुमूल्य जडीबुटी पाइन्छ। यस क्षेत्रलाई सुनपाती, भैरुङपाती, सिक्पाजस्ता सुगन्धित बास्नादार धुपको खानी नै मानिन्छ। त्यस्तै, यात्राका क्रममा लरेवा, चिलिमे, डाँफे, मुनाल, झारल, घोरल, भालु, हिउँचितुवा, कस्तुरी, मृग, रेडपान्डा, नाउरजस्ता वन्यजन्तु देख्न पाइन्छन्।

तिम्बुङ पोखरी पुग्दासम्म यहाँ अन्य पोखरी नै पोखरी रहेका छन् भने ठाडा खोला, छडछडे बग्ने साना-ठूला झरना पनि बाटोमा छन्। ढडढडे झरना यहाँको पहिचानको रूपमा रहेको छ।

विश्वप्रसिद्ध वनस्पतिविज्ञ जेडी हु कर डग्लस फ्रेसफिल्डलगायत विभिन्न क्षेत्रका विज्ञ तथा अनुसन्धानकर्ता पनि यहाँ पुगेको सुरुमखिम घर भएका पूर्वमन्त्री मणि लामा बताउँछन्। धार्मिक आस्था मात्र नभएर प्राकृतिक सौन्दर्य तथा वन्यजन्तु र जडीबुटीहरूको अध्ययन गर्नेहरूका लागि तिम्बुङ पोखरी संग्रहालयकै रूपमा रहेको देखिन्छ।

कताबाट पुगिन्छ तिम्बुङ पोखरी ?

तिम्बुङ पोखरी जाने विभिन्न मार्ग रहेका छन्। तराईबाट आउनेले मेची राजमार्गको प्रयोग गर्नुपर्छ। बिर्तामोड-चारआली-इलाम-पाँचथर हुँदै फिदिमको गणेश चोक पुगेपछि पूर्वतर्फ लाग्नुपर्छ। थर्पु हुँदै च्याङथापु पुगेपछि ताप्लेजुङ तरेर सिदिङवा गाउँपालिकाको वासुदेव, कालिखोला, इवानागीबाट तिम्बुङ पोखरी पुग्न सकिन्छ।

ताप्लेजुङबाट भने सिरिजंघा गाउँपालिकाको खेवाङबाट सिदिङवाको सुरुमखिम तरेर तावानागी, सिवानागी हुँदै पुग्न सकिन्छ। भारततर्फबाट पनि भारतीय पर्यटक सीधै आउने गरेका छन्। ताप्लेजुङ सदरमुकाम फुङलिङबाट सुकेटार विमानस्थल हुँदै गाडीको बाटो सिकैचा तेल्लोक, सुरुम्खिम हुँदै किलिखोला पुगिन्छ, त्यसपछि पैदलबाट पोखरी पुगिन्छ। सामान्यतया सबैभन्दा धेरैले यात्रा गर्ने पाँचथर च्याङथापुबाट चार दिनमा तिम्बुङ पोखरी पुगेर पुनः च्याङथापु सहजै आइपुगिन्छ। यहाँबाट झापाको बिर्तामोड एक दिनमा गाडीमा पुगिन्छ।

साउदी अरबको विदेश नीतिमा रणनीतिक परिवर्तन

साउदीले चीनलाई संयुक्त राज्य अमेरिकाको विकल्पका रूपमा होइन, दुवैलाई आफ्नो राष्ट्रिय स्वार्थमा पूरकका रूपमा हेरिरहेको छ



● पामिर गौतम

अग्रलेख

केही दिनअघि वाल स्ट्रिट जर्नलले साउदी अरबको आणविक ऊर्जाको चाहनालाई लक्षित गर्दै आणविक ऊर्जा प्लान्ट निर्माण गर्न सहयोग गर्ने चिनियाँ प्रस्तावमाथि साउदी अरबले विचार गरिरहेको उल्लेख गरेको छ। पत्रिकाका अनुसार चिनियाँ प्रस्तावले जो बाइडेन प्रशासनलाई रियादसँग आणविक ऊर्जा प्लान्ट निर्माण गर्न सहयोगका लागि दबाब पर्ने र अमेरिकाले आफ्ना सर्त खुकुलो पार्ने अपेक्षा साउदी अधिकारीको रहेको छ।

पछिल्ला केही महिनादेखि साउदी अरबले एकपछि अर्को कूटनीतिक पहल गरेर अन्तर्राष्ट्रिय समुदायको ध्यान आफूतिर आकर्षित गरेको छ। साउदीले अमेरिकी मध्यस्थतामा इजरायलसँगको सम्बन्धमा सामान्यीकरणको विचारलाई गम्भीरतासाथ अघि बढाउने र अमेरिकासँग मिलेर सुडानमा युद्धविरामको मध्यस्थता गर्ने प्रयास गरेको छ। अर्कातर्फ चिनियाँ मध्यस्थतामा साउदीले इरानसँगको सम्बन्धमा सामान्यीकरणको सुरुवात गर्नुका साथै चिनियाँ प्रभावमा रहेको सांघाई सहयोग संगठन र ब्रिक्सको सदस्यताका लागि रुचि देखाएको छ। साथै, अमेरिकी चाहनाविपरीत यमनी हुथीहरूसँग शान्तिवार्ता र अरब लिगमा सिरियाको पुनरागमनमा प्रमुख भूमिका खेलेको छ। त्यस्तै, साउदी अरबले अरब लिगको शिखर सम्मेलनमा युक्रेनी राष्ट्रपतिलाई स्वागत गरेको छ, तर युक्रेन युद्धलाई लिएर रुसलाई दबाब दिने कुनै पनि अमेरिकी रणनीतिमा सरिक भएको छैन। यी घटनाक्रमले साउदी अरबले आफूलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चमा स्थापित र सञ्चालन गर्न यसको विदेश नीतिमा अवलम्बन गरेको परिवर्तन र निरन्तरतालाई हाइलाइट गर्छ।

केही वर्षअघिसम्म धेरैले साउदी अरबलाई स्वतन्त्र क्षेत्रीय शक्तिका रूपमा भन्दा पनि अमेरिकामा पूर्ण निर्भर राष्ट्रको रूपमा लिन्थे। केही वर्षयता विशेष गरी जो बाइडेन अमेरिकी राष्ट्रपति भएपछि रियादको नीतिमा धेरै परिवर्तन देखिएका छन्। साउदीलाई चरम मानवअधिकार हननको आरोप लगाउँदै यसलाई अन्तर्राष्ट्रिय समुदायमा बहिष्कृत राज्य बनाइदिने बाइडेनको अभिव्यक्तिलाई लिएर दुई देशबीचको सम्बन्ध तनावमा आएको थियो भने साउदीलाई आफ्नो नीतिलाई पुनः परिभाषित गर्न थप अभिप्रेरित गरेको थियो। धेरै पश्चिमा विश्लेषकले यो परिवर्तनलाई, खासगरी साउदीको चीन र रुस नीतिलाई लिएर ऊ अमेरिकाविरुद्ध निर्देशित रहेको वा अमेरिकी सुरक्षा छाताबाट बाहिर निस्कन खोजेको रूपमा व्याख्या गरेका छन्। यद्यपि, रियादको दृष्टिकोणबाट हेर्दा यस्तो देखिन्न। तर, आफ्नो स्वार्थ पूरा गर्न सबै दिशातर्फ हेर्न जरुरी रहेको कुरामा भने साउदी नीति-निर्माताहरू सहमत देखिन्छन्।

साउदीले अझै अमेरिकालाई आफ्नो सबैभन्दा महत्त्वपूर्ण रक्षा साझेदारका रूपमा हेर्छ। अमेरिकाले उसलाई हतियार प्रदान गर्नुका साथै दुई राष्ट्रबीच हुने सैन्य प्रशिक्षण र संयुक्त अभ्यास जारी नै राखेको छ। केही वर्षयता साउदी अरेबियाका लागि चिनियाँ हतियारको खरिदमा वृद्धि भएको छ, तर यी त्यस्ता हतियार हुन्, जुन वासिंटन साउदीलाई बेच्न चाहँदैन। साउदीले चीनलाई संयुक्त राज्य अमेरिकाको विकल्पका रूपमा होइन, दुवैलाई आफ्नो राष्ट्रिय स्वार्थमा पूरकका रूपमा हेरिरहेको छ।

अमेरिकासँगको सम्बन्धलाई कुनै पनि खतरामा नपारी रियाद चीनसँगको सम्बन्ध विस्तार गर्न चाहन्छ। चीन साउदीका लागि ठूलो तेल खरिदकर्ता मात्र होइन, प्रविधि हस्तान्तरण, पूर्वाधार विकास, वैश्विक शासन र बहुध्रुवीय विश्व व्यवस्था निर्माण गर्ने क्षेत्रमा प्रमुख रणनीतिक साझेदार पनि हो। त्यस्तै अन्तर्राष्ट्रिय तेलबजारहरू व्यवस्थापन र प्रभाव पार्ने सन्दर्भमा साउदी रुसलाई महत्त्वपूर्ण साझेदारका रूपमा हेर्छ।

चीनले साउदी अरबलाई तेलको लेनदेन युआनमा गर्न प्रस्ताव गरेको छ। यसबारे साउदीले अहिलेसम्म कुनै प्रतिक्रिया दिएको त छैन, तर चिनियाँ प्रस्तावले अमेरिकी चिन्ता भने बढाएको छ। १९७० को दशकदेखि रियादले आफ्नो कच्चा तेल डलरमा बेच्न सहमत भएको थियो, जसले आजसम्म ग्लोबल रिजर्भ मुद्राका रूपमा अमेरिकी डलरको प्रभुत्व कायम राख्न मद्दत गरेको छ। रियादले आफ्नो कच्चा तेलको मूल्य निर्धारण चीनको रेन्मिन्बी अथवा अन्य मुद्रामा गर्दा डलरको एकाधिकार तोडिने अमेरिकी चिन्ता छ। यस्तो परिदृश्य रोक्नका लागि अमेरिकाले नियमित रूपमा पर्दापछाडि साउदी अरेबियालाई दबाब दिइरहेको विभिन्न सञ्चारमाध्यमले उल्लेख गरेका छन्। चीनको प्रस्तावमा साउदी अरेबियाले मौन रहेर दुवै पक्षबाट थप सहुलियतका लागि स्थान बनाएको छ।



> मानवअधिकार हननको आरोप लगाउँदै उसलाई अन्तर्राष्ट्रिय समुदायबाट बहिष्कृत राज्य बनाइदिने बाइडेनको अभिव्यक्तिलाई लिएर दुई देशबीच तनाव भए पनि साउदीलाई आफ्नो नीतिलाई पुनः परिभाषित गर्न थप अभिप्रेरित गरेको थियो

> अमेरिकासँग साउदी अरेबियाको सम्बन्ध अझै बलियो भए पनि विदेश नीतिमा रियादको बदलिँदो रणनीतिले अमेरिकालाई चिन्तित बनाएको छ। यसले मध्यपूर्वी एसियामा आफ्नो प्रभाव कायम राख्न अमेरिका थप प्रयास गर्न बाध्य भएको छ।

अमेरिकासँग साउदी अरेबियाको सम्बन्ध अझै बलियो भए पनि विदेश नीतिमा रियादको बदलिँदो रणनीतिले अमेरिकालाई चिन्तित बनाएको छ। यसले मध्यपूर्व एसियामा आफ्नो प्रभाव कायम राख्न अमेरिका थप प्रयास गर्न बाध्य भएको छ। केही समययता उच्च अमेरिकी अधिकारीको साउदी अरेबिया र मध्यपूर्वको भ्रमण बाक्लिनुले दुई देशबीचको सम्बन्धलाई सुदृढ गर्न र परम्परागत गठबन्धनको संरक्षण सुनिश्चित गर्न अमेरिकी आतुरताको उदाहरण हो। चीनप्रति लचिलो र सन्तुलित नीति अपनाएर चीनसँग रणनीतिक साझेदारी अपनाएर साउदी अरेबियाले अमेरिकाको ध्यानाकर्षण मात्र गरेको छैन, यस क्षेत्रमा अमेरिकाको प्रभाव र मानवअधिकारजस्ता विषयमा अमेरिकाले दिने दबाब कम गर्न चिनियाँलाई पनि आफ्नो नजिक ल्याएको छ। आफ्नो राष्ट्रिय हितमा आधारित लचिलोपन र रणनीतिमार्फत साउदी अरेबियाले दुवै पक्षबाट ठूला रियायतहरू निकाल्न सफल भएको छ।

अहिलेको समयमा रियादको पहिलो प्राथमिकता भनेको भिजन २०३० को कार्यान्वयन हो। यो अत्यन्त महत्त्वाकांक्षी कार्यक्रममार्फत साउदी अरेबिया तेलमा निर्भर आफ्नो अर्थतन्त्रलाई बदल्न चाहन्छ। यस भिजनका तीनवटा मुख्य स्तम्भ छन्- पहिलो साउदी अरबलाई अरब र इस्लामिक संसारको केन्द्र बनाउने, दोस्रो विश्वव्यापी लगानीको केन्द्र बनाउने र तेस्रो साउदी अरबियालाई अफ्रिका र युरेसियालाई जोड्ने हबका रूपमा स्थापित गर्ने।

साउदी अरेबियाले आफ्नो भिजन २०३० लाई अगाडि बढाउन चिनियाँ पूर्वाधार र प्रविधिलाई स्वागत गरेको छ। यस क्षेत्रमा हुने कुनै पनि अस्थिरता वा द्वन्द्वले साउदीको उद्देश्य हासिल गर्न मुस्किल हुनेमा कुनै दुईमत छैन। त्यसैले साउदीको विदेश नीतिको प्राथमिकता भनेकै आफ्नो क्षेत्रबाट आइपर्ने खतरालाई कम गर्नु हो। इरान र इजरायलसँगको सम्बन्धमा सामान्यीकरण गर्ने साउदीको चाहना र यसमा दुवै चीन र अमेरिकाको सहयोग, क्षेत्रीय राजनीतिमा बढाएको सक्रियता र विश्वका शक्ति राष्ट्रहरूसँग सन्तुलित सम्बन्ध स्थापित गरेर वर्तमान र भविष्यमा चाहिने वा चाहिन सक्ने आर्थिक, सुरक्षा र अन्य सहयोगका लागि साउदी विदेश नीति केन्द्रित छ।

समग्रमा, वर्तमान विश्वव्यापी परिवेश यस्तो छ कि विश्वका कुनै पनि राष्ट्रले आफ्नो राष्ट्रिय हितलाई एक आयामिक दृष्टिकोणले निर्धारण गर्न सक्दैन। राष्ट्रिय हितको रक्षा, संरक्षण र प्रवर्द्धनका लागि नेतृत्व पंक्तिले क्षेत्रीय र विश्वव्यापी राजनीतिमा देखिएको बदलाव र विकासअनुरूप आफ्नो परराष्ट्र नीतिमा सुधार र परिवर्तन गर्न आवश्यक छ।

साउदी युवराज मोहम्मद बिन सलमानले आफ्नो देशको गठबन्धनलाई समयसापेक्ष विविधीकरण गर्न, कुनै पनि दबाबको प्रतिरोध गर्न र यसलाई अझ स्वतन्त्र बनाउन खोजेका छन्। साउदी अरबले आफ्नो राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर आफूलाई एक-अर्कासँग असहमतिमा रहेका विश्वव्यापी शक्तिसहित अन्य सबै राष्ट्रसँग रचनात्मक सम्बन्ध स्थापित गर्ने प्रयास गरिरहेको छ।

३ प्रश्न

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त **मल्ल ठकुरी**लाई



नेपाल प्रहरीका विशेष ब्युरोहरू किन अस्तव्यस्त अवस्थामा छन् ?

देशमा अपराधको ग्राफ बढ्दै गएपछि विशेष ब्युरोहरू गठन गरिएका हुन्। प्रहरीको पहिलो ब्युरो लागुऔषध नियन्त्रण ब्युरो हो। पहिले-पहिले ब्युरोमा काम गर्ने प्रहरी कर्मचारीले वृत्ति विकासमा विशेष अवसर पाउँथे। ब्युरोमा एउटै व्यक्तिले वर्षौं काम गर्नुपर्ने हुन्छ। तर, पछिल्लो समयमा पदोन्नतिलगायत वृत्ति विकासको अवसरका लागि विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवसमेत आवश्यक पर्ने भएपछि धेरैले ब्युरो छाड्न थाले। जसले गर्दा पुराना र अनुभवी कर्मचारीको अभाव हुन थाल्यो। कतिपय ब्युरो भाडाका घरमा छन्। उनीहरूसित ब्यारेक र थुनुवा कक्षसमेत छैन। कार्यालयकै सुरक्षा र गोपनीयतामा समस्या छ। त्यसैले गर्दा ब्युरोहरू अस्तव्यस्त छन्।

मुख्यमन्त्री र प्रदेश प्रमुखलाई महल बनाइदिन सक्ने सरकार प्रहरीका ब्युरोहरूप्रति चाहिँ किन अनुदार देखिएको होला ?

नेपाल प्रहरी 'चेन अफ कमान्ड'मा चल्ने अनुशासित संगठन हो। त्यही चेन अफ कमान्ड र अनुशासनले गर्दा प्रहरीले नाइँ भन्न सक्दैन। राज्यले जहाँ बसेर काम गर् भन्छ, ऊ खुरुक्क त्यहीं बसेर काम गर्न तयार हुन्छ। प्रहरीले निजामती प्रशासनले जस्तो नाइँनास्ती गर्न सक्दैन। खटाएको स्थानमा 'एडजस्ट' हुनु उसको धर्म नै हो। त्यसैले, राज्यले खासै वास्ता नगरेको हुन सक्छ।

यसमा प्रहरी नेतृत्वको कमजोरी कति जिम्मेवार छ ?

कुनै पनि ब्युरो या कुनै विभाग गठन गर्दा दरबन्दीसँगै बजेट, ब्यारेक, कार्यालय, प्रविधि, हातहतियार, स्रोतसाधन सबै चाहिन्छन्। तर, हामी तलब र रासनको भरमा काम गर्न तयार हुन्छौं। फौजी अनुशासनले गर्दा सायद नेतृत्वले यसबारे माग गर्न पनि सक्दैन।

प्रेरक प्रसंग

जीवनको मूल्य

एकपटक भगवान् बुद्ध एउटा गाउँमा पुग्दा एकजना गाउँलेले सोधे- भगवान् मानव जीवनको मूल्य कति हो ? जिज्ञासा सुनेपछि बुद्ध एकैछिन मौन भए र एउटा चम्किलो पत्थर उनको हातमा दिँदै भने- बजारमा जाऊ र यसको मूल्य पत्ता लगाएर आऊ। तर, बेच्नचाहिँ नबेच।



गाउँले सुन्तला व्यापारीकहाँ पुगे। उनले व्यापारीसित त्यसको मूल्य सोधे। व्यापारीले त्यो पत्थर हेरेर त्यसका लागि १२ वटा सुन्तला दिने बतायो। त्यसपछि उनले तरकारी व्यापारीलाई भेटे। उसले त्यसका लागि एकबोरा आलु दिने बतायो। उनी सुनारकहाँ पुगे। सुनारले चार हजार स्वर्णमुद्रा दिन सक्ने बतायो। त्यसपछि उनी जौहरीकहाँ पुगे। जौहरीले त्यस रत्नलाई रातो सफा कपडामाथि राख्यो, तीनपटक परिक्रमा गऱ्यो र ढोग्यो। उसले प्रश्न गऱ्यो- तपाईंले यो रत्न कहाँबाट ल्याउनुभयो ? सिंगो दुनियाँ बेचेर पनि यसको मूल्य तिर्न सकिन्न। यो अमूल्य छ। व्यापारीको जवाफपछि उनी बुद्धकहाँ फर्किए। उनले सबै विवरण सुनाए र भने- भगवान्, अब त भन्नुहोस् मनुष्य जीवनको मूल्य कति हो ? हल्का मुस्कुराउँदै बुद्धले भने- सुन्तलावालाका लागि पत्थरको मूल्य १२ दाना सुन्तला, तरकारीवालाका लागि एकबोरा आलु, सुनारका लागि चार हजार स्वर्णमुद्रा र जौहरीका लागि अमूल्य। अब यसैबाट तिमी आफ्नो जीवनको मूल्य पत्ता लगाऊ। तिमी निश्चय नै हीरा हौ। तर, तिम्रो मूल्य हरेक व्यक्तिले आ-आफ्नो सामर्थ्यअनुसार तोक्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रहरीमा खेलाँची किन ?

'नेपाल प्रहरीका विशिष्ट ब्युरोकै बेहाल, बस्ने ब्यारेक छैन, थुनुवा राख्ने हिरासत छैन' शीर्षकको समाचार पढ्दा हाम्रो देशको राजनीतिक नेतृत्व कति खराब सोचबाट ग्रस्त छ भन्ने प्रस्ट भयो। सात प्रदेशका मुख्यमन्त्री र प्रदेश प्रमुखलाई बस्न संघीय राजधानीमा आलिसान महल बनाउन सक्ने सरकारले नेपाल प्रहरीका विशेष ब्युरोलाई भने सामान्य शौचालय र ब्यारेकको सुविधासमेत दिएको रहेनछ। सायद यति संवेदनशील काम गर्नुपर्ने ब्युरोलाई साधनस्रोत, जनशक्ति र प्रविधिले चुस्त बनाउँदा भोलि आफ्नै बदमासी फेला पर्ला, प्रहरीले आफैंलाई पत्राउ गर्ला भन्ने डरले यिनले प्रहरीलाई कमजोर बनाइराख्ने नियतले यस्तो गरेका हुन्। प्रहरी संगठनमा खेलाँची नगर। प्रहरीलाई सुविधासम्पन्न बनाऊ।

● **गोविन्द विक**, सामाखुसी, काठमाडौं

चीन भ्रमणमा प्रश्न उठाऊ

परराष्ट्र मन्त्रालयले नक्सालाई सम्मान गरियोस् भनेर चीनसँग आग्रह गरेको समाचार पढियो। हाम्रो नक्सालाई सम्मान गरियोस् भनेर यसरी अनुनय गरेर हुँदैन। ठूला र बलिया देशले हामीमाथि जहिल्यै थिचोमिचो गरिरहन्छन्। अब कुनै कूटनीतिक नोट, आग्रह या याचिका होइन, प्रधानमन्त्री प्रचण्डको निटक भविष्यमै हुने चीन भ्रमणमा यसबारे जोडदार ढंगले प्रश्न गर्ने हिम्मत हाम्रो राजनीतिक नेतृत्वले गर्न सक्नुपर्छ। यो हाम्रो सार्वभौमिकताको प्रश्नसमेत भएकाले यसबारे 'यदि' र 'तर' भनेर हुँदैन, भ्रमणको एजेन्डा बनाएर वार्ता गर्न सक्नुपर्छ।

● **भुवन बुर्लाकोटी**
कलंकी, काठमाडौं

भण्डारीको सही टिप्पणी

'सामाजिक सञ्जालले खोस्यो आत्मिक सम्बन्ध' शीर्षकको कृपा भण्डारीको लेखले हाम्रो समाजको यथार्थ बोलेको छ। अहिले हाम्रो समाज बिल्कुलै यान्त्रिक बन्दै गएको छ। उनले भनेजस्तै हामी संवेदनाशून्य रोबोट बन्दै छौं। एउटै घर, एउटै कोठामा बस्दा पनि हाम्रो ध्यान मोबाइलमा मात्र हुन थालेको छ। वरिपरि जति जना आफन्त भए पनि तिनीहरूसित हाम्रो कुनै आत्मिक सम्बन्ध जोडिन सकिरहेको छैन। अहिले हामी भौतिक रूपमा नजिकै भए पनि आत्मिक रूपमा निकै टाढा पुग्दै छौं।

● **सरस्वती मगर**
लामबगर, काठमाडौं

चीनसँग रेल र तेलको माग गरौं

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आसन्न चीन भ्रमणलाई लिएर अहिले निकै चर्चा परिचर्चा भइरहेको छ र हुनु पनि पर्छ। चीनसँग के-के मुद्दामा संवाद गर्ने ? अनि के-कस्तो सहयोग माग गर्ने ? चीनको महत्त्वाकांक्षी परियोजना बिआरआईबाट नेपालले कसरी फाइदा लिने ? चीनले बनाइदिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चलाउन नेपालसँग नजिक रहेको चीनको कुन सहरबाट सीधा उडान गर्ने ? जस्ता मुद्दामा संवाद गर्नुपर्ने देखिन्छ। तर, मुख्य माग र मुद्दामा केन्द्रित नभई झिनामसिना मुद्दा मात्र भ्रमणमा उठाइएमा त्यसबाट नेपालको दीर्घकालीन हित हुन सक्दैन। राष्ट्रको प्रमुख कार्यकारी तहमा हुने भेटघाटमा प्रमुख मुद्दा र सहयोगको विषय उठाइनुपर्छ। अनि मात्र प्रधानमन्त्रीको भ्रमण सफल भएको ठहर्छ।

मेरो विचारमा यसपालि प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणमा उठाइनुपर्ने मुख्य पाँच मुद्दा छन्। चीनसित रेलमार्ग, तेलमार्ग, विद्युत् मार्ग, पर्यटक मार्ग र नेपालको नक्सा संशोधनको मुद्दा उठाइनुपर्छ। धेरै कुरा गर्दा केही पनि प्राप्त हुँदैन। बरु थोरै विषय उठाएर ठोस पहल गरे उपलब्धि हुन सक्छ। हामी सम्पूर्ण नेपालीले स्मरण गरौं, भारतीय नाकाबन्दीताकाका कष्टपूर्ण दिनहरू। भारतले आफ्नो स्वार्थमा ठेस लाग्नासाथ नाकाबन्दीको अस्त्र चलाइहाल्छ, त्यो जति नै अमानवीय किन नहोस्। अन्यथा, भूकम्पले थलिएको पाँच महिनाभित्रै कडा नाकाबन्दी गर्ने थिएन उसले।

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं
gopaldevkota@gmail.com

पश्चिम आफूलाई किन 'पीडित' बनाउँदै छ

पश्चिमा मुलुकले आफूलाई पीडितका रूपमा चित्रण गर्ने प्रयास गर्नु परिवर्तनशील विश्वव्यापी शक्ति सन्तुलनको भयबाट उत्पन्न परिणाम हो

देश/विदेश

फुकुसिमा क्षेत्रको हालैको भ्रमणमा जापानका लागि अमेरिकी राजदूत रहम इमानुएलले चीन र जापानको सम्बन्धमाथि जोड दिँदै अन्तर्राष्ट्रिय सम्बन्धमा परिवर्तनशील गतिशीलता देखिँदै छ भन्ने बताएका थिए। इमानुएलले जापानी समुद्री खाद्य पदार्थमा चीनको प्रतिबन्धका कारण विश्व व्यापार संगठनमा विवाद आउँदा अमेरिकाले जापानलाई समर्थन गर्ने बताएका थिए। उनले चीनको प्रतिबन्धलाई 'जापानविरुद्धको आर्थिक दबाब'का रूपमा इंगित गर्दै चीनले 'गुन्डागर्दी'को आर्थिक रणनीतिलाई लागू गरेको जनाएका थिए। तर, उनले जापानले आणविक रूपमा प्रदूषित फोहोर पानीलाई समुद्रमा बलात् फाल्ने सन्दर्भलाई भने उपेक्षा गरेका थिए। ठिकविपरीत यस प्रकरणमा अमेरिकी राजदूतले जापानलाई पीडितको रूपमा चित्रण गरेका थिए।

यो भाष्यले एक अचम्मको परिदृश्य प्रस्तुत देखाउँछ। आणविक प्रदूषित फोहोर पानी समुद्रमा फाल्ने मामिलामा जापानको दोषमाथि सन्देह गर्ने ठाउँ नै छैन। बरु चीनले जापानी कदमको सम्भावित खतराका जोखिम व्यहोर्ने राष्ट्रका रूपमा आफूलाई उभ्याएको छ। तथापि अमेरिका र बृहत् पश्चिमा विश्वले परिस्थितिलाई यसरी देखाएका छन् कि जहाँ गल्ती गर्ने नै अन्तर्राष्ट्रिय सहानुभूतिको पात्र बनेको छ। इमानुएलको भाष्य निर्माणले पश्चिमा शक्तिले विश्वव्यापी मञ्चमा आफ्ना एजेन्डा अगाडि बढाउन 'पीडितलाई दोषी बनाउने' भनेर चिनिने रणनीति प्रयोग गर्छन्।

वर्षौंदेखि पश्चिमा राष्ट्र विशेषतः अमेरिकाले आर्थिक, सैन्य र राजनीतिक क्षेत्रमा वर्चस्वको आनन्द लिइरहेका छन्। दोस्रो विश्वयुद्धपछि स्थापित यो वर्चस्व प्रायः हस्तक्षेप, जबर्जस्ती र सार्वभौम राष्ट्रको मामिलामा प्रत्यक्ष हस्तक्षेपका रूपमा देखा पर्दै आएको छ। यद्यपि, हालैका वर्षमा एक अनौठो प्रवृत्ति देखा पर्न थालेको छ। आफूलाई 'महान् शक्ति'का रूपमा चिनाउने गरेका पश्चिमा शक्ति आजभोलि आफूलाई 'जबर्जस्ती र गुन्डागर्दी'को सिकार बनेको देखाउन उद्यत् छन्। विश्वव्यापी मञ्चमा यी मुलुकको ऐतिहासिक भूमिकालाई हेर्दा यिनको नयाँ रंग विरोधाभासपूर्ण देखिन्छ।

यसैलाई 'पीडितलाई दोषी बनाउने' प्रवृत्तिका रूपमा वर्णन गर्न सकिन्छ। जब अमेरिका र अन्य पश्चिमा राष्ट्रले पीडित भएको दाबी गर्छन् र आफूलाई धम्की दिइएको र क्षति भइरहेको देखाउन खोज्छन्, तब यो तिनले गरेको अन्यायविरुद्धको रणनीतिक चाल हो भन्ने बुझ्नुपर्छ। यो रणनीतिले संज्ञानात्मक युद्धको संयन्त्रका रूपमा र परिवर्तनशील विश्वव्यापी व्यवस्थाको प्रतिक्रियाका रूपमा काम गर्छ।

एकातर्फ 'पीडितलाई दोषी बनाउने'ले पश्चिमा राष्ट्रले प्रयोग गर्ने संज्ञानात्मक युद्धमा हतियारका रूपमा काम गर्छ।



तस्बिर : लिउ रिउ/जिटी

यो रणनीतिको एक प्रमुख उदाहरण जुनमा सांघ्रिला संवादका क्रममा प्रकट भएको थियो, जब अमेरिकी रक्षा सचिव लोयड अस्टिनले बारम्बार चीनलाई 'गुन्डागर्दी' र 'जबर्जस्ती' गरेको आरोप लगाएका थिए। यी आरोपले सहज रूपमा अमेरिकालाई चीनको सिमाननजिक विमानवाहक र सैन्य विमान तैनाथ गर्नेजस्ता उत्तेजक काम गर्न सघायो। यो चालले चीनलाई सैतान देखाउँदा स्वार्थअनुरूप मापदण्ड लागू गर्ने उपाय झल्काउँछ। यस सन्दर्भमा तर्क र स्थापित नियमलाई आफूअनुकूल बनाउने प्रयास गरिन्छ। अर्कातर्फ पश्चिमको 'पीडित' मानसिकताको अवलम्बनले बहुध्रुवीय विश्व व्यवस्थातर्फ चलिरहेको परिवर्तनसँगको पश्चिमको असहजता झल्काउँछ। ऐतिहासिक रूपमा पश्चिमा सम्भ्रान्तले अन्तर्राष्ट्रिय बहसलाई आकार दिन ठूलै प्रभाव पारेका थिए। पहिले पश्चिमा मुलुकले विश्वव्यापी नियमले आफ्नो हित पूरा गर्नुपर्छ भन्ने विश्वास गर्थ्यो। तर, शक्ति सन्तुलन बदलिएसँगै पश्चिमा राष्ट्र इतिहासको पाना पल्टिएर नयाँ युगमा सुरु हुने भन्दै चिन्तित छन्। यी मुलुकसँग चीनको महत्त्वपूर्ण विश्वव्यापी भूमिका र पश्चिमा वर्चस्वको सम्भावित क्षयको भय देखिन्छ।

सुरुमा वासिंटनले चीनसँग 'सामर्थ्यको स्थिति'बाट सामना गर्ने जनाएको थियो। जब यो दृष्टिकोणप्रति अन्तर्राष्ट्रिय समर्थन र आकर्षण जुटाउन अमेरिका असफल भयो, तब चीनको 'गुन्डागर्दी र जबर्जस्ती'को भाष्य सिर्जना गरियो। पश्चिमा मुलुकको यो परिवर्तनको अनुभूतिले यी मुलुकका नियन्त्रण प्रयास कमजोर भइरहेको भन्ने देखाउँछ।

तसर्थ, पश्चिम आफ्नो भाष्यलाई अर्को ढंगले निर्माण गर्न र विश्वभरका मानिसलाई भ्रमित पार्न उद्यत् छ। पश्चिमा भाष्यमा साझा सूत्र भनेकै चीनको 'गुन्डागर्दी'को विरोध हो र यी सूत्रले प्रायः चीनको वैध हितलाई क्षति पुऱ्याउने गर्छ। यसले पश्चिमको दोहोरो मापदण्ड र वर्चस्ववादी तर्कलाई निरन्तरता दिन्छ र दोहरिने भनेको भाष्य मात्रै हो।

पश्चिमा मुलुकले आफूलाई पीडितका रूपमा चित्रण गर्ने प्रयास गर्नु परिवर्तनशील विश्वव्यापी शक्ति सन्तुलनको भयबाट उत्पन्न परिणाम हो। चीनजस्ता उदाउँदो अर्थतन्त्रले पश्चिमा वर्चस्वलाई चुनौती दिन सक्ने भन्दै उनीहरू चिन्तित छन्। चीनविरुद्धको आफ्नो कदमको औचित्य प्रमाणित गर्न यी मुलुक आफैं पीडित भएको नाटक गर्छन् र अरूलाई बहकाउने प्रयास गर्छन्।

अन्त्यमा, जापानले आणविक प्रदूषित फोहोर पानीको निकासीजस्ता अन्तर्राष्ट्रिय विवादको वरपरको विकसित भाष्यले पश्चिमा शक्तिद्वारा नियोजित 'पीडितलाई दोषी बनाउने' फराकिलो ढाँचा प्रस्तुत गर्छ। यो रणनीतिले संज्ञानात्मक युद्धको रूप र परिवर्तनशील विश्वव्यापी व्यवस्थाको प्रतिक्रियाका रूपमा काम गर्छ। अमेरिका र पश्चिमले आफ्नो फाइदाका लागि भाष्यलाई सफलतापूर्वक हेरफेर पनि गर्छन्। यिनको मूल मनसाय र दोहोरो मापदण्ड दिनानुदिन उजागर हुँदै छन्। विश्वले यी परिवर्तनशील भाष्य हेर्दै गर्दा विकसित विश्वव्यापी गतिशीलताको सामनामा पश्चिमी शक्तिको वाञ्छित परिणाम भ्रम साबित हुन सक्छन्। अन्त्यमा तिनले कुशलतापूर्वक आफ्ना भाष्यलाई एक-अर्को 'महान् कारण'का लागि हेरफेर गर्दा तिनको वास्तविक मनसाय विश्वमा थप स्पष्ट हुँदै छ।

(१६ भदौको ग्लोबल टाइम्सको सम्पादकीयबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

राष्ट्रिय अधोगमनतर्फ रुस र इजरायल

जब समाज विभाजित हुन्छ, तब सही तर्कको पछि लाग्नभन्दा गलत तर्कको प्रतिरोध गर्न अधिक बल चाहिन्छ



● स्लाभोज जिजेक

(युरोपियन ग्राजुएट स्कुलमा दर्शनशास्त्रका प्राध्यापक रहेका स्लाभोज जिजेक लन्डन विश्वविद्यालयमा बर्कबेक इन्स्टिच्युट फर द ह्युमानिटिजका अन्तर्राष्ट्रिय निर्देशक हुन् ।)



हिजोआज रुस र इजरायल दुवै देशमा सामाजिक सम्झौता इतिहासको बोझ र आधारभूत सिद्धान्त एवं राष्ट्रिय पहिचानबारेका असहमतिले किचिएर खण्डित हुँदै गएको छ । यी अवस्थाले अतिवादी तर्क र बयानबाजीलाई बढ्दो रूपमा प्रश्रय दिँदै छन् र तिनमा मानिसको गहिरो त्रास र पूर्वाग्रही अभिव्यक्ति भेटिन्छ ।

जब कुनै देशको सामाजिक सम्झौता खल्बलिन्छ, त्यहाँ अफवाह र अनर्गल प्रसारबाजीका निमित्त परिस्थिति परिपक्व भएको ठान्नुपर्ने हुन्छ । तर, यस्ता अफवाह र अनर्गल बयानबाजी जतिसुकै हुल्याहा र बेतुका किन नहुन्, तिनले मानिसहरूको गहिरो त्रास र पूर्वाग्रहलाई अभिव्यक्त गराएका हुन्छन् ।

आज रुसमा यस्तै अवस्था छ । राष्ट्रपति भ्लादिमिर पुटिनका पूर्वसल्लाहकार सर्गेई मार्खोभ युक्रेनले रुसविरुद्ध युद्ध लड्न 'समलिंगी सुपर-सैनिकहरू' खडा गरिरहेको चेतावनी दिन्छन् । 'सैन्य सिद्धान्तकार एवं इतिहासकारलाई थाहा नै छ, ग्रिसमा कुन सेना सबैभन्दा बलियो थियो सम्झनुस् त ? निःसन्देह स्पार्टाहरूको फौज, ती समलिंगी भ्रातृत्वद्वारा एकताबद्ध थिए । उनीहरू सबै समलिंगी थिए । यो तिनका नेतृत्वको राजनीति हुने गर्थ्यो । मलाई लाग्छ, उनीहरूले युक्रेनको फौजका लागि पनि यस्तै योजना बनाइरहेका छन्,' उनी पुटिनलाई चेताउँछन् ।

निःसन्देह, होमोफोबिया (समलिंगीसँगको भय), भ्रामक इतिहास र अमेरिकास्थित केटाकेटीका लागि सचित्र कथाका किताब छाप्ने मार्बल प्रकाशनका कमिक्सबाट अभिप्रेरित सुपर-सैनिकको अवधारणाको समिश्रण पस्किएर मार्खोभले आफूमा आलोचनात्मक सोच र तर्कसंगत विश्लेषणलाई प्रोत्साहित गर्न रुचि नरहेको संकेत गरेका छन् । तर, यसले कुनै फरक पार्दैन किनभने रुसी समाजको केही महत्त्वपूर्ण खेमा यस्ता मूर्खतापूर्ण तर्कहरूलाई मनपराँउछ र तिनलाई सही भएको ठान्छ ।

रुसका प्रमुख राष्ट्रिय संकट एवं विपत्हरूलाई सम्झाउने ऐतिहासिक दिवसमा पनि यस्ता बहुलठ्ठीपन बढ्दो रूपमा देखिन थालेको छ । हालैमा रुसको पेस्कोभ क्षेत्रको भिलिकिए लुकीमा आयोजित एक समारोहमा 'फादर एन्थोनी'का नामले चिनिने एक पादरीले स्टालिनको २६ फिट अग्लो मूर्तिलाई 'पवित्र जल(होली वाटर)'ले अभिषेक गरे । उनको भनाइ थियो, 'हिजो स्टालिनको शासनकालमा 'यो चर्च'ले निकै सास्ती व्यहोरेकै हो । तर, 'अनगिनत नयाँ रुसी सहिद र कन्फेसरहरूले हाम्रो यस मातृभूमिको पुनरुत्थानमा योगदान गरिरहेका छन् ।' हामी आजका यी रुसीप्रति कृतज्ञ हुनैपर्छ र यसर्थ, हामी अहिले उनीहरूका लागि प्रार्थना गर्छौं ।'

यो विकृत तर्क हिटलरप्रति यहुदीहरू इजरायल राज्यका लागि बाटो खोलिदिएकोमा कृतज्ञ हुनुपर्छ भन्ने तर्कबाट एक कदम मात्र पछाडि छ । वास्तवमा, ठ्याक्कै यस्तै कुराहरू भइरहेका छन् । इजरायलको च्यानल-१३ ले सन् २०१९ मा गरेको एउटा अनुसन्धानअनुसार सरकारी अनुदानमा सञ्चालित 'बेनी डेभिड मिलिटरी प्रिपेरेसन स्कुल'मा इजरायली सेनाका भविष्यका अधिकारीलाई रब्बी(धर्मगुरु)ले यसो भनेर पढाउँछन् :

'होलोकास्ट (आमसंहार) यहुदीहरूलाई मार्नका लागि थिएन । र, यो सुव्यवस्थित र वैचारिक थियो, जसका कारण यो यादृच्छिक (च्यान्डम) अथवा जथाभावी गरिने हत्याभन्दा नैतिक थियो । खासमा मानवतावाद, धर्मनिरपेक्ष संस्कृतिचाहिँ होलोकास्ट हुन् । खास होलोकास्ट बहुलवाद हो । नाजीका तर्क आन्तरिक रूपमा सुसंगत थिए । हिटलर समाजको एउटा निश्चित समूह संसारका सबै दुष्टताको कारण हो, त्यसैले यसलाई निर्मूल पार्नुपर्छ भन्थे ।... परमेश्वर वर्षौंदेखि डायास्पोरा समाप्त भइसक्यो भनेर चिच्याइरहनुभएको छ, तर यहुदीहरूले सुनिरहेका छैनन् (उहाँको आज्ञापालन गरिरहेका छैनन्) । उनीहरूको यो रोगलाई होलोकास्टले निको पार्नुपर्छ । ...हिटलर सबैभन्दा धार्मिक थिए । निःसन्देह, आफूले बोलेका हरेक शब्दमा उनी सही थिए । उनको विचारधारा सही थियो । ... नाजीहरूको एक मात्र गल्ती, उनले आफ्नो पक्ष चिन्न सकेनन् (को कुन पक्षको भन्ने छुट्याउन सकेनन्) ।'

पाठ यहीं समाप्त हुँदैन । विद्यार्थीलाई यो पनि पढाइन्छ :

'परमेश्वरको सहायताले दासत्व फर्कनेछ । गैरयहुदीहरू हाम्रा दास हुनेछन् । हामीवरपरका (अन्य) मानिसमा वंशाणुगत समस्या छन् । एक सामान्य अरबलाई ऊ के चाहन्छ, सोधी हेर त । ऊ आफ्नो पेसामा रहन चाहन्छ । ...उनीहरूलाई देश वा अरू कुरा कसरी चलाउने केही पनि थाहा छैन । ...हो, हामी जातिवादी हौं । हामी जातिवादमा विश्वास गर्छौं । जातिका आनुवंशिक विशेषता हुन्छन् । त्यसैले उनीहरूलाई कसरी मद्त गर्ने भनेर हामीले विचार गर्नुपर्छ ।'

निश्चय नै केवल एउटा सानो, कट्टर धार्मिक अल्पसंख्यकले मात्र यो उग्र रेटोरिक(बयानबाजी)लाई खुलेआम समर्थन गर्छ । तथापि, यसले वेष्ट बैंकको वर्तमान उग्रदक्षिणपन्थी सरकारका नीति पछाडि अन्तर्निहित आधारहरूतर्फ संकेत गर्छ । इजरायल र उसबाट कब्जा गरिएका क्षेत्रहरूको स्थितिलाई नाजी जर्मनीसँग तुलना गर्नु हास्यास्पद अतिशयोक्ति लाग्न सक्छ ।

अझ यस्तो तुलना कुनै गैरयहुदीले गर्छ भने उसलाई तुरुन्त यहुदीविरोधीको रूपमा खारेज गरिन्छ । तर, यहुदीका प्रमुख व्यक्तिले नै यस्तो तुलना गर्छन् भने त उनीहरूको कुरा सुन्नु नै पर्ने हुन्छ । जब कुनै समाजले आफूलाई स्व-पुष्टीकरणको सप्कोले लपेटेर लुकाएको हुन्छ, तब त्यो सप्को खुस्काउन सोही समाजकै भित्रिया व्यक्ति चाहिन्छ ।

इजरायली रक्षाबलको उत्तरी कमान्डका भूतपूर्व प्रमुख अमिराम लेभिनलाई नै लिऔं । उनले हालैमा इजरायलको सार्वजनिक प्रसारण स्टेसनसँग वेस्ट बैंकको अवस्थाबारे कुरा गर्दै भने, 'त्यहाँ ५७ वर्षदेखि प्रजातन्त्र छैन, पूर्ण रूपमा रंगभेद छ । ...त्यहाँ सार्वभौमसत्ता लागू गर्न खटाइएको आईडिएफ भित्रभित्रै कुहिँदै गएको छ । यो त्यहाँका दंगाईहरूलाई टुलुटुलु हेरिबस्छ र युद्ध अपराधको साझेदार बन्दै जान थालेको छ ।

स्पष्टीकरण माग्दा लेभिनले नाजी जर्मनीको उल्लेख गर्छन्, 'यो उच्चारण गर्न हामीलाई गाह्रो छ, तर सत्य यही हो । हेब्रोन वरपर हिंड्नुस् र त्यहाँका सडक हेर्नुहोस् । त्यहाँका सडकमा अरबीलाई अनुमति छैन, त्यहाँ केवल यहुदीहरू देखिन्छन् । नाजी जर्मनीमा पनि ठ्याक्कै यस्तै थियो ।'


एउटा सेवानिवृत्त आईडिएफ जनरल यस्तो निष्कर्षमा पुग्न सक्छ भने यो कुराले उनको असाधारण नैतिक अडानलाई मात्र प्रमाणित गर्दैन, त्यहाँ चिजहरू कति खराब भइसकेको छ भन्ने कुराको पनि प्रमाण दिन्छ । तर, जबसम्म लेभिनजस्ता इजरायली हुन्छन्, आशाको दियो बाँकी रहन्छ । किनकि उनीजस्ता मानिसको ऐक्यबद्धता र समर्थनले मात्र वेस्ट बैंकका प्यालेस्टाइनीले मौका पाउँछन् ।

आज रुस र इजरायल दुवैमा उपनिवेशवाद र आधारभूत सिद्धान्तबारेका असहमतिको भारले च्यापिएर सामाजिक सम्झौता टुट्दै गएको छ । यी अवस्थाले अतिवादी तर्क र बयानबाजीतर्फ डोऱ्याउँदै लगेको छ । जब समाजहरू विभाजित हुन्छन्, तब सही तर्कको पछि लाग्नभन्दा गलत तर्कहरूको प्रतिरोध गर्न अधिक बल चाहिन्छ ।

- प्रोजेक्ट सिन्डिकेट

इतिहासमा आज

सेप्टेम्बर ३



सन् १७८३ : पेरिस सन्धिमा हस्ताक्षर । बेलायत र अमेरिकाबीच सम्पन्न उक्त सन्धिले अमेरिकी क्रान्तिकारी युद्धको अन्त्य गर्दै अमेरिकी स्वतन्त्रतालाई मान्यता दियो ।

सन् १८९४ : संयुक्त राज्य अमेरिकामा पहिलोपटक श्रम दिवसलाई कानुनी रूपमा मान्यता प्रदान गरियो ।

सन् १९७१ : कतारले स्वतन्त्रता प्राप्त गरेको दिन । ५५ वर्षको बेलायती शासनपछि पर्सियाली खाडी राज्यले स्वतन्त्रता प्राप्त गऱ्यो ।

सन् १९७६ : भाइकिंग २ को मंगल अवतरण । लगभग एक वर्ष लामो यात्रापछि नासाको रोबोटिक अन्तरिक्षयान भाइकिंग २ आजकै दिन मंगलग्रहमा अवतरण गऱ्यो । यानले ग्रहको वायुमण्डल र त्यहाँको माटोको साथै चट्टानी सतहको रंगीन फोटोबारे जानकारी प्रदान गऱ्यो ।

सन् १९९५ : इन्टरनेट जायन्ट इबेको स्थापना । पियरे ओमिडयारले स्थापना गरेको उक्त कम्पनीको स्वामित्वमा अनलाइन बजार र लिलामी वेबसाइट छ ।

विश्व संक्षेप

सूर्यको अध्ययन गर्न भारतले अन्तरिक्षमा पठायो आदित्य एल-१

नयाँदिल्ली / भारतले सूर्यको अध्ययन गर्न अन्तरिक्षमा आदित्य एल-१ प्रक्षेपण गरेको छ । चन्द्रमाको दक्षिणी ध्रुवमा चन्द्रयान-३ सफलतापूर्वक अवतरण गरेको एक सातापछि आन्ध्र प्रदेशको श्रीहरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रबाट शनिबार बिहान सूर्ययान अर्थात् आदित्य एल-१ स्याटलाइट प्रक्षेपण गरेको हो । यो सूर्यको अध्ययन गर्ने भारतको पहिलो अन्तरिक्ष मिसन हो । आदित्य एल-१ को सहयोगमा अन्तरिक्षमा अनुसन्धान कक्ष स्थापना गरिने भारतीय अन्तरिक्ष अध्ययन केन्द्र (इसरो)ले जनाएको छ । भारतका विदेशमन्त्री सुब्रमण्यम जयशंकरले सूर्ययानको सफल प्रक्षेपण गरेकामा इसरोका वैज्ञानिकप्रति बधाई ज्ञापन गर्दै भारतको अन्तरिक्ष इतिहासमा नयाँ इतिहासको रचना भएको बताएका छन् । सूर्ययान सफलतापूर्वक प्रक्षेण भएर त्यसले विश्वभर देशको प्रतिष्ठा बढाएको उनले बताए ।

जेलमा रहेका खानलाई वकिलसँग भेट्न दिइएन


इस्लामाबाद / पाकिस्तान तहरिक-ए-इन्साफ (पिटिआई) का प्रमुख इमरान खानलाई उनका वकिलसँग प्रहरीले जेलमा भेट्न रोक लगाएको छ । वकिल शिराज अहमद रान्झा र गोहर अलीलाई प्रहरीले नेता खानलाई भेट्नबाट रोकेको हो । अदालतको आदेशका बाबजुद पूर्वप्रधानमन्त्रीसँग भेट गर्न नदिइएको कानुन व्यवसायी गोहर अलीले पत्रकारहरूलाई जानकारी दिए । अदालतले नेता खान र उनका छोराहरूबीच टेलिफोनमा कुराकानी गर्न दिएको अनुमतिको पनि जेलका अधिकारीले अवज्ञा गरेको उनले बताएका छन् ।

इस्लामाबाद उच्च अदालतले मंगलबार नेता खानलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो । तर, गोप्य सरकारी दस्ताबेज सार्वजनिक गरेको अभियोगमा उनलाई जेलबाट मुक्त गर्नुअगावै न्यायिक हिरासतमा राख्न विशेष अदालतले आदेश दिएको थियो । पूर्वक्रिकेटरसमेत रहेका खान गत वर्ष सत्ताबाट हटेदेखि धेरै कानुनी झमेलामा तानिएका छन् । उनीविरुद्ध दुई सयवटा मुद्दा लगाइएका छन् । नेता खानले आफूलाई आगामी चुनाव लड्नबाट रोक्न गरिएको षड्यन्त्रअनुरूप ती मुद्दा लगाइएको दाबी गरेका छन् ।

औपनिवेशिक युगको गोप्य कानुनअन्तर्गत नेता खानलाई दुई हप्ता थुन्न विशेष अदालतले आदेश दिएको थियो । सैन्य मुद्दा चलाउन प्रयोग हुने कानुन उनीविरुद्ध लगाइएको सफदरले बताए । भ्रष्टाचारको आरोपमा खानमाथि गरिएको तीन वर्षको जेल सजाय मंगलबार नै उल्ट्याइएको थियो ।

यसरी रोक्न सकिन्छ विद्यालयमा हुने यौन दुर्व्यवहार

शिक्षक-विद्यार्थीबीचको यौन उत्पीडनका लगभग सबै घटना विद्यालय प्रांगणभित्रै हुने गरेका छन्



● केट डसन

(केट डसन युनर्भासिटी अफ ग्रिनविचकी मनोविज्ञानकी अध्यापक हुन् ।)



केही शिक्षक किन तिनलाई आफ्ना विद्यार्थीको शरीरबारे टिप्पणी गर्न, डेटिङ एपमा उनीहरूसँग कुराकानी गर्न, उनीहरूको यौन जीवनबारे प्रश्न गर्न छुट भएको ठान्छन् । अझ केही शिक्षक किन तिनका विद्यार्थीलाई चुम्न वा यौन भावनाले छुन अप्ठ्यारो मान्दैनन् ? यस सम्बन्धमा मैले सहलेखन गरेको एक रिपोर्टले शिक्षक-विद्यार्थीबीचको यौन उत्पीडनका लगभग सबै घटना विद्यालय प्रांगणभित्रै हुने देखाएको छ । जीवविज्ञानको औपचारिक कक्षाको पाठ पढाउँदाबाहेकको कुनै पनि परिस्थितिमा शिक्षकले इसारा वा मजाकका रूपमा तिनका विद्यार्थीसँग यौनको चर्चा गर्नु उपयुक्त हुँदैन । जब हामी विद्यार्थीलाई 'पुरुष शिक्षकको सम्मानका लागि' शरीर छोप्न भन्छौं, हामी खासमा शिक्षकका यौनिक व्यवहारचाहिँ स्वाभाविक भएको सन्देश प्रवाह गरिरहेका हुन्छौं । जब विद्यार्थीलाई उनीहरूको (विद्यार्थीको) यौनजीवन र 'प्रतिष्ठा'बारे शिक्षक भेलामा चर्चा भएको बताउँछौं, हामी तिनलाई युवामाथि टिप्पणी गर्नु वा तिनको वस्तुकरण गर्नु सही भएको भनिरहेका हुन्छौं ।

जब विद्यालय प्रमुखहरूले विद्यार्थीमाथि भइरहेका अनुपयुक्त व्यवहारसम्बन्धी गुनासालाई 'समस्या सिर्जना गर्ने प्रयास' वा 'हानिरहित व्यवहारको बढाइचढाइ' भनी खारेज गर्छन्, तब हामी किशोरलाई तिनको भावनाको कदर हुँदैन र विद्यालयलाई तिनको चिन्ता छैन भनिरहेका हुन्छौं । यौन उत्पीडन गर्ने मुख्यतया दुइटा कारण भेटिन्छन् । कोही तिनका टिप्पणी र व्यवहारको अनुचित हुनु भन्ने कुरामा बेखबर हुन्छन् । अर्को थरीलाई भने आफूले गरेको गलत हो भन्ने थाहा भए पनि त्यो काम गरिरहेका हुन्छन् । आफू सहजै उम्किहाल्छु भन्ने सोचका कारणले ती कामलाई निरन्तरता दिने गर्छन् ।

विद्यालयभित्र हुने यौन दुर्व्यवहारका सम्भावित दुई समाधान छन् । पहिलो, शिक्षकलाई यस विषयमा प्रशिक्षण दिने । सबै माध्यमिक विद्यालयका कर्मचारीलाई बालबालिकाको हेरचाह गर्ने कर्तव्य हुन्छ र उनीहरूलाई यौन दुर्व्यवहारका लक्षण कसरी पहिचान गर्ने भनेर सिकाइनुपर्छ । तर, उनीहरूलाई अनिवार्य रूपमा यौन दुर्व्यवहार के हो र यो यौनसम्पर्कभन्दा भिन्न हुन्छ भन्नेबारे सिकाइँदैन । यसले यौनस्पर्श वा दुर्व्यवहारको थप गम्भीर घटना रिपोर्ट गर्ने संयन्त्रलाई प्रभावकारी बनाउनुपर्दैन ।

दोस्रो, हामीले अर्को कर्मचारीले गरिरहेको उत्पीडन देखेमा त्यसबारे कुरा उठाउने वातावरण निर्माण गर्नुपर्छ । एक पीडादायी सत्य के हो भने विद्यार्थीको शोषण गर्ने शिक्षकहरू कतिपय अवस्थामा आकर्षक र धेरै मन पराउने खालका पाइएका छन् । सबै सन्दर्भमा हुने यौन उत्पीडनबारे गरिएको अनुसन्धानले यो पुष्टि गरेको छ । समस्याग्रस्त व्यवहार भएका भनेर चिनिएका व्यक्तिबाट यस्तो कार्य भएमा सहजै विरोध हुने गर्छ । तर, असल भनेर चिनिएका व्यक्तिबाट भएका दुर्व्यवहारलाई भने हामी सामान्यतया यो एकपटकको घटना रहेको, खासमा नराम्रो नियतले नगरिको र हानिरहित रूपमा बुझ्ने गर्छौं ।

यस्तो सोच्ने तरिकाले यौन उत्पीडनलाई समेत सह्य मान्ने र व्यक्तिका गलत संकेतप्रति सचेत हुने स्थिति नै रोकिदिन्छ । जब शिक्षकलाई उत्पीडनको पहिचान गर्न पर्याप्त तालिम दिइँदैन, सीमाहरू अस्पष्ट हुन्छन् र व्यक्तिलाई घटना रिपोर्टिङ गर्न सकिने गरी 'पर्याप्त नराम्रो' रहेको-नरहेको अन्योलमा छोडिदिन्छ । विद्यालयका प्रमुखसम्म सीधै जान सक्ने शिक्षकका अलावा उत्पीडनको प्रत्यक्षदर्शी (जो पीडितका साथी हुन सक्छन्) ले पनि रिपोर्ट गर्न सक्ने प्रक्रियाको पनि अभाव छ । शिक्षकलाई आफूले रिपोर्ट गरेको गलत ठहरिए एक कुशल सहकर्मीको करिअर नष्ट हुने र काममा व्यक्तिगत रूपमा बहिष्कृत हुने (मन नपराइने) डर हुन्छ । उत्पीडकको व्यवहारलाई सहँदै गयो भने तिनले हौसला पाउँछन् । त्यसैले विद्यालयमा यौन दुर्व्यवहार अन्त्य गर्ने एक मात्र तरिका भनेको हामीले खराब व्यवहारलाई चुनौती दिन सक्ने वातावरण सिर्जना गर्नु हो । यसको प्रतिकार गर्न विद्यालयले सीमा उल्लंघनविरुद्ध शून्य-सहिष्णुता नीति लागू गर्नुपर्छ । सीमा उल्लंघन वा यौन उत्पीडनको आरोपको कुनै पनि पुष्टि भएका उदाहरण समावेश गर्न सन्दर्भ जाँच आवश्यक पर्छ । शिक्षकहरू तिनको पक्ष प्रमाणित गर्न वा आफूमाथिको आरोप खण्डन गर्ने जाँचको हकदार हुन्छन् । यस्तो अनुसन्धानले विद्यालयमा कस्ता व्यवहार खराब हुन् भन्ने कुरामा ज्ञान विस्तार गर्ने अवसर प्रदान गर्छ ।

> उत्पीडकको व्यवहारलाई सहँदै गयो भने तिनले हौसला पाउँछन् । त्यसैले विद्यालयमा यौन दुर्व्यवहार अन्त्य गर्ने एक मात्र तरिका भनेको हामीले खराब व्यवहारलाई चुनौती दिन सक्ने वातावरण सिर्जना गर्नु हो । यसको प्रतिकार गर्न विद्यालयले सीमा उल्लंघनविरुद्ध शून्य-सहिष्णुता नीति लागू गर्नुपर्छ ।

विद्यालयले प्रत्यक्षदर्शीलाई उत्पीडनको रिपोर्ट गर्न प्रोत्साहन गर्नुपर्छ । रिपोर्ट गर्ने बालबालिकाको सुरक्षालाई प्राथमिकता दिने जिम्मेवारी पनि विद्यालयको हुन्छ । शिक्षकले गरेको उत्पीडन वा अन्य प्रकारका यौन दुर्व्यवहार पुष्टि भएका त्यस्ता घटनाको राष्ट्रिय तथ्यांक सबैका. पहुँचमा राख्नुपर्छ ।

विद्यार्थीलाई यौन उत्पीडन कस्ता हुन्छन् भनेर विभिन्न उदाहरणसहित सिकाउनुपर्छ । अनुपयुक्त यौन आचरण के हो भन्नेबारे बालबालिकाको बुझाइ प्रायः कालो र सेतो हुन्छ । उदाहरणका लागि एकजना उत्तरदाता, जसले पुरुष शिक्षकले उनीसँग फ्लर्ट गर्ने, स्पर्श गर्ने र उनको सम्पूर्ण विद्यालयको अनुभवमा विशेष ध्यान दिने गरेको गुनासो गरिन्, उनका अनुसार 'त्यतिबेला मैले म विशेष भएको महसुस गराएको थिए । ती शिक्षक विद्यालयमा आकर्षक शिक्षकमा दरिन्थे । पछाडि फर्केर हेर्दा म १३ वर्षको हुँदा अनौठो ध्यानाकर्षण सुरु भयो ।' अन्तमा उत्पीडनको रिपोर्ट गर्ने विद्यार्थी र कर्मचारीका लागि सहायता तथा परामर्श सम्पर्कको पहिलो बिन्दुको रूपमा स्कुलमा निर्भरविना नै पहुँचयोग्य हुनुपर्छ ।

धेरैजसो शिक्षकहरू अपत्यारिलो ढंगले मिहिनेती हुन्छन् र आफ्ना विद्यार्थीका लागि धेरै राम्रो गर्छन् । तर, शिक्षकहरूले हाम्रो समाजका सबैभन्दा नाजुक जनसंख्या (बालबालिका)माथि अविश्वसनीय पहुँच पाएका हुन्छन् । अनुसन्धानले लगातार यो देखाउँछ कि यौन दुर्व्यवहारको अनुभव गर्ने बालबालिकाको उमेर बढ्दै जाँदा धेरै स्वास्थ्य समस्या देखिन्छ । तिनको औसत आयु पनि छोटो हुने गर्छ । जब विश्वास गरिएको व्यक्तिबाट उत्पीडन र दुर्व्यवहार गरिन्छ, तब पीडित व्यक्ति ठूलो भएपछि उसमा दुर्व्यवहार र तिकडमबिना स्वस्थ, विश्वसनीय र मायालु सम्बन्ध विकास गर्ने क्षमतामा प्रतिकूल असर पर्न सक्छ । विद्यालयमा यौन दुर्व्यवहार गर्ने एकजना मात्र पनि शिक्षक छन् भने त्यो धेरै नै हो ।

- गार्जियनबाट

मुद्रास्फीति र बढ्दो चुनौती

चालू आव सुरु भएसँगै महँगी सरकारको नियन्त्रणभन्दा बाहिर गएको देखिन्छ, यसरी एकैपटक दोब्बर मूल्यवृद्धि हुनु आफैंमा चिन्ताको विषय हो

अर्थ संवाद

• शंकरमान सिंह

'मुद्रास्फीतिबारे ठूलो कुरा यो हो कि यदि तपाईं किराना सामानहरूमा खर्च गर्नुहुन्छ भने झोला हल्का र घर लैजान सजिलो हुन्छ।' नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेअनुसार आर्थिक वर्ष ०७९/८० मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ६.३२ प्रतिशत थियो।

अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष ०७९/८० मा खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत रेस्टुरेन्ट तथा होटेल उप-समूहको मूल्यवृद्धि १४.४२ प्रतिशत, मरमसलाको १२.५० प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको १०.७० प्रतिशत, सुर्तीजन्य पदार्थको ९.८८ प्रतिशत र दुग्ध पदार्थ तथा अन्डाको ९.२३ प्रतिशत रहेको छ।

यसैगरी, गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उप-समूहको मूल्यवृद्धि १३.५० प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको १०.१८ प्रतिशत, स्वास्थ्यको १०.०१ प्रतिशत, शिक्षाको ८.७९ प्रतिशत र घरायसी उपयोगका वस्तुहरूको ८.६५ प्रतिशत छ। साथै, भारतले चामलको निकासीमा रोक लगाएसँगै मोटा चामलको मूल्य वृद्धि भएको छ। पहिले बोरामा १६ सय पर्ने मोटा चामल अहिले थोक बजारमै १८ सय ५० रुपैयाँसम्म पर्छ। उपभोक्ताले खुद्रा बजारमा मोटा चामलका लागि प्रतिबोरा १९ सय रुपैयाँ तिर्नुपर्छ। त्यस्तै, जिरा मसिनो चामल २५ किलोको प्रतिबोरामा २ सय रुपैयाँले बढेको छ। यसअघि थोकमा प्रतिबोरा १९००-२००० पर्ने चामल अहिले २२०० रुपैयाँभन्दा कममा पाइँदैन।

चिउरा पनि महँगिएको छ। धुलो खुर्सानीको मूल्य पनि उसैगरी अकासिएको छ। चिनीको मूल्य व्यापारीले प्रतिकिलो ११० रुपैयाँ पुऱ्याएका छन्। खानेतेलको मूल्य पनि व्यापारीले बढाउन थालेका छन्। ५-६ महिनायता जिराको मूल्य निरन्तर बढिरहेको छ। प्रतिकिलो ५-६ सय रुपैयाँमा पाइने जिराको मूल्य अहिले थोक बजारमै साढे १३ सय रुपैयाँ पुगेको छ। एक महिनामै प्रतिकिलो अढाई सय रुपैयाँ महँगिएको छ।

मूल्यवृद्धि, मुद्रास्फीतिले एक निश्चित अवधिमा, सामान्यतया एक वर्षमा वस्तु र सेवाहरूको इकाइ कति महँगो भएको मापन गर्दछ। यो अर्थशास्त्रमा सबैभन्दा परिचित शब्दमध्ये एक हो। बैंक, वित्तीय संस्थासँग लगानीयोग्य पुँजीको अभाव र कित्ताकाटको फुकुवाले किनबेच घटिरहेका वेला सर्वसाधारणले घरजग्गा तथा हाउजिङको मूल्य बढ्ने अपेक्षा गरेका छन्।

देश आयातीत वस्तुमा निर्भर हुँदा मुद्रास्फीति पनि आयात हुने विज्ञहरू बताउँछन्, जसले जनताको दैनिक जीवनमा प्रत्यक्ष प्रतिकूल प्रभाव पार्छ। र, विज्ञहरूले सबैभन्दा बढी चिन्ता गर्ने मुद्दा बेरोजगारी र मुद्रास्फीति हुन्। जसलाई कुनै पनि राजनीतिक दलहरूले गम्भीर रूपमा उठाएका देखिँदैनन्।

स्पष्ट छ, सरकारले आफ्नो उपस्थिति नदेखाउँदा र जनताको पीडाप्रति चासो नदेखाउँदा जनताले सास्ती भोग्नुपरेको छ। देशमा बढ्दो बेरोजगारी र बढ्दो मुद्रास्फीतिलाई सम्बोधन गर्ने कुनै पनि राजनीतिक दल जनताको पीडा सम्बोधन गर्न गम्भीर छैनन्, न त



देश आयातीत वस्तुमा निर्भर हुँदा मुद्रास्फीति पनि बढ्दै जान्छ। जसले जनताको दैनिक जीवनमा प्रतिकूल प्रभाव पार्छ। यो विषयलाई कुनै पनि राजनीतिक दलले गम्भीर रूपमा उठाएको देखिँदैन।

महँगी निरन्तर बढिरहने हो भने यसले समाजमा विद्रोह निम्त्याउन सक्छ। यस्तो असहज परिस्थिति आउन नदिन बजारलाई स्वस्थ र सन्तुलित राख्न एवं अचाक्ली मूल्यवृद्धि हुनबाट सरकारले रोक्न सक्नुपर्छ।

कुनै प्रतिबद्धता नै गरेका छन्। यो जनता र देशका लागि अत्यन्तै दुर्भाग्यपूर्ण हो। सन् २०२३ मा बढ्दो रेमिट्यान्स प्रवाह र बढ्दो पर्यटक संख्याले नेपालले इन्धनको उच्च मूल्य र संयुक्त राज्य अमेरिकाको फेडरल रिजर्भले गरेको ब्याजदर वृद्धिका कारण हुने विश्वव्यापी मुद्रास्फीतिको सामना गर्न सक्ने सम्भावना छ।

पर्यटनले नेपालको कुल गार्हस्थ्य उत्पादनमा १५ प्रतिशत योगदान पुऱ्याउँछ। जबसम्म सरकारले राम्रो समष्टिगत, वित्तीय र मौद्रिक नीतिहरू कायम राख्न सक्छ, तबसम्म त्यो प्रकारको आर्थिक स्थायित्व हुन्छ। नेपालको सबैभन्दा ठूला व्यापारिक साझेदार भारत र चीन हुन्। भारतको आर्थिक स्थिति राम्रो रहेकाले नेपालका लागि राम्रो भएको मत राख्नेहरू छन्। नेपाल पनि भाग्यमानी छ, किनभने रेमिट्यान्स उपलब्ध गराउने वैदेशिक कामदारको संख्या ठूलो छ।

नेपालसँग कतारमा लगभग ६ लाख र संयुक्त अरब इमिरेट्समा लगभग ४ लाख कामदार छन्। र, ती अर्थतन्त्र तेलसँग जोडिएको अर्थतन्त्र हुन्, जुन बलियो पनि छ।

तेलको उच्च मूल्यको असर नेपाललगायत सबै तेल आयातकर्ता मुलुकमा पर्ने भएकाले धेरै अर्थतन्त्र र उपभोक्ताका लागि सन् २०२३ चुनौतीपूर्ण वर्ष निश्चित छ। तेलको मूल्य अमेरिकी डलरमा छ। यही डलरले तेलको मूल्यांकन पनि गरिरहेको छ। साथै, तेलको मूल्य पनि समग्रमा बढ्दै गएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले आगामी केही वर्ष मूल्यवृद्धि र अनिश्चितता रहने उल्लेख गर्दै मौद्रिक नीतिले मूल्यमा स्थिरता कायम राख्ने प्रयास गर्नुपर्ने र आर्थिक नीति जीवनयापनको लागत घटाउने गरी लक्षित हुनुपर्ने जनाएको छ। यद्यपि, यी नीतिहरू धेरै लचिलो हुन नहुनेसमेत औंल्याएको छ।

हाल नेपालको बजारमा महँगीको मार थेगिनसक्नु गरी बढेको छ। चालू आर्थिक वर्षको सुरुवातबाट नै महँगी सरकारको नियन्त्रणभन्दा बाहिर गएको देखिन्छ। देशमा एकैपटक दोब्बर मूल्यवृद्धि हुनु आफैंमा चिन्ताको विषय हो। महँगी बढ्नु स्वाभाविक प्रक्रिया भए पनि अस्वाभाविक किसिमको वृद्धि कुनै अर्थमा पनि उचित हुँदैन। महँगी निरन्तर बढिरहने हो भने त्यसले समाजमा विद्रोहको स्थिति निम्त्याउन सक्ने तथ्य अन्य मुलुकका घटनाक्रमले समेत देखाएका छन्। अस्वाभाविक मूल्यवृद्धिका कारण दैनिक जीवनयापनमा नै कठिनाइ देखिएपछि आमनागरिक विद्रोहको अवस्थामा पुग्ने गर्छन्। यस किसिमको असहज परिस्थिति आउन नदिन बजारलाई स्वस्थ र सन्तुलित राख्न एवं अचाक्ली मूल्यवृद्धि हुनबाट सरकारले रोक्न सक्नुपर्छ।

रुस तथा युक्रेनको युद्धका कारण विश्वभर आपूर्ति प्रणालीको समस्या उत्पन्न भएको छ। नेपालमा पनि उत्पादनमा कमी आएका कारण आयातीत अर्थतन्त्रले महँगी बढेको हो भन्दा अत्युक्ति नहोला। मूल्यवृद्धिले सम्पूर्ण आपूर्ति शृंखलालाई असर गर्छ। समग्र उपभोग्य वस्तुको मुद्रास्फीति बढाउने र क्रयशक्ति घटाउने काम गर्छ। जसले गर्दा गरिब जनतालाई जीवनयापनका लागि झनै कष्टकर बनाउँछ।

नेपालकै सन्दर्भमा हेर्ने हो भने पनि ०४६ सालयता र हालैका सरकारहरूबाट समेत प्रत्येक वर्ष अर्थमन्त्रीले अत्यावश्यक वस्तुहरूको मूल्य बढ्न नदिने र नियन्त्रणभित्र राख्ने आश्वासन दिइरहेका हुन्छन्। तथापि, व्यवहारमा लागू हुन सकेको देखिँदैन। अर्थशास्त्रीका अनुसार उच्च दरको मूल्यवृद्धिबाट हुने नकारात्मक परिणामको बोध हुँदाहुँदै पनि त्यसलाई रोक्न नसकी मुद्रास्फीतिको दर विगतका वर्षयता तीव्र हुँदै जाने क्रम देखा परेको छ।

सामान लुट्ने लुटेरा र मुद्रास्फीतिबीचमा समानता रहेको केही विद्वान् लेखक बताउँछन्। यी दुईबीचमा खास भिन्नता के छ भने लुटेराहरू दृश्यवान् हुन्छन्, मुद्रास्फीति अदृश्य हुन्छ। लुटेराबाट एकजना वा केही व्यक्ति पीडित हुन्छन् भने मुद्रास्फीतिबाट सारा राष्ट्रलाई पीडा हुन्छ। लुटेरा अदालतको कठघरामा उभिनुपर्ने हुन्छ, तर मुद्रास्फीति कानुनतः मान्य हुन्छ।

हालैका महिनामा खाद्यान्नको मूल्य उल्लेखनीय रूपमा वृद्धि भएको छ। यस्तो देखिन्छ, यो एक विश्वव्यापी समस्या हो। हाम्रै छिमेकी मुलुक चीन र भारतमा पनि मुद्रास्फीति उच्च छ। उनीहरूका लागि सबैभन्दा हानिकारक समस्याका रूपमा समेत देखा परेको छ। नेपाल एक अपवाद देश हुन सक्दैन। मुद्रास्फीति कहालीलाग्दो समस्या भएको छ।

नेपालमा मूल्यवृद्धि मापन गर्न नेपाल राष्ट्र बैंकले आधार वर्ष परिवर्तन गर्ने कुरा सार्वजनिक भएको छ। राष्ट्र बैंकले ०८०/८१ लाई आधार वर्ष बनाउने भनेको छ। समयको अन्तरालसँगै उपभोक्ताको व्यवहारमा परिवर्तन आएको भन्दै राष्ट्र बैंकले बजारमा वस्तु तथा सेवाको उपलब्धतामा आएको परिवर्तन तथा प्रादेशिक संरचनालगायतका कारणले आधार वर्ष परिवर्तन गर्न लागेको जनाएको छ। राष्ट्र बैंकले ०८० साउनदेखि ०८१ असार मसान्तसम्म देशका ७७ वटै जिल्लाबाट तथ्यांक संकलन गर्ने बताएको छ। यसबाट वास्तविक मुद्रास्फीतिको अवस्थाको दृश्य देखिने अपेक्षा गर्न सकिन्छ।

(सिंह अर्थविद् हुन्)

अर्थ ज्ञान

केन्द्रीय निक्षेप प्रणाली भनेको के हो ?

धितोपत्रको केन्द्रीय निक्षेप (सेन्ट्रल सेक्युरिटिज डिपोजिटरी) त्यस्तो प्रणाली हो, जसले भौतिक तथा अभौतिक रूपमा धितोपत्र धारण गरी किताबी प्रविष्टिमार्फत हक हस्तान्तरण कार्य सम्भव बनाउँछ। केन्द्रीय निक्षेपले भौतिक रूपमा रहेका धितोपत्रलाई स्थिर गर्ने वा भौतिक प्रमाणपत्ररहित गरी धितोपत्रको विद्युतीय अभिलेखको व्यवस्था गर्दछ। केन्द्रीय निक्षेप कम्पनीमा सहभागी भएका कम्पनीको धितोपत्र सम्बन्धित धितोपत्र धनीबाट आफ्नो जिम्मामा लिई धितोपत्रको खाता राख्ने, धितोपत्र सुरक्षित राख्ने, धितोपत्र वा स्वामित्व अधिकार परिवर्तनसम्बन्धी सेवा प्रदान गर्ने धितोपत्र बजारसम्बन्धी उच्चस्तरीय प्रविधि हो।

केन्द्रीय निक्षेप प्रणालीले दक्ष एवं जोखिममुक्त धितोपत्र कारोबारको वातावरण सिर्जना गरी पुँजी बजारलाई बढी तरल बनाउन, वैदेशिक



लगानीकर्तालाई आकर्षित गर्न तथा अन्तर्राष्ट्रिय स्तरहरूको परिचालनमा सहयोग पुऱ्याउँछ।

- धितोपत्र बोर्ड

बिजनेस @



डा. सूर्यराज आचार्य, पूर्वाधारविद्

'नबनेको' नेपालमा धेरै नागरिक औपचारिक शिक्षाबाट वञ्चित थिए। भौतिक विकास न्यून थियो। तथापि, आफ्ना सन्ततिको भविष्य देशभित्रै सुरक्षित छ भन्नेमा ढुक्क थिए। अहिले 'बनेको' नेपालमा धेरै नागरिक शिक्षित छन्। 'विकास' भएको छ। तर, आफ्ना सन्ततिको भविष्य देशभित्रै सुरक्षित छ भन्नेमा ढुक्क छैनन्।

डा. गोपीकुमार खनाल, विकास अर्थशास्त्री



विश्वमा अहिलेसम्म अरूले बनाइदिएर देश विकसित भएको इतिहास नै छैन। भविष्यमा पनि यस्तो इतिहास लेखिनेवाला छैन। कुनै पनि मुलुकको विकासको स्तर त्यो देशको राजनीतिक नेतृत्वमा बस्नेहरूको त्याग, मिहिनेत र सो देशका सार्वजनिक संस्थाको क्षमता तथा गुणस्तरले निर्धारण गर्दछ।



सुरेशराज न्यौपाने, पत्रकार

मलेसिया हुँदै क्यानडा पठाइदिने रे ! खर्च ३५ लाख, पेस्की पाँच लाख रे ! क्यानडा पुगेको दुई वर्षमै करोडपति रे ! नेपालमा एक लाख तलब भए पनि केही हुँदैन, यहाँ बसेर केही हुँदैन रे ! सामुन्नेको मान्छे पूरै ढुक्क, मलाई जसरी भए पनि पठाइदिनुपऱ्यो रे ! बाफरे, विदेश पठाउने गिरोहको जालो।

अंक र अर्थ

दुई आर्थिक वर्षको साउनमा नेपालले बढी आयात गरेका १५ देश

देश	आव ०७९/८०	आव ०८०/८१
भारत	७८ अर्ब ६६ करोड	८१ अर्ब २५ करोड
चीन	१८ अर्ब ७७ करोड	२१ अर्ब ९५ करोड
युएई	२ अर्ब ५४ करोड	२ अर्ब ३७ करोड
जर्मनी	४३ करोड	१ अर्ब ८६ करोड
युक्रेन	७७ करोड	१ अर्ब ६४ करोड
अस्ट्रेलिया	१ अर्ब ५६ करोड	१ अर्ब ५४ करोड
फ्रान्स	४५ करोड	१ अर्ब ४२ करोड
इन्डोनेसिया	४ अर्ब ९६ करोड	१ अर्ब ३३ करोड
अर्जेन्टिना	४ अर्ब २१ करोड	१ अर्ब २६ करोड
अमेरिका	२ अर्ब ५३ करोड	१ अर्ब ९ करोड
मलेसिया	६२ करोड	९८ करोड
ब्राजिल	७७ करोड	९७ करोड
थाइल्यान्ड	६८ करोड	९७ करोड
सिंगापुर	९४ करोड	८५ करोड
अन्य	१३ अर्ब ४० करोड	९ अर्ब ७७ करोड

■ ९४ वर्ष लागे वारेन बफेट

११ वर्षको हुँदा सेयर किनेर कारोबार सुरु, १२० अर्ब डलर नेटवर्थ

बफेट युनिभर्सिटी अफ नेब्रास्काबाट स्नातक गरेपछि हार्बर्ड बिजनेस स्कुलमा भर्ना गर्न आवेदन दिए। अन्तर्वार्ता पनि भयो। तर, फालिए। त्यसपछि उनी घर गएर बुबालाई के जवाफ दिने भनेर चिन्तित बने।

वारेन बफेट भन्नासाथ उनको सांगोपांगो तस्बिर दिमागमा आउँछ। यिनलाई नचिन्ने मान्छे सायदै कम होलान्। झन् सेयर बजारमा कारोबार गर्नेले त यिनका किताबदेखि कोटेसनसम्म पढेर तिनलाई पछ्याएको पनि हुनुपर्छ। खैर, जेसुकै होस्, बफेट सेयर बजारका बादशाह हुन्, होसियार लगानीकर्ता हुन्। यिनै बफेटले उमेरको थप एक खुड्किलो पार गरेका छन्। ३० अगस्ट १९३० मा अमेरिकाको नेब्रास्कामा जन्मिएका उनी बुधबारबाट ९३ वर्ष पूरा गरी ९४ लागे। आउनुस्, उनै बफेटबारे केही थाहा पाऔं।

११ वर्षमै कारोबारी : ११ वर्षको उमेरमै पहिलो सेयर कारोबार गरेका बफेट अहिले फोर्ब्स रियल टाइम बिलिनियर इन्डेक्सका अनुसार एक खर्ब २० अर्ब डलरभन्दा बढीका मालिक हुन्। बफेट सेयरका बादशाह मात्रै होइनन्, विश्वकै शीर्ष धनाढ्यमध्येका एक व्यक्तिसमेत हुन्। धनीहरूको सूचीमा उनको स्थान पाँचौं नम्बरमा छ। उनको आफ्नै बर्कसायर हाथवे नामक कम्पनी छ। आर्थिक वर्ष २०२३-०२४ को दोस्रो त्रैमासमा यो कम्पनीले १० अर्ब ४० करोड डलर सञ्चालन नाफा गरेको छ।

६५ वर्ष पुरानो घरमा वास : सम्पत्ति कमाएर पनि बफेटको तडकभडक खासै देखिँदैन। सामान्य कमाइ गर्ने मानिस अत्याधुनिक र नयाँ-नयाँ विलासी भवनमा बस्न मन पराउँछन्। तर, यी विश्वकै पाँचौं धनाढ्य बफेट भने ओमाहास्थित ६५ वर्ष पुरानो घरमा बस्दै आएका छन्। उनले तत्कालीन समयमा उक्त घर ३१ हजार डलरमा खरिद गरेका थिए।

बफेट घरमा गरेको लगानीलाई उत्कृष्ट लगानीमध्येको एक बताउँछन्। याहु फाइनान्सका अनुसार अहिले बफेटको घरको मूल्य बढेर १४ लाख ३९ हजार अमेरिकी डलर भएको छ। यो पहिले खरिद गरेको तुलनामा ४४ गुणा बढी हो। बफेटका अनुसार घरले खुसी त दिन्छ, तर भाडामा लिनु आर्थिक रूपले धेरै फाइदाजनक छ। सन् २००९ मा बिबिसीसँगको एउटा अन्तर्वार्तामा उनले भनेका थिए, 'म योभन्दा सुन्दर घरको कल्पना गर्न सक्दिनँ।' यसरी हेर्दा बफेटको पोर्टफोलियोमा घर मात्रै अचल सम्पत्ति हो।

एक अस्वीकृतिले परिवर्तन भएको जिन्दगी : गर्मीको मौसम थियो। बफेट युनिभर्सिटी अफ नेब्रास्काबाट स्नातक गरेपछि हार्बर्ड बिजनेस स्कुलमा भर्ना गर्न आवेदन दिए। त्यसको अन्तर्वार्ता सिकागोको कुनै एक ठाउँमा थियो। उनी पूर्ण तयारीका साथ त्यहाँ पुगे। १० मिनेटसम्म चल्यो अन्तर्वार्ता। तर, उनी अस्वीकृत भए। त्यसपछि उनी आत्तिए। घर गएर बुबालाई के जवाफ दिने भनेर चिन्तित बने।

तर, यही अस्वीकृतिले उनको जीवन परिवर्तन गरिदियो। हार्बर्डका लागि अयोग्य भएपछि अन्य कुनै विश्वविद्यालयमा भर्ना हुनेबारे सोचे। त्यहीवेला कोलम्बिया बिजनेस स्कुलको क्याटलग हात लाग्यो। त्यहाँ रहेका दुई प्रोफेसरमा उनको नजर अडियो। ती नाम थिए, बेन्जामिन ग्राहम र डेभिड डोड।

बफेटले उल्लिखित प्रोफेसरद्वारा लिखित किताब 'सेक्योरिटी एनालाइसिस' पहिले नै पढेका थिए। त्यसपछि अगस्ट मध्यतिर उनले ती दुवै प्रोफेसरलाई चिठी लेखे। 'प्रिय प्रोफेसर डोड ! मलाई लाग्यो, तपाईंहरूको मृत्यु भयो, तर जीवित नै हुनुहुन्छ र कोलम्बियामा पढाउनुहुन्छ भन्ने थाहा पाएँ। म पनि कोलम्बिया आएर पढ्न चाहन्छु।'

त्यसपछि त के, प्रोफेसरले उनलाई कोलम्बिया बोलाए। विश्वविद्यालयमा प्रोफेसर ग्राहमले लगानीबारे उनलाई दुईवटा नियम सिकाए, जुन उनले सदैव पालना गर्छन्। र, उनै बफेट आज विश्वकै ठूलो लगानीकर्ता बनेका छन्।



बफेट-टिप्स

- बफेट भन्छन्, 'तिमीले भन्दा राम्रो गरिरहेका मान्छेहरूको समूह बनाऊ। यसले तिमीलाई अहिलेको स्थितिबाट माथि उठ्न प्रेरणा दिन्छ। असल र सही मान्छेले सधैं तिमीलाई सहयोग नै गर्छ। जसको सहयोग र सुझावले जीवन बुझ्ने उत्कृष्ट दृष्टिकोण दिन्छ।'
- एकपटक उनले युनिभर्सिटीका विद्यार्थीलाई सम्बोधन गर्दै आफ्नो सफलताको फर्मुला अध्ययन रहेको बताए। उनले विद्यार्थीलाई दिनमा कम्तीमा पनि पाँच सय पेज किताब पढ्न अनुरोधसमेत गरे।
- 'साधारण जीवनशैली, आफ्नो सीप निखार्ने, राम्रो कुरामा लगानी गर्ने, नरम निर्णय लिने बफेटका सफलताका सूत्र हुन्। उनी अरूलाई पनि यिनै सूत्र अपनाउन सुझाव दिन्छन्।

बफेटबारे केही रोचक तथ्य

- बफेट नास्तामा ३.१७ डलरभन्दा बढी खर्च गर्दैनन्।
- अहिले पनि सन् १९५८ मा किनेकै घरमा बस्छन्।
- ५० वर्षभन्दा बढी समयदेखि अफिस रहेको भवन परिवर्तन गरेका छैनन्।
- दिनमा करिब ६ घन्टाजति अध्ययन गर्छन्। अध्ययन नगर्दा ब्रिज खेल्छन्।
- अर्बपतिसँगसँगै 'होसियार लगानीकर्ता' पनि हुन्।

बफेटबाट लगानीकर्ताले के सिक्ने ?

- सेयर खरिद गर र लामो समयसम्म 'होल्ड' गर।
- सेयर बजारमा अरू लोभी बन्दा तिमी डरपोक बन, अरू डरपोक बन्दा तिमी लोभी बन।
- फेयर कम्पनीको सेयर चर्को मूल्यमा किन्नुभन्दा राम्रो कम्पनीको सेयर फेयर प्राइसमा किन।
- प्रोर्टफोलियो सधैं विविधीकरण गर। जोखिम कम गर्न अलग-अलग कम्पनीमा लगानी गर।
- एक दिनको कारोबारी बन्नुभन्दा पनि दीर्घकालीन लक्ष्य लिएर सेयर बजारमा प्रवेश गर। १५ देखि २० प्रतिशतको रिटर्नलाई राम्रो मान।

कुन वर्ष कति नेटवर्थ ?

वर्ष	नेटवर्थ (डलरमा)
सन् २०१४	५८ अर्ब २० करोड
सन् २०१५	७२ अर्ब ७० करोड
सन् २०१६	६० अर्ब ८० करोड
सन् २०१७	७५ अर्ब ६० करोड
सन् २०१८	८४ अर्ब
सन् २०१९	८२ अर्ब ५० करोड
सन् २०२०	६७ अर्ब ५० करोड
सन् २०२१	९६ अर्ब
सन् २०२२	१ खर्ब १८ अर्ब
सन् २०२३	१ खर्ब ६० अर्ब

स्रोत : फोर्ब्स

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार १७ भदौ ०८०

■ प्रधानमन्त्रीको चीन भ्रमणमा पूर्वाधारका प्रस्तावित एजेन्डा

अरनिको, कर्णाली तथा कोशी करिडोर स्तरोन्नति गर्ने र टोखा–छहरे सुरुङमार्गको डिपिआर बनाउने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालले चिनियाँ अनुदानमा चीनसँग जोडिएका तीन राजमार्ग कर्णाली करिडोर, अरनिको राजमार्ग र कोशी करिडोर स्तरोन्नति गर्ने प्रस्ताव गर्ने भएको छ। अहिले कर्णाली र कोशी करिडोर निर्माणकै चरणमा छ भने अरनिको राजमार्ग भने सञ्चालित अवस्थामा छ। यी आयोजनाहरू चिनियाँ अनुदानमा स्तरोन्नति गर्ने प्रस्ताव भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गर्न लागेको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आसन्न चीन भ्रमणमा पूर्वाधारका प्रस्तावित एजेन्डा भौतिक पूर्वाधारले परराष्ट्र मन्त्रालयमा पठाइसकेको छ। परराष्ट्रले त्यसलाई अन्तिम रूप दिने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव अर्जुनजंग थापाले बताए। प्रधानमन्त्री प्रचण्ड असोज पहिलो साता उत्तर छिमेकी मुलुक चीन भ्रमणमा जाँदै छन्।

कर्णाली करिडोरअन्तर्गतको हिल्सा-खुलालु खण्ड (२९० किमि) स्तरोन्नति गर्ने प्रस्तावको पनि तयारी गरिएको छ। हाल यस सडकको अझै तीन किलोमिटर खण्डको टुच्चाक खुल्न बाँकी छ। कतिपय ठाउँमा सडक सञ्चालनमा पनि आइसकेका छन् भने कतिपय ठाउँमा सडक कालोपत्रे भएका छन्। तर, थुप्रै बाँकी काम चिनियाँ अनुदानमा गर्ने गरी प्रस्ताव तयार गरेको मन्त्रालयका एक उच्च अधिकारीले बताए। विशेष गरी यो सडकको एक लेन चिनियाँ सहयोगमा कालोपत्रे गर्ने एजेन्डा बनाइएको छ। सडकको संरचना र पुल दुई लेनकै भए पनि कालोपत्रे भने एक लेनको मात्रै गर्ने प्रस्ताव तयार गरिएको स्रोतको भनाइ छ। यसमा माथिल्लोपटिको ९० किमि सडक स्तरोन्नति गर्न चिनियाँ पक्ष सकारात्मक देखिएको स्रोतले जानकारी दिएको छ।



■ राजनीतिक दबाबमा दिपायल-चाक्लाकोट सडक पनि एजेन्डामा

डोटीको दिपायलदेखि बझाङको चाक्लाकोट (चिनियाँ नाका)सम्म सडक बनाउने गरी प्रस्ताव तयार गरिएको छ। हाल यसको तल्लो खण्डको काम सामान्य रूपमा भएको छ। माथिल्लो खण्डको भने डिपिआरसमेत तयार भएको छैन। त्यो सडक बनाउन पनि चिनियाँ भ्रमणको एजेन्डा तय गरिएको छ। विशेष गरी राजनीतिक दबाबमा यो प्रस्ताव तयार गरिएको मन्त्रालयका एक अधिकारीले बताए। 'चाक्लाकोटदेखि हिल्सा नाका १५ किलोमिटर हाराहारीको दूरीमा छ। तत्काललाई भ्रमणमा यो एजेन्डा राख्न आवश्यक थिएन। पाँच हजार मिटर उचाइमा रहेको त्यो लेकमा सडक बनाउन पनि चुनौती नै छ,' स्रोतले भन्यो, 'तर, राजनीतिक दलहरूले यो कुरा बुझ्न सक्नुभएन। दबाब आएपछि हामी पनि एजेन्डामा राख्न बाध्य भयौं।'

यस्तै, अरनिको राजमार्ग पनि चिनियाँ अनुदानमै स्तरोन्नति गर्ने प्रस्ताव तयार गरिएको छ। चीनकै प्राविधिक तथा आर्थिक सहयोगमा सन् १९६७ मा एक सय ४४ किलोमिटर अरनिको राजमार्ग बनेको थियो। यो चीनसँग जोडिएको पहिलो सडक पनि हो। नौ मिटर चौडाइको सडक स्तरोन्नति गर्नुपर्ने अवस्था पुगेको छ। अब चिनियाँ सहयोग धुलिखेलदेखि तातोपानी खण्ड (८४ किमि)लाई दुई लेनमा स्तरोन्नति गर्ने र त्यहाँका दर्जनौं पहिरोलाई नियन्त्रण गर्ने प्रस्ताव गरिएको छ।

चैत ०७१ मा तत्कालीन राष्ट्रपति रामवरण यादवको चीन भ्रमणमा एक अर्ब चिनियाँ युयान सहयोगमा यो सडक स्तरोन्नति गर्ने समझदारी भएको थियो। तर, कार्यान्वयन भएको छैन। अहिले प्रधानमन्त्रीको भ्रमणमा यसलाई एजेन्डा बनाउन लागिएको हो। यसलाई मुख्य एजेन्डाका रूपमा अघि बढाइएको मन्त्रालयको भनाइ छ।

यस्तै, कोशी करिडोरको एक सय ६२ किलोमिटर सडक पनि कालोपत्रे गर्न आग्रह गर्ने प्रस्ताव मन्त्रालयले तयार गरेको छ। हाल नेपाली सेनाले यस करिडोरको टुच्चाक खोल्ने काम गरिरहेको छ। त्यो टुच्चाक खुल्न अझै दुई वर्ष लाग्ने सेनाको भनाइ छ। तर, मन्त्रालयले उक्त सडकको कालोपत्रे गर्ने प्रस्ताव चीन पठाउन लागेको हो।

टोखा-छहरे सुरुङको डिपिआर

मन्त्रालयले चीनलाई टोखा-छहरे सुरुङमार्गको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बनाइदिन पनि आग्रह गर्ने प्रस्ताव तयार गरेको छ। चार किमि लम्बाइ हुने उक्त सुरुङमार्गको अध्ययन अहिले चिनियाँले नै गरिरहेको छ। त्यसलाई डिपिआरको चरणसम्म पुऱ्याउने प्रस्ताव मन्त्रालयले गरेको छ। यो सुरुङ बनेपछि रुसुवागढी नाकासम्मको दूरी कम हुनेछ। त्यसैले यो सुरुङमार्ग व्यापारिक रूपमा पनि महत्त्वपूर्ण रहेको छ। त्यसैले भ्रमणमा यसलाई महत्त्वका साथ राखिने मन्त्रालयको भनाइ छ।

चिनियाँ राष्ट्रपति सी जिनपिङले ०७६ असोजमा गरेको नेपाल भ्रमणमा यो सुरुङको निर्माणमा सहयोग गर्ने बताएका थिए। सोहीअनुसार अहिले चीनले आफ्नै लगानीमा यसको अध्ययन गरिरहेको छ। चाइना कम्युनिकेसन कन्स्ट्रक्सन कम्पनीको जियोलोजी, टनेल र राजमार्गसम्बन्धीको प्राविधिक टोलीले यसको अध्ययन गरिरहेको छ। यो सुरुङमार्ग काठमाडौंको टोखाबाट सुरु भएर नुवाकोटको थानसिङआसपास क्षेत्रमा निस्कनेछ। त्यहाँबाट काठमाडौं-रसुवागढी सडकअन्तर्गत पर्ने वेत्रावतीसम्म ३४ किमि सडक निर्माण गरिनेछ। अहिले वेत्रावतीबाट रसुवागढीसम्म एसियाली मापदण्डको डबल-लेन सडक निर्माण भइरहेको छ। त्यो अवस्थामा सुरुङ बनाउन सके काठमाडौंबाट रुसुवागढीको यात्रा छोटिनेछ।

मन्त्रालयका सहसचिव अर्जुनजंग थापाले चिनियाँ नाकासँग जोडिएका केही सडक र टोखा सुरुङमार्गसम्बन्धी एजेन्डा बनाएर परराष्ट्र मन्त्रालयमा पेस गरेको बताए। अब त्यसलाई परराष्ट्र मन्त्रालयले नै अन्तिम रूप दिने उनको भनाइ छ।

'हामीले केही महत्त्वपूर्ण आयोजनाको स्तरोन्नति तथा विकाससम्बन्धी एजेन्डा बनाएर परराष्ट्र मन्त्रालयमा पेस गरेका छौं,' उनले भने, 'अब सोही मन्त्रालयले नै त्यसलाई अन्तिम रूप दिनेछ।'

एजेन्डामा परेन चक्रपथ

प्रधानमन्त्री चीन भ्रमणमा जाँदै गर्दा चिनियाँ सहयोगमै अघि बढेका चक्रपथ विस्तार आयोजनासम्बन्धी एजेन्डा भने समावेश गरिएको छैन। चक्रपथ विस्तार (दोस्रो खण्ड, कलंकी-वसुन्धरा)को काम अझै अघि बढेको छैन। त्यसअनुसार यससम्बन्धी एजेन्डा प्रधानमन्त्रीको चीन भ्रमणमा हुनुपर्ने सरोकारवालाको जोड छ। तर, सरकारले यो विषयलाई बाइपास गरेको छ। मन्त्रालयका सहसचिव थापाले पनि भ्रमणमा यससम्बन्धी एजेन्डा नभएको बताए।

'यस सम्बन्धमा पुरानै सम्झौताले काम गर्छ। त्यसैले यससम्बन्धी एजेन्डा बनाएनौं,' उनले बताए। चीनले ०७५ मै चक्रपथको पहिलो खण्ड (कोटेश्वर-एकान्तकुना-कलंकी) विस्तार गरिसकेको छ। त्यसलगतै दोस्रो खण्ड विस्तार गर्ने भने पनि अझै काम सुरु भएको छैन। पाँच वर्षदेखि यो आयोजना अलपत्र छ।

वायुसेवा कम्पनीलाई क्यानको कसिलो नीति

वायुसेवा कम्पनीसँग तीनवटा जहाज हुनैपर्ने

नयाँ पत्रिका

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले वायुसेवा कम्पनीहरूका लागि कसिलो मापदण्ड तयार पारेको छ। एयर अपरेटर सर्टिफिकेट रिक्वायरमेन्ट्स (एओसिआर) दसौं संशोधनमार्फत क्यानले वायुसेवा कम्पनी सञ्चालनमा कडाइ गरेको हो। संशोधित मापदण्ड क्यानका महानिर्देशबाट स्वीकृत भइसकेको छ। वायुसेवा सञ्चालनका लागि पर्यटन मन्त्रालयबाट इजाजतपत्र (लाइसेन्स) लिएपछि क्यानबाट एयर अपरेटर सर्टिफिकेट (एओसी) लिनुपर्छ। एओसी लिनका लागि विभिन्न कानुनी, आर्थिकलगायत मापदण्ड परिपालना गर्नुपर्ने हुन्छ। सोही व्यवस्थाहरू भएको एओसिआर संशोधन गरी नयाँ मापदण्ड तयार गरेको क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए।

अब वायुसेवा सञ्चालन गर्न इच्छुक नयाँ कम्पनीहरूसँग न्यूनतम तीनवटा जहाज हुनैपर्ने व्यवस्था गरिएको छ। सञ्चालनमा रहेका र नयाँ दर्ता हुने सबै वायुसेवा कम्पनीहरूले आगामी पाँच वर्षभित्र जहाजको संख्या न्यूनतम पाँचवटा बनाउनुपर्ने व्यवस्था गरिएको छ। यदि पाँचवटा जहाज पुऱ्याउन नसके वा आर्थिक रूपमा कमजोर भए मर्जरमा जान सक्ने सुविधा दिइएको छ। पाँच वर्षमा जहाज पाँचवटा नपुऱ्याए एओसी खारेज हुने भुलको भनाइ छ।

वायुसेवा कम्पनीका अध्यक्ष, सेयर लगानीकर्ता, कार्यकारी निर्देशक, एकाउन्टेबल म्यानेजर, पोस्ट होल्डरहरूले क्यान तथा सरकारका नीतिविपरीतका क्रियाकलाप सञ्चालन गर्न एवं सो सम्बन्धमा आफ्ना धारणा सार्वजनिक रूपमा व्यक्त गर्न नपाइने व्यवस्था गरिएको छ। यस्तै, वायुसेवा कम्पनीका एकाउन्टेबल म्यानेजर तथा पोस्ट होल्डरहरूले कम्पनीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वार्थ बाझिने प्रकृतिका गतिविधि एवं टुर्स एन्ड ट्राभलजस्ता व्यावसायिक काममा संलग्न हुन नपाउने नीति लिइएको छ।

वायुसेवा कम्पनीका अध्यक्ष, सेयर लगानीकर्ता, कार्यकारी निर्देशक तथा एकाउन्टेबल म्यानेजरले क्यानद्वारा प्रदान गरिएको सिपिएल, एटिपिएल वा एएमएल लाइसेन्स प्राप्त गरेको भए सोको अभ्यास व्यावसायिक उडान वा मर्मत-सम्भार गतिविधिमा गर्न नपाउने भएका छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

पाइलटले उडानबाहेक अन्य व्यावसायिक गतिविधिमा संलग्न रहन नपाउने व्यवस्था गरिएको छ। अब नो अब्जेक्सन सर्टिफिकेट प्राप्त गरेको न्यूनतम पाँच वर्षको अवधिसम्म सेयर लगानीकर्ताले आफ्नो सेयर बिक्री वा हस्तान्तरण गर्न पाउनेछैनन्। क्यानको स्वीकृतिविना कुनै पनि सरकारी स्वामित्व प्राप्त एवं निजी वायुसेवा कम्पनीहरूले एकाउन्टेबल म्यानेजर तथा पोस्ट होल्डरहरू नियुक्त गर्न पाइनेछैन। क्यानले वायुसेवा कम्पनीहरूको एकाउन्टेबल म्यानेजरको नियुक्ति, आवश्यक न्यूनतम योग्यता, अनुभव तथा अख्तियारी सम्बन्धमा विशेष कार्यविधि जारी गरेको हुनुपर्नेछ।

अर्थतन्त्र सकारात्मक दिशाउन्मुख : अर्थमन्त्री

काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्र सकारात्मक दिशाउन्मुख भएको बताएका छन्। अर्थतन्त्रमा केही समस्या देखिएको भए पनि सरकारले त्यसलाई समाधान गरेर लयमा ल्याउने प्रयास गरिरहेको बताएका हुन्।

शनिबार काठमाडौंमा आयोजित आर्थिक पत्रकार समाज (सेजन)को २५औं वार्षिक साधारणसभामा बोल्दै अर्थमन्त्रीले देशको अर्थतन्त्रलाई लयमा ल्याउन आफू लागिपरेको बताएका हुन्। 'देशको अर्थतन्त्रलाई लयमा ल्याउने प्रयास मैले गरिरहेको छु,' उनले भने, 'पत्रकार जगत्, बैंकिङ र निजी क्षेत्रबाट पनि म त्यही किसिमको सहयोगको अपेक्षा गर्छु।'

सरकारी प्रयासको परिणामस्वरूप आगामी दिनमा देशको अर्थतन्त्र सकारात्मक दिशामा जाने उनले बताए। 'पर्यटन क्षेत्रमा सुधार भइरहेको छ, विदेशी मुद्राको सञ्चित पर्याप्त छ।



सेजनमा नयाँ कार्यसमिति

नेपाल आर्थिक पत्रकार समाज (सेजन)को अध्यक्षमा सुजन ओली निर्वाचित भएका छन्। शनिबार काठमाडौंमा सम्पन्न सेजनको २५औं वार्षिक साधारणसभा तथा अधिवेशनबाट क्यापिटल नेपालका ओलीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको हो। साधारणसभामा उपाध्यक्षमा ग्यालेक्सी फोरके टेलिभिजनका विनय बज्जरा, महासचिवमा गोरखापत्र दैनिकका विश्वास रेग्मी निर्वाचित भएका छन्। सचिवमा क्लिमान्डु डटकमका सोभित थपलिया र कोषाध्यक्षमा अनलाइन खबरका अच्युत पुरी निर्वाचित भएका हुन्। सदस्यहरूमा उकालो डटकमकी केशु लामिछाने, राससका हेमन्त जोशी, अन्नपूर्ण पोष्टकी ममता थापा, एनएनटिभीका छवि सापकोटा र बिजमान्डु डटकमका वसन्तराज उप्रेती निर्वाचित भएका हुन्।

सुर्खेतको पूर्वीभाग एक वर्षभित्र कालोपत्रे हुने

सुर्खेत/ मदन भण्डारी राजमार्गअन्तर्गतको सुर्खेतको पूर्वीभाग धुलियाबिट-भेडाबारी सडक एक वर्षमा कालोपत्रेको काम सकिने भएको छ। मदन भण्डारी राजमार्ग ट्रयाक खुलेको ४८ वर्षपछि कालोपत्रे हुने भएको हो।

०३२ मा तत्कालीन राजा वीरेन्द्र सुर्खेतमा आउँदा उनलाई देखाउनका लागि धुलियाबिट-भेडाबारी सडक निर्माण थालिएको थियो। निर्माण थालिएको लामो समयसम्म पनि स्तरोन्नतिको काम हुन सकेको थिएन।

लामो समयदेखि रूख कटानको अनुमति नपाउँदा निर्माणका काममा अवरोध भएको अहिले रूख कटान र सडक स्तरोन्नतिको काम भइरहेको शनिबार सडकको अनुगमन गर्दै भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वालाले बताए। 'सडक निर्माणले अहिले गति लिएको सुर्खेतको पूर्वीभागमा रहेको सडक एक वर्षमा निर्माण सकिन्छ,' उनले भने, 'पश्चिम भागको राजमार्गले चाँडै कामको गति लिनेछ।'

सडकको काम तीव्र रूपमा गर्न रूख कटानका लागि वन मन्त्रालयले अनुमति दिइसकेको अहिले रूख कटानको कामसँगै सडक निर्माणको काम तीव्र रूपमा गर्न मन्त्री ज्वालाले बताए। 'यो सडक एक वर्षमा कालोपत्रेको काम पूरा हुने लक्ष्य राखिएको छ,' उनले भने, 'लक्ष्यअनुसार नै काम भइरहेकाले निर्माणको काम चाँडै पूरा हुन्छ।'

मदन भण्डारी राजमार्गको सुर्खेत पूर्वीभागमा ३५ किलोमिटर रहेको अहिले पश्चिम भागमा ९४ किलो मिटर रहेकोमा त्यहाँ ठेक्का लागेर काम अगाडि बढाइएको मदन भण्डारी राजमार्गका आयोजना प्रमुख शम्भुप्रसाद आचार्यले बताए। धुलियाबिटदेखि बोटेचौरसम्म ३५ किलोमिटरमा सडकको हाल करिब चार मिटर मात्रै चौडाइ छ। अब नौ मिटर फर्मेसन ब्रिज रहने यो सडक स्तरोन्नति गर्दा सात मिटर चौडाइबराबर कालोपत्रे गरिने ज्वालाको भनाइ छ।

■ १२ पुल निर्माण हुँदै

मदन भण्डारी राजमार्गको सुर्खेतखण्डमा १२ पुल निर्माण हुने भएका छन्। पुल निर्माणको ठेक्का प्रक्रिया अगाडि बढेको र केहीमा पुल निर्माण भइसकेको आयोजनाका प्रमुख आचार्यले जानकारी दिए। 'दुईवटा पुलको निर्माण कार्य सकिएको छ।' उनले भने, 'अन्य पुलहरूको ठेक्का पक्रियामा गएर निर्माणको काम भइरहेको छ।'

राजमार्गअन्तर्गतको धुलियाबिट-भेडाबारी सडकको सुर्खेतको पूर्वीभागका वीरेन्द्रनगर नगरपालिका-११ र १३, लेकबेंसी नगरपालिकाका १, २, ३, ४, ६, ७, ९ र १० तथा गुर्भाकोट नगरपालिकाका १०, १२, १३ र १४ नम्बर वडा लाभान्वित हुनेछन्। सुर्खेतबाट काठमाडौं जानसमेत हालको भन्दा ५० किलोमिटर दूरी छोटो पर्नेछ।

तेल अपचलनमा संलग्न व्यवसायी जमरकट्टेल हिरासतमा

कास्कीमा **रोहितराज पराजुली**

नेपाल आयल निगमको कास्की गगनगौंडास्थित गण्डकी प्रादेशिक कार्यालयबाट तीन हजार लिटरभन्दा बढी डिजेल अपचलन घटनामा दोषी पेट्रोलपम्प व्यवसायी तथा ट्यांकरधनी बाबुराम जमरकट्टेल प्रहरी हिरासतमा रहेका छन्। बिहीबार कास्की प्रहरीसमक्ष आत्मसमर्पण गरेका जमरकट्टेललाई प्रहरीले शुक्रबार जिल्ला अदालतमा पेस गरी पाँच दिन म्याद थप गरी न्यायिक हिरासतमा राखेको हो। उनी अपचलन गरिएको डिजेल ढुवानीमा प्रयोग गरिएको ग.२ख ८३६ नम्बरको ट्यांकरधनी तथा सो तेल किनेर लैजाने पश्चिमाञ्चल ट्रेडर्स नामको पेट्रोलपम्पका सञ्चालक हुन्। निगमले २६ साउनदेखि जमरकट्टेलको पम्पमा तेल ढुवानी रोकेको छ।

व्यवसायी जमरकट्टेल समातिए पनि निगमको पोखरास्थित तत्कालीन डिपो प्रमुख चित्तरञ्जन दास भने अझै फरार छन्। व्यवसायी जमरकट्टेल र दासविरुद्ध प्रहरीले ३० साउनमा पत्राउ पुर्जी जारी गरेको थियो।

गत २५ साउनमा निगमको पोखरा डिपोबाट १२ हजार लिटर डिजेल खरिद गरेर पोखरा-२७ स्थित पश्चिमाञ्चल ट्रेडर्समा लाँदै गरेको ट्यांकरमा तीन हजार दुई सय लिटर डिजेट बढी रहेको अवस्थामा जिल्ला प्रशासन कार्यालय, कास्कीको टोलीले समातेको थियो। प्रहरी थुनामा रहेका जमरकट्टेल लेखनाथ उद्योग वाणिज्य संघको दुई कार्यकाल अध्यक्ष भइसकेका छन्। उनी नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका केन्द्रीय सदस्यसमेत हुन्।

घटनापछि जिल्ला प्रशासन कार्यालय कास्कीले भष्ट्राचार निवारण ऐनसँग सम्बन्धित रहेको भन्दै आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पोखरास्थित कार्यालयलाई २६ साउनमा लेखिपठाएको थियो भने आवश्यक थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय हंसपुरलाई लेखिपठाएको थियो। अहिले घट्नाका सम्बन्धमा अख्तियारसँगै हंसपुर प्रहरीले समेत अनुसन्धान जारी राखेका छन्।

हंसपुरका प्रहरी प्रमुख डिएसपी प्रकाश दाहालका अनुसार जिल्ला प्रशासनको पत्रपछि कार्यालयले प्रारम्भिक अनुसन्धान सकेर २९ साउनमा मुलुकी अपराध संहिता २०७४ परिच्छेद २१ को दफा २५२ बमोजिमको कसुरअन्तर्गत आपराधिक विश्वासघात (ठगी) शीर्षकमा जिल्ला अदालत कास्कीमा मुद्दा दर्ता गरेको थियो। प्रहरीले मुद्दा दर्ता गरेपछि अदालतले ३० साउनमा चारजनालाई पक्राउ गरी थप अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको थियो। अनुमति पाएपछि सोही दिन घट्नामा संलग्न रहेको आरोपमा गण्डकी धौलागिरि पोट्रोलियम डिलर्स एसोसिएसनका कार्यालय सचिव ५१ वर्षका जगन्नाथ ढुंगानलाई र ट्यांकरका चालक २८ वर्षका निर्मल थापालाई २९ साउनमा प्रहरीले पक्राउ गरेको थियो।

दाहालका अनुसार घट्नामा संलग्न भएको आरोप लागेका तीनजना न्यायिक हिरासतमा रहेकाले उनीहरूलाई कानुनी हदम्यादभित्र अदालत लैजाने तयारी भएको छ। ढुंगाना र थापालाई आउँदो दुई-तीन दिनभित्र जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाउने प्रहरीको तयारी छ।

स्रोतका अनुसार घटनापछि दाहाल र जमरकट्टेल करिब एक साता पोखरामै लुकेर बसेका थिए। त्यसपछि दास भारततर्फ गएको स्रोतको भनाइ छ। उनलाई भारततर्फ लगेर लुकाउन आयल निगमका उच्चपदस्थ कर्मचारीसमेत क्रियाशील भएको स्रोतले बताएको। नियमित रूपमा डिपोमा रकम बुझाएको भन्दा बढी तेल लैजाने गरेका जमरकट्टेलले करिब १० लाख रुपैयाँ दासलाई बुझाउन बाँकी नै रहेको प्रहरीको अनुसन्धानमा खुलेको छ।

■ जमरकट्टेललाई बचाउन उच्चपदस्थको दबाब

तेल अपचलनमा दोषी भेटिएका पम्प व्यवसायी बाबुराम जमरकट्टेललाई बचाउन राष्ट्रपति कार्यालयदेखि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसम्म क्रियाशील भएका छन्। जमरकट्टेलले आफ्ना ससुरा कमल पंगेनीमार्फत राष्ट्रपति कार्यालय दुरुपयोग गर्न लगाइरहेका छन्। पंगेनी राष्ट्रपति रामचन्द्र पौडेलका घनिष्ट मित्र हुन्। उनीहरू क्याम्पस पढ्दादेखि नै राजनीति सुरु गरेका नजिकका साथी भएको स्रोतको भनाइ छ।

तेल अपचलन घटनाबारे अनुसन्धान गरिरहेका कार्यालयलाई राष्ट्रपति र गण्डकी प्रदेशको मुख्यमन्त्री कार्यालयबाट दबाब आइरहेको एक कर्मचारीले बताए। 'हामीलाई सुरुदेखि नै जमरकट्टेललाई बचाउन राष्ट्रपति कार्यालयदेखि गण्डकी मुख्यमन्त्री कार्यालयसम्मको दबाब आएको छ, दबाबका कारण निकै तनावमा हामीले काम गरिरहेका छौं,' अनुसन्धानमा संलग्न एक कर्मचारीले भने, 'तैपनि, हामी अनुसन्धानमा जे देखिन्छ, सोहीअनुसार कारबाही प्रक्रिया अघि बढाउने गरी काम गरिरहेका छौं।'

सहकारी ऐन उल्लंघन गर्ने १७ वटा सहकारी संस्थाको दर्ता खारेज

धनकुटामा **सन्तोष रुचाल**

धनकुटा नगरपालिकाले सहकारी ऐन उल्लंघन गर्ने १७ वटा सहकारी संस्थाको दर्ता खारेज गरेको छ।

ऐनको प्रावधान कार्यान्वयन गर्न पटक-पटक ताकेता गर्दा पनि अटेर गर्ने बचत तथा ऋण, उपभोक्ता, कृषि, दुग्ध र विद्युत् सहकारीको दर्ता खारेज गरिएको हो।

खारेज हुनेमा धनकुटा-१ को जनकल्याण बचत तथा ऋण सहकारी, जनसहारा उपभोक्ता सहकारी र मकालु चिया तथा कफी उत्पादन साना किसान सहकारी संस्था रहेका छन्। यस्तै, धनकुटा-२ को भिरगाउँ दुग्ध उत्पादक सहकारी, मधुगंगा सुन्तले विद्युत् सहकारी, नवबिहानी कृषि सहकारी, धनकुटा-३ को सुगन्धित चिया उत्पादक सहकारी, धनकुटा-४ को हजुरको उपभोक्ता सहकारी र सदाबहार कृषि सहकारी खारेजीमा परेका छन्। साथसाथै धनकुटा-५ को क्रमिक दैनिक बचत तथा ऋण सहकारी, धनकुटा-६ को अन्नपूर्ण बचत तथा ऋण सहकारी, अर्गानिक तरकारी उत्पादन तथा कृषि पर्यटन सहकारी, धनकुटा-७ को सहयात्री कृषि सहकारी, धनकुटा-८ को टेकुनाला कृषि सहकारी, आठपहरिया कृषि सहकारी र सान्ताङ कृषि सहकारीको दर्ता पनि खारेज गरिएको छ।

धनकुटा नगरपालिकाको सहकारी ऐनमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र लेखापरीक्षण गराउनुपर्ने, ६ महिनाभित्र संस्थाको साधारणसभा बोलाउनुपर्ने र यसको विवरण नगरपालिकामा बुझाउनुपर्ने प्रावधान छ।

सो प्रावधानविपरीत चार वर्षभन्दा अधिदेखि लेखापरीक्षण र साधारणसभा नगरेका र कार्यालयमा विवरण नबुझाउने सहकारी संस्थाहरूको दर्ता खारेज गरिएको नगरपालिकाले जनाएको छ। नौवटा कृषि सहकारी, तीनवटा बचत तथा ऋण सहकारी, तीनवटा उपभोक्ता सहकारी तथा एक-एकवटा दुग्ध र विद्युत् सहकारी खारेजीमा परेका छन्।

ऐनको व्यवस्थाअन्तर्गत नचल्ने सहकारीबाट आममानिस ठगिन वा समस्यामा पर्न सक्ने भएकाले दर्ता खारेज गर्नुपरेको धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले बताए। 'वर्षौंदेखि साधारणसभा नगर्ने, अडिट नगर्ने सहकारीबाट उपभोक्ता ठगिन सक्छन्,' मेयर तामाङ भने, 'कुनै पनि मानिस समस्यामा पर्नुहुँदैन भनेर पटक-पटक ताकेता गर्दा पनि नमानेपछि त्यस्ता सहकारीको दर्ता खारेज गरेका छौं।' अहिले १७ वटा सहकारी खारेजीमा परेका र अरू सहकारीको विषयमा पनि अनुगमन गर्ने मेयर तामाङको भनाइ छ।

> 'सहकारीबाट आममानिस ठगिन वा समस्यामा पर्न सक्ने भएकाले दर्ता खारेज गर्नुपरेको हो'

नियमअनुसार नगरपालिकामा विवरण नबुझाएपछि त्यस्ता सहकारीलाई सम्पर्कमा आउन पटक-पटक सूचना जारी गरिएको थियो। अन्तिमपटक गत साउन ३० गते २१ वटा सहकारीलाई सम्पर्कमा आउन १५ दिनको म्याद दिइएको थियो। समयसीमाभित्र चारवटा सहकारी सम्पर्कमा आएर साधारणसभा गर्ने प्रतिबद्धता जनाएका र बाँकी सम्पर्कमा नआएकाले उनीहरूको दर्ता खारेज गरिएको धनकुटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिनाथ सुवेदीले जानकारी दिए।

ती सहकारीले तिर्नु वा बुझाउनुपर्ने दायित्व भए साबिकको सञ्चालक समितिका पदाधिकारीसँग सम्पर्क गरी फरफारक गरी लिन र अबउप्रान्त ती संस्थाहरूको नामबाट कुनै कारोबार नगर्न-नगराउन पनि नगरपालिकाले सूचित गरेको छ।

नबिललाई 'एम्बिसन्स एन्ड डेभलपमेन्ट' अवार्ड

काठमाडौं/ नबिल बैंकले कम्बोडियाको सिमरिपमा आयोजित टक्स एसिया २०२३ मा 'एम्बिसन्स एन्ड डेभलपमेन्ट फर कन्सिस्टेन्ट ग्रोथ एन्ड इन्ट्रोडक्सन अफ न्यू सर्भिसेस' अवार्ड प्राप्त गरेको छ। कम्पास प्लस टेक्नोलोजीले नबिल बैंकलाई बैंकिङ क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग तथा निरन्तर अपग्रेडका लागि पुरस्कृत गरेको हो। २०२३ अगस्ट १८ मा भएको कार्यक्रममा नबिल बैंकका प्रमुख अपरेटिङ अफिसर गणेशप्रसाद अवस्थीलाई उक्त अवार्ड प्रदान गरिएको थियो। कार्यक्रममा बंगलादेश, कम्बोडिया, मलेसिया, भारतलगायत विभिन्न देशका



अन्तर्राष्ट्रिय प्रतिनिधिहरूले सहभागिता जनाएका थिए।

'हामीले नेपालमा ल्याएका विभिन्न नवीनतम डिजिटल बैंकिङ सेवाका लागि यो प्रतिष्ठित अन्तर्राष्ट्रिय अवार्ड पाउनु हाम्रा लागि गौरवको कुरा हो,' नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले बताए। यस अवार्डले बैंकलाई हौसला मिलेको उनले बताए। उनले भने, 'हामीले नेपालमा अन्तर्राष्ट्रिय डिजिटल बैंकिङ सेवा ल्याएका छौं। यो सम्मानले पक्कै पनि हामीलाई डिजिटल बैंकिङमा ग्राहकको अनुभवलाई सहज बनाउन थप काम गर्न प्रोत्साहित गरेको छ।'

आइएमई लाइफ इन्स्योरेन्स बिजनेस एक्सिलेन्स अवार्ड सम्पन्न

काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको 'आइएमई लाइफ बिजनेस एक्सिलेन्स अवार्ड, २०२३' सम्पन्न भएको छ। आर्थिक वर्ष ०७९/८० मा उत्कृष्ट कार्य गरेका शाखा कार्यालय, उत्कृष्ट अभिकर्ता, धेरै बिमालेख जारी गर्ने अभिकर्तालगायतलाई अवार्ड वितरण गरिएको कम्पनीले जनाएको छ। उत्कृष्ट शाखा एवं शाखा प्रमुखलाई आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकाल, प्रबन्ध निर्देशक हेमराज ढकाल, कम्पनीका सञ्चालक समितिका निर्देशकहरू दीपचन्द्र रेग्मी, विनोद केसी, उषा ढकाललगायतले अवार्ड वितरण गरेका थिए। तीन सयभन्दा बढी



अभिकर्ताको उपस्थिति रहेको कार्यक्रममा बोल्दै आइएमई ग्रुपका अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालले बिमा क्षेत्रले देश र समाजको आर्थिक गतिविधिमा टेवा पुऱ्याउनुका साथै अभिकर्ताका रूपमा स्वरोजगारको समेत अवसर दिने बताए। आइएमई ग्रुपका प्रबन्ध निर्देशक एवं नेपाल उद्योग परिसंघ (सिएनआई)का उपाध्यक्ष हेमराज ढकालले कम्पनीले पछिल्ला ६ वर्षको अवधिमा उत्साहजनक गति लिएको उल्लेख गर्दै प्रविधिको उपयोग गर्दै सेवा प्रवाह गर्ने क्षेत्रमा फड्को मारिरहेको बताए।

यसैगरी, कम्पनीका प्रमुख कार्यकारी अधिकृत कवि फुँयालले यस पेसालाई सम्मानित बनाउन हरेक बिमा अभिकर्तालेबिमा परामर्शदाताको भूमिकामा आउनुपर्ने बताए। आगामी समयमा कम्पनीले नयाँ प्रोडक्ट सार्वजनिक गर्ने जानकारी दिँदै डिजिटल सेवा प्रवाहलाई जोड दिइने बताए।

प्रभु क्यापिटल र होस्टे हैंसेबीच सम्झौता नवीकरण



काठमाडौं/ प्रभु क्यापिटलले बालबालिकालाई लक्षित गरी सञ्चालनमा ल्याएको लगानी व्यवस्थापन सेवाअन्तर्गत 'होस्टे हैंसे'सँगको सम्झौता नवीकरण गरेको छ।

सम्झौताअनुसार बालबालिकाका लागि प्रभु लिटिल च्याम्प नामक लगानी व्यवस्थापन सेवा लिएबापत एकजना गरिब तथा पिछडिएका बालबालिकाको विद्यालय खर्च व्यहोर्ने क्यापिटलले जनाएको छ। 'छोराछोरीका लागि लगानीसँगै शिक्षाबाट वञ्चित बालबालिकालाई सहयोग' भन्ने मूल नारासहित सञ्चालन गरिएको योजनालाई क्यापिटलले 'होस्टे हैंसे' नामक गैरसरकारी संस्थासँगको सहकार्यमा यो कार्यक्रम सञ्चालन गरेको हो। यस पिएमएस सेवाको लगानी अवधि पाँच वर्ष, हर्डल रेट ८ प्रतिशत, वार्षिक व्यवस्थापन शुल्क (एएमसी) २ प्रतिशत, मुनाफामा लाग्ने शुल्क २० प्रतिशत रहेको छ।

जिडब्लुएमको इलेक्ट्रिक गाडी ओरा ०३ इभीको नेपालमा बिक्री-वितरण सुरु

काठमाडौं/ भिजी इम्पेक्स प्राली नेपालमा जिडब्लुएम सवारीसाधनको आधिकारिक वितरकले आफ्नो बहुप्रतीक्षित इलेक्ट्रिक-क्रसओभर ओरा ०३ को डेलिभरी सुरु गरेको छ। जिडब्लुएमले ओरा ०३ का लागि २०८० जेठ ३ मा बुकिङ खुला गरेको थियो र बुकिङ घोषणा गरेदेखि नै यस रेट्रो-मोर्डनिस्टिक इलेक्ट्रिक क्रसओभरका लागि ग्राहकबाट निकै राम्रो प्रतिक्रिया पाइरहेको छ।



प्रिमियम लेथरेट सिट, पानोरोमिक सनरुफ, पावर एडजस्टेबल ड्राइभर सिट, डुअल १७.२५ इन्च इन्टिग्रेटेड डिस्प्ले टच, एडप्टिभ क्रुज कन्ट्रोल, वायरलेस चार्जर आदिजस्ता आधुनिक सुविधासहितको यसको टाइमलेस एक्सटेरियर र आकर्षक इन्टेरियरलाई ग्राहकले मन पराइरहेका छन्। ओरा ०३ मा ४८ केडब्लुएचको ब्याट्रीका साथ ४०० केएमएसको प्रभावशाली ड्राइभिङ रेन्ज रहेको छ। सुरक्षाको पक्षमा ओरा ०३ देशका थरै विद्युतीय सवारीमध्ये एक हो, जसले एनक्याप (एएनसिएपी) र युरोनक्याप (इयुआरओएलसिएपी) दुवैमा फाइभ स्टार प्राप्त गरेको छ, जसले हरेक यात्रामा आत्मविश्वास जगाउँछ। ओरा ०३ मा सिक्स ओमनिडायरेक्सनल एयरब्याग, अटोमेटिक इमर्जेन्सी ब्रेकिङ, ३६० डिग्री भ्यु क्यामरा, अटोमेटिक भेहिकल होल्ड, एन्टी-लक ब्रेकिङ सिस्टम, इलेक्ट्रोनिक स्टयाबिलिटी कन्ट्रोल, ट्र्याक्सन कन्ट्रोल सिस्टम आदिजस्ता सुरक्षा सुविधा छन्।

विप्रो जिई हेल्थकेयरमा भी स्क्यान ऐर

काठमाडौं/ विप्रो जिई हेल्थकेयरले भी स्क्यान ऐर सुरु गर्ने भएको छ। वायरलेस, ह्यान्डहेल्ड अल्ट्रासाउन्ड प्रणाली पोइन्ट-अफ-केयरमा सम्पूर्ण शरीर स्क्यानिङ सक्षम गर्न डिजाइन गरिएको हो। यसले स्वास्थ्य सेवालाई सशक्त बनाउँदै विभिन्न हेरचाह सेटिङहरूमा कम लागतमा आत्मविश्वासका साथ छिटो निर्णय गर्न मद्दत गर्छ। नेपालमा मृत, जन्म र प्रारम्भिक नवजात मृत्युदरसहित १.४६ प्रतिशत जन्महरूमा सुत्केरीको मृत्यु हुन्छ। भी स्क्यान ऐरको द्रुत र सही डायग्नोसिस गर्ने क्षमताले मातृ र शिशु स्वास्थ्य सेवामा राम्रो निर्णय लिने अवसर प्रदान गर्छ। जिई हेल्थकेयर दक्षिण एसियाका अध्यक्ष र सिइओ तथा विप्रो जिई हेल्थकेयरका प्रबन्ध निर्देशक चैतन्य सरवटेले भने, 'चिकित्सकका लागि जहाँ पनि र जुनसुकै समयमा कुशल हेरचाह प्रदान गर्न सक्ने स्मार्ट उपकरणहरूको बढ्दो आवश्यकता छ। भी स्क्यान ऐर, यसका लागि उदाहरणीय र भविष्यको स्वास्थ्य सेवाको अवस्थाका लागि पनि एक अग्रगामी कदम हो।'

नेपाल एनेस्थेसियोलोजी समाज (सान)का अध्यक्ष तथा मणिपाल शिक्षण अस्पताल, काठमाडौंका एनेस्थेसिया विभाग प्रमुख डा. अमिरबाबु श्रेष्ठले भने, 'भी स्क्यान अविश्वसनीय रूपमा सुविधाजनक र मूल्यवान् उपकरण हो।

केटिएम एक्सचेन्ज क्याम्प हुँदै

काठमाडौं/ सेप्टेम्बर ३ देखि ८ सम्म केटिएम एक्सचेन्ज क्याम्प हुने भएको छ। काठमाडौंको नक्साल सोरुममा हुन गइरहेको क्याम्पमा कुनै पनि ब्रान्डको पुरानो स्कुटर वा बाइकलाई नयाँ बाइकसँग साट्ने सुविधा प्रदान गरिनेछ। पुरानो बाइकको मूल्यांकन पाइरहेको भन्दा थप १५ हजार अतिरिक्त प्रदान गरिने जनाइएको छ। नयाँ बाइक किन्नेका लागि पनि जम्मा ५० प्रतिशत डाउनपेमेन्ट गरी ९९.९ प्रतिशत मात्र ब्याज तिरी बाइक आफ्नो बनाउन सकिने सुविधा उपलब्ध छ। नगदमै बाइक किन्न चाहनेका लागि १० हजार रुपैयाँ छुट अनि फाइनान्स सुविधा लिनेलाई पाँच हजार छुटको व्यवस्था मिलाइएको छ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय: भैरहवा, रुपन्देही
फोन: ०७१- ५७१०८१/८२

शाखा कार्यालय झिलझिले, झापा
फोन : ०२३-४७०५२१

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०५/१७ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री गर्ने सम्बन्धित १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

शाखा कार्यालय: भैरहवा, रुपन्देही

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति : २०६८/०६/२५ मा प्रा.फ.र.नं. २७१२४/०६८ कायम भई दर्ता भएको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२, स्थित **फ्रेण्ड्स कलेक्सन प्रोप्राइटर : कृष्ण कुमारी गुरुजाली**

२. ऋणीको विवरण

पदम बहादुर थापा मगरको बुहारी, गोविन्द बहादुर थापा मगरको पत्नी, रुपन्देही जिल्ला, गोनहा गा.वि.स. वडा नं. ६, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बस्ने **कृष्ण कुमारी गुरुजाली (ना.प्र.प.नं. ६१२०, रुपन्देही)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. पदम बहादुर थापा मगरको बुहारी, गोविन्द बहादुर थापा मगरको पत्नी, रुपन्देही जिल्ला, गोनहा गा.वि.स. वडा नं. ६, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बस्ने **कृष्ण कुमारी गुरुजाली (ना.प्र.प.नं. ६१२०, रुपन्देही)**

२. चुडामणी थापा मगरको नाति, पदम बहादुर थापा मगरको छोरा, रुपन्देही जिल्ला, पइसरी गा.वि.स. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बस्ने **गोविन्द बहादुर थापा मगर (ना.प्र.प.नं. ८८८५, रुपन्देही)**

३. चुडामणी थापा मगरको नाति, पदम बहादुर थापा मगरको छोरा, रुपन्देही जिल्ला, पइसरी गा.वि.स. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बस्ने **सम्मर बहादुर थापा (ना.प्र.प.नं. ७१५५, रुपन्देही)**

४. चुडामणी थापा मगरको नाति, पदम बहादुर थापा मगरको छोरा, रुपन्देही जिल्ला, पइसरी गा.वि.स. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बस्ने **चन्द्र बहादुर थापा मगर (ना.प्र.प.नं. २०२८६, रुपन्देही)**

५. चुडामणी थापा मगरको बुहारी, पदम बहादुर थापा मगरको पत्नी, रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बस्ने **नरमाया थापा मगर्नी (ना.प्र.प.नं. १/१५३०, रुपन्देही)**

६. पदम बहादुर थापा मगरको बुहारी, सम्मर बहादुर थापाको पत्नी, रुपन्देही जिल्ला, पइसरी गा.वि.स. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बस्ने **पार्वती थापा (ना.प्र.प.नं. २६८७८, रुपन्देही)**

७. पदम बहादुर थापा मगरको बुहारी, चन्द्र बहादुर थापा मगरको पत्नी, रुपन्देही जिल्ला, पइसरी गा.वि.स. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, ओमसतिया गा.पा. वडा नं. १ बस्ने **झरना कुमारी थापा मगर (ना.प्र.प.नं. ३७१०२०/३५८९७, रुपन्देही)**

धितोमा रहेको सम्पतिको विवरण

१. **नरमाया थापा मगर्नीको** नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगातमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, पइसरी गा.वि.स./न.पा. वडा नं. ८ (सिट नं. ८स) स्थित कित्ता नं. ६६९ को क्षेत्रफल ०-१-१-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिज लगायात समेत।

२. **सम्मर बहादुर थापाको** नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगातमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, पइसरी गा.वि.स./न.पा. वडा नं. ८ (सिट नं. ८क) स्थित कित्ता नं. १२४३ र १२४५ को क्रमश: क्षेत्रफल ०-०-०.७५-० र ०-०-९.२५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिज लगायात समेत।

नोट : माथि उल्लेखित धितोमा रहेको सम्पतिको विवरण र व्यक्तिगत जमानतकर्ताहरु दुबै ऋणीहरुको लागि एकै रहेको।

शाखा कार्यालय : झिलझिले, झापा

ऋणीको विवरण

दिल बहादुर सुब्बाको छोरी, लक्ष्मी नारायण हाडसरुम्बाको पत्नी, झापा जिल्ला, अनारमनि गा.वि.स. वडा. नं. २, स्थित स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वडा. नं. ९ बस्ने **मैया सुब्बा (ना.प्र.प.नं.: ०४१०१२/६९५, झापा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. विर बहादुर पोइथाक लिम्बुको छोरी, सन्तोष कुमार नेयोहाङको पत्नी, मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वडा. नं. ९ बस्ने **कौसिला लिम्बु (ना.प्र.प.नं.: ७४८, मोरङ)**

२. पुर्ण बहादुर सावा लिम्बुको नाति, बुद्धीमान सावा लिम्बुको छोरा, झापा जिल्ला, सतासीधाम गा.वि.स वडा. नं. ७, स्थित स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वडा. नं. ९ बस्ने **भीम बहादुर सावा लिम्बु (ना.प्र.प.नं.: ८५२४२०४८३, झापा)**

धितोमा रहेको सम्पतिको विवरण

मैया सुब्बाको नाममा मालपोत कार्यालय दमक, झापाको लगातमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ७ य स्थित कित्ता नं. २४८ को क्षेत्रफल ०-२-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगालगापात समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०५/१७ गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०५/२३ गते शनिबार सार्वजनिक विदा परेकोले २०८०/०५/२४ गते आइतबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त रासि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०५/२५ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिनेछ।

साबल सहकारी संस्था लिमिटेड

धुम्बाराहीचोक, काठमाडौं, फोन नं. ४३७६६९५, ४३७०७२५

डाक लिलाम बढाबढ बारेको ३५ दिने सूचना

(प्रकाशित मिति : २०८०/०५/१७ गते, आइतबार)

यस संस्थाबाट कर्जा लिनु भएका तपसिलका ऋणीहरूले तमसुकमा स्वीकार गरेको शर्त अनुसारको कर्जाको लेना नबुझाई पटक पटक सो बुझाउने प्रतिवद्धता जनाई हाल सम्पर्कमा समेत नआउनु भएकोले सो कर्जा रकम चुक्ता हुने गरी ३५ दिन भित्र बुझाउनुहोला अन्यथा ३६औं दिन अर्थात मिति २०८०/०६/२१ का दिन का.जि.का.म.पा वडा नं.-४, धुम्बाराहीचोक स्थित संस्थाको कार्यालय भवनमा बिहान १०:०० बजेबाट डाक लिलाम बढाबढ गरी धितो सुरक्षण बिक्री गरिने व्यहोरा सम्बन्धित ऋणी, धनजमानीकर्ता तथा डाक लिलाम बढाबढमा भाग लिन इच्छुक महानुभावहरूलाई यसै सूचनाद्वारा सूचीत गरेका छौं। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धनजमानी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ। धितो सुरक्षणको कागजातहरू हेर्न चाहनु हुने महानुभावहरूले संस्थाको कार्यालय समयमा सम्पर्क राख्नुहुन समेत यसै सूचनाबाट जानकारी गराएका छौं।

तपसिल

	ऋणीको विवरण	धनजमानी विवरण
१	नाम : **चित्र बहादुर घलान** बुबा : राम कृष्ण घलान बाजे : भिम बहादुर घलान ना.प्र.नं. : ३११०३६/४९१४० (मकवानपुर) ठेगाना : मकवानपुर जिल्ला आग्रा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ४।	नाम : कृष्ण प्रसाद गौतम बुबा : खडानन्द गौतम बाजे : टिकाराम गौतम ना.प्र.नं. : २११०४६।१४७४५ (रामेछाप) ठेगाना : रामेछाप जिल्ला सुनपाती गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ४।
	धितोको विवरण : निज ऋणी, पार्वती चौलागाई र संगिता प्रजापतिको संयुक्त नाउँमा मालपोत कार्यालय भक्तपुरमा, दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला सावित्र सिपाडोल गा.वि.स. वडा नं. २, नक्सा नं. २घ, कि.नं. ४३९ को क्षेत्रफल ०-१०-३-० जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।	
२	नाम : **संगिता प्रजापति** बुबा : तुईलाल प्रजापति बाजे : गणेश कुमार प्रजापति ना.प्र.नं. : २९-०१-०६६-०३०२२ (भक्तपुर) ठेगाना : भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ४।	नाम : कृष्ण प्रसाद गौतम बुबा : खडानन्द गौतम बाजे : टिकाराम गौतम ना.प्र.नं. : २११०४६।१४७४५ (रामेछाप) ठेगाना : रामेछाप जिल्ला सुनपाती गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ४।
	धितोको विवरण : निज ऋणी, पार्वती चौलागाई र चित्र बहादुर घलानको संयुक्त नाउँमा मालपोत कार्यालय भक्तपुरमा, दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला सावित्र सिपाडोल गा.वि.स. वडा नं. २, नक्सा नं. २घ, कि.नं. २७० को क्षेत्रफल १-६-०-० जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।	
३	नाम : **पार्वती चौलागाई** बुबा : बाबुराम चौलागाई बाजे : बद्रीनाथ चौलागाई ना.प्र.नं. : ३०३०३८/१४८ (काभ्रेपलान्चोक) ठेगाना : काभ्रेपलान्चोक जिल्ला, धुसेनी सिवालय गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ४।	नाम : कृष्ण प्रसाद गौतम बुबा : खडानन्द गौतम बाजे : टिकाराम गौतम ना.प्र.नं. : २११०४६।१४७४५ (रामेछाप) ठेगाना : रामेछाप जिल्ला सुनपाती गा.वि.स वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ४।
	धितोको विवरण : निज ऋणी, संगिता प्रजापति र चित्र बहादुर घलानको संयुक्त नाउँमा मालपोत कार्यालय भक्तपुरमा, दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला सावित्र सिपाडोल गा.वि.स. वडा नं. २, नक्सा नं. २घ, कि.नं. २७१ को क्षेत्रफल १-६-०-० जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।	

लिलाम बिक्रीका शर्तहरू :

१. डाक लिलाम बढाबढमा सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले बोलेको रकमको १० प्रतिशत नगदै वा यस संस्थाको नाममा जारी गरिएको गुड फर पेमेन्ट चेक/बैंक ग्यारेन्टी वा बैंक ड्राफ्टको सक्कल यस संस्थामा बुझाउनु पर्नेछ।

२. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट अचल सम्पत्ति लिलाम बिक्री गर्ने निर्णय भई सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पत्ति सकार गरी रजिष्ट्रेशन पारित गरी नलिएमा धरौटी बापतको रकम स्वतः जफत हुनेछ। यस बारेमा कुनै उजुर बाजुर लाग्ने छैन।

३. डाक लिलाम बढाबढ कार्यमा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्तिलाई उक्त अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ। डाक लिलाम बढाबढबाट उक्त अचल सम्पत्ति बिक्री हुन नसकेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम उक्त सम्पत्तिको स्वामित्व संस्थाले आफ्नो नाममा लिन सक्नेछ।

४. डाक लिलाम बढाबढ गरी बिक्री हुने अचल सम्पत्ति (जग्गा) सम्बन्धी कागजातहरू हेर्न चाहनुहुने महानुभावहरूले यस सहकारी संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

५. डाक लिलाम सकार गरी लिने व्यक्तिले सो अचल सम्पत्ति (जग्गा) रजिष्ट्रेशन, नामसारी आदि गर्दा लागेको रजिष्ट्रेसन दस्तुर तथा अन्य खर्च जो जे गर्नुपर्ने सो सम्पूर्ण खर्च लिलाम सकार गर्ने स्वयम्ले नै व्यहोर्नु पर्नेछ।

६. डाक लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन डाक लिलाम बढाबढ गरिनेछ। समय तोकिए बमोजिम हुनेछ।

चीनसँगका...

पृष्ठ १ बाट क्रमशः

सकिने व्यवस्था गरेको छ। प्रोटोकलले रसुवाको केरुङ, सिन्धुपाल्चोकको कोदारी (तातोपानी), संखुवासभाको किमाथांका, ताप्लेजुङको ओलाङचुङगोला, हुम्लाको हिल्सा (यारी) र मुस्ताङको कोरला नाकामार्फत पारवहन ढुवानी गर्न सकिने व्यवस्था गरिएको छ। तर, हाल यीमध्ये पनि रसुवा, तातोपानी र हिल्सा नाका मात्रै खुला छन्। शुक्रबारदेखि सर्वसाधारणका लागि खुला गरिएको नातोपानी नाका केही महिनायता व्यापारका लागि मात्रै खुला थियो। बाँकी तीन नाका अझै सुल्न सकेका छैनन्। कोभिडसँगै बन्द गरिएका नाका चीनले नखोलेको हो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव रामचन्द्र तिवारीले तीन नाका पूर्वाधार अभाव र कोभिडपछि चीनले लिएको जिरो कोभिड नीतिका कारण खुल्न नसकेको बताए। नाका सञ्चालनका लागि पहल भइरहेको उनको भनाइ छ। 'सञ्चालनमा रहेका नाका र सञ्चालनमा आउन नसकेका नाकामा समेत पूर्वाधार निर्माणमा जोड दिइएको छ,' उनले भने, 'अहिले कोभिडको जोखिम न्यूनीकरण भइसकेर जनजीवन सामान्य अवस्थामा आइसकेका कारण सबै नाका खोल्नुपर्छ भन्नेमा नेपाल-चीन दुवै पक्ष सकारात्मक छन्।' शुक्रबारदेखि मात्रै सर्वसाधारणका लागि खुला गरिएको तातोपानी नाका केही महिनायता व्यापारका लागि मात्रै खुला थियो।

नेपाल र चीनबीच सीमाबाट ३० किलोमिटरभित्र स्थानीयलाई आवतजावत गर्न सकिने छुट्टै सम्झौता पनि छ। सोही व्यवस्थाअनुसार कोभिड महामारी सुरु हुनुअघिसम्म दुवै देशका व्यावसायिक र पारिवारिक कामका लागि सहजै आवतजावत गर्थे। तर, कोभिडपछि नेपाली नागरिकलाई त्यसमा बन्देज लगाइएको छ।

सरकारले सबै स्थानीय नाका खोल्न कूटनीतिक तहबाट पहल गरिरहेको तिवारीले बताए। 'सोही सम्झौताअनुसार विगतमा दुवै देशका नागरिक व्यावसायिक, पर्यटकीय, धार्मिक-सांस्कृतिक एवं पारिवारिक कामका लागि आवतजावत गर्दै आएका थिए,' तिवारीले भने, 'तर, कोभिडपछि अधिकांश स्थानीय नाका बन्द छन्, चिनियाँहरू नेपालमा आउन खुला भए पनि हाम्रा नागरिकका लागि नाका बन्द छन्, यसले स्थानीयस्तरमा धेरै समस्या पारेको छ।'

नेपालले द्विपक्षीय वार्ता तथा संयन्त्रमा स्थानीय नाका खुला गर्न चीनलाई आग्रह गर्दै आएको सहसचिव तिवारीले बताए। 'हालै चीनमा सम्पन्न नेपाल-तिब्बत व्यापार सहजीकरण समितिको बैठकमा समेत यो कुरा उठाएका थियौं, उहाँहरू (चिनियाँ पक्ष) सकारात्मक हुनुहुन्छ,' उनले भने, 'बेइजिङमा प्रस्ताव लगेर त्यहाँबाट अनुमति लिएर स्थानीय नाका खोल्ने आश्वासन दिएका छन्।' प्रधानमन्त्रीको आसन्न भ्रमणमा समेत यस्ता विषयले प्राथमिकता पाउने उनले बताए।

तिप्ताला नाका चार वर्षदेखि बन्द हुँदा ताप्लेजुङका नागरिकको वस्तु निकासी ठप्प

चीन जोड्ने ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-७, ओलाङचुङगोलास्थित तिप्ताला नाका चार वर्षदेखि बन्द छ। जसकारण ओलाङचुङ भन्सारको राजस्व पनि चार वर्षदेखि गुमेको छ। ओलाङचुङगोलादेखि करिब एक दिनमा पुगिने तिप्ताला भञ्ज्याङ चीनसँगको नाका हो। तिप्ताला भञ्ज्याङबाट चीन प्रवेश हुन्छ। तर, नाका कोभिडकालदेखि बन्द छ। पुरातन हिसाबले सञ्चालन गरेका नाका चिनियाँ पक्षबाट सहज रूपमा खुलेको छैन। सीमा क्षेत्रको ३० किलोमिटरभित्रका मानिसलाई निश्चित अवधिको पास दिएर आवतजावत गर्न दिने विषयमा पनि चिनियाँ पक्ष राजी छैन।

फक्ताङलुङ गाउँपालिकाका अध्यक्ष राजन लिम्बूले प्रधानमन्त्रीलाई भेटेर नाका खुलाउन पहल गरिदिन अनुरोधपत्रसमेत बुझाएका छन्। नाका नखुल्दा यहाँ उत्पादित घिउ, छुर्पी, गलैंचालगायतका घरेलु सामग्री तथा चौंरी, याक निर्यात हुन सकेको छैन। ओलाङचुङगोला भन्सार भएको क्षेत्रमा सरकारले सशस्त्र प्रहरीको सीमा सुरक्षा बलसमेत खटाएको छ। ओलाङचुङगोलामा सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट (बिओपी) राखिएको छ।

किमाथांका नाका बन्द हुँदा भोटखोलावासीलाई सास्ती

संखुवासभाको सीमावर्ती किमाथांका नाका पनि चार वर्षदेखि बन्द छ। जसको मार भोटखोलावासीले खेप्दै आएका छन्, दैनिक उपभोग्य सामान ल्याउन पाएका छैनन्।

कोरोना भाइरसको कारण देखाउँदै चीन सरकारले ५ माघ ०७६ देखि किमाथांका नाकाबाट आवतजावत पूर्ण रूपमा बन्द गरेको थियो। सदरमुकाम खाँदबारीदेखि एक सय ६२ किलोमिटर टाढा रहेको किमाथांका नाका बन्द भएपछि भोटखोला गाउँपालिकाका किमाथांका, चेपुवा, हटिया, हुड्हुङ, लिगांम, छुम्सुर र च्यामठाङलगायतका मुख्य बस्तीका बासिन्दा प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। किमाथांका र चीनको चाँगा, देडदाङ तथा रियु बजार वारिपारि छ। 'किमाथांकाबाट वारिपारि भएकाले एक-डेढ घन्टामा खाद्यान्नदेखि दैनिक उपभोग्य वस्तु किनेर फर्किने गरेका थियौं,' भोटखोला गाउँपालिकाका अध्यक्ष वाङछेदर लामाले भने, 'नाका बन्द भएपछि खाँदबारीबाट किमाथांकासम्म सामान ढुवानी गरेर ल्याउनुपर्छ।'

खाँदबारीदेखि ८० किलोमिटर दूरीमा रहेको भोटखोला- ४ बरुणखोलासम्म यातायातको साधान सञ्चालनमा रहे पनि त्यहाँदेखि माथि पैदल यात्रा गर्नुपर्छ। कच्ची सडकको कारण यातायातको साधन पनि उति नै महँगो पर्छ। भोटखोलाबाट सदरमुकाम खाँदबारी झरेर दैनिक उपभोग्य वस्तु किनमेल गरेर फर्किन नै एक हप्ता लाग्छ। त्यसमाथि बर्खायाममा यातायातका साधान चल्दैनन्। नाका बन्द हुनुअघि यहाँका स्थानीयका कुखुरा, खसीबोका, गाईवस्तुसँगै कोदो, गहुँ, मकै, फापर चिनियाँ बजारमा बिक्री हुन्थ्यो। अहिले स्थानीयले उत्पादन बेच्न पाएका छैनन्। किमाथांका नाका खुलाउन दुवै देशका उच्च अधिकारीलाई स्थानीय सरकारको तर्फबाट जानकारी गराइएको छ भने जिल्ला प्रशासन कार्यालय संखुवासभाबाट निर्णय गरेर परराष्ट्र मन्त्रालयमा कागजात पेस गरिएको छ। संखुवासभाका प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले किमाथांका नाका खुलाउन गृह मन्त्रालयमा रायसहितको पत्राचार गरिसकिएको बताए।

मोरिम्ला र क्याटो नाका बन्द हुँदा उपल्लो डोल्पामा चर्को मूल्यवृद्धि, दुई साताका लागि मात्रै भए पनि खुलाउन माग

डोल्पाबाट चीन आउजाउ गरिने मोरिम्ला र क्याटो नाका चार वर्षदेखि बन्द हुँदा उपल्लो डोल्पामा मूल्यवृद्धि अकासिएको छ। उपल्लो डोल्पाका शे-फोक्सुन्डो, डोल्पोबुद्ध र छार्काताङसोङ गाउँपालिकाका बासिन्दालाई जिल्ला सदरमुकाम दुनै झरेर चामल, नुन, तेललगायत उपभोग्य वस्तु किनमेल गर्नुभन्दा क्याटो र मोरिम्ला नाकाका स्थानीय चिनियाँ बजार पुगेर किनमेल गर्न सजिलो हुन्छ। तर, यी नाका कोभिड महामारीपछि बन्द छन्। यहाँका स्थानीय पसले पनि यसअघि नाकाका बजारबाट वस्तु किनेर ल्याउँथे। तर, अहिले चार-पाँच दिन लगाएर दुनैबाट ढुवानी गर्नुपर्ने बाध्यता छ। दुनैमा पनि नेपालगन्ज, सुर्खेतबाट खाद्यान्न र लत्ताकपडा पुऱ्याइन्छ। त्यही सामग्री उपल्लो डोल्पा पुऱ्याउन निकै महँगो भाडा तिर्नुपर्ने बाध्यता रहेकाले मूल्यवृद्धि, खाद्यान्न अभाव रहेको डोल्पोबुद्ध गाउँपालिकाका उपाध्यक्ष पेमा वाङ्चु गुरुङले बताए। 'दुनैबाट खच्चडमा बोकाउँदा प्रतिकिलो कम्तीमा ६० रुपैयाँ ढुवानी खर्च तिर्नुपर्छ। बजारमा २५ रुपैयाँ प्याकेट पर्ने एक पोका नुनको मूल्य गाउँमा पुग्दा एक सय पुग्छ,' उनले भने। सरकारले डोल्पामा अनुदानको नुन, चामल नपठाएको पनि चार वर्ष भइसकेको छ।

शे-फोक्सुन्डो गाउँपालिका- ८ का वडाध्यक्ष निमा लामाका अनुसार सदरमुकाम दुनैबाट ५-६ दिन लगाएर साल्दाङ, भिजेर, कु गाउँमा ल्याइएको खाद्यान्नको ढुवानी नै क्विन्टलको १० हजारसम्म पुग्छ। शे-फोक्सुन्डो गाउँपालिका- ७ कु गाउँमा रहेको टासीसुम्दो आधारभूत विद्यालयका प्रधानाध्यापक नन्दबहादुर शाहीका अनुसार चिनियाँ नाका नखुल्दा एक किलो सामानको दुई सय रुपैयाँ तिरेर खाद्यान्न तथा लत्ताकपडा ढुवानी गर्नुपरेको छ।

नाका बन्द हुनुअघि यहाँका स्थानीयले याक, यार्सा नाका क्षेत्रका बजारमा बिक्री गरेर खाद्यान्न किन्थे। घोडा, खच्चड, याक, चौंरीबाट ढुवानी गरिन्थ्यो। भौगोलिक रूपमा विकट उपल्लो डोल्पामा एक वडाबाट अर्को वडा पुग्न नै एक दिनसम्म लाग्छ। यस क्षेत्रमा नगन्य मात्रामा फापर, आलु र उवा मात्र उत्पादन हुने भएकाले किनमेलको खाद्यान्नमै भर पर्नुपर्छ। शे-फोक्सुन्डोका स्थानीयका लागि क्याटो तथा डोल्पोबुद्ध गाउँपालिका र छार्काताङसोङका स्थानीयका लागि मोरिम्ला नाका नजिक पर्छ।

उपल्लो डोल्पावासीले यस वर्ष दुई साताका लागि मात्रै भए पनि मोरिम्ला र क्याटो नाका खुलाउन माग गरेका छन्। डोल्पाका स्थानीय तथा प्रतिनिधिसभा सदस्य धनबहादुर बुढाले परराष्ट्रमन्त्री नारायणप्रकाश साउदलाई भेटेर दुई साताका लागि भए पनि नाका खुलाउन कूटनीतिक पहल गरिदिन आग्रह गरेको बताए। यो वर्ष तिब्बतको सिँगाचे प्रान्तमा पर्ने डोङ्बा काउन्टी नाकामा व्यापारिक मेला लाग्ने भएकाले सोही अवसरमा मोरिम्ला र क्याटो नाका खुलाउन माग गरिएको सांसद बुढाले बताए। नाका खुलेमा उपल्लो डोल्पावासीले वर्षभर पुग्ने सामग्री खरिद गर्न पाउने उनको भनाइ छ।

हुम्लाका च्वाखोला र टाँके तथा मुगुको नाक्चेनाङ्ला नाका पनि खुलेनन्

हिल्सा भने खुलेपछि चिनियाँ सामान नेपालतिर आउन थाल्यो, श्रमिकले पाए रोजगारी

हुम्लाको सिमकोट गाउँपालिका- १ मा पर्ने च्वाँखोला नाका र चंखेली गाउँपालिका- ५ स्थित नेप्कागाउँमा पर्ने टाँके नाका तथा मुगुको नाक्चेनाङ्ला नाका पनि खुलेका छैनन्। यी तीन नाका नखुल्दा दैनिक उपभोग्य वस्तु महँगोमा किन्नुपरेको चंखेली गाउँपालिका- ५ का वडाध्यक्ष हर्कधन तामाङले बताए। यी नाकाबाट नुन, तेल, लत्ताकपडादेखि खाद्यान्न आयात हुन्थ्यो।

मुगुमा नाक्चेनाङ्ला नाका बन्द हुँदा मुगुमकर्मारोङ गाउँपालिकाका स्थानीय खाद्यान्न किन्न पाँच दिन पैदल हिँडेर सदरमुकाम गमगढी पुग्ने गरेका छन्। 'यहाँको उत्पादनले तीन महिना पनि खान पुग्दैन, घरबाट एक दिन टाढाको चिनियाँ नाका बन्द छ,' मुगु गाउँका सोनाम तामाङले भने, 'नाका नखुल्दा एक बोरा चामल ल्याउन पनि पाँच दिन हिँडेर गमगढी जानुपरेको छ।

उनका अनुसार पहिले कार्मारोङ गाउँपालिकाको वन क्षेत्रमा संकलन हुने कटुकी, वनलसुन, यार्चालगायत १८ प्रजातिका जडीबुटी तिब्बत निर्यात हुन्थ्यो। नाका बन्द हुँदा घोडा, खच्चडमार्फत गमगढी ल्याइन्छ भने त्यहाँबाट गाडीमा नेपालगन्ज हुँदै भारत पुऱ्याएर बेच्नुपर्ने बाध्यता छ।

तर, हुम्लाबाट तिब्बत जोड्ने हिल्सा नाका भने चार वर्षपछि खुलेपछि चिनियाँ सामग्री नेपाल आउन थालेको छ। दैनिक उपभोग्य वस्तु, विकास निर्माणका सामान हिल्सा नाका भएर नेपालतर्फ आउन थालेपछि स्थानीय श्रमिकले पनि रोजगारी पाएका छन। चिनियाँ बजारका लत्ताकपडा, खाद्यान्न, भोटे चिया, दूध, मिठाई सदरमुकाम सिमकोटको बजारमा देखिन थालेका छन्। १८ वैशाखदेखि हालसम्म तीन हजार एक सय २८ जनाले जिल्ला प्रशासनबाट हिल्सा सीमापाससमेत लिइसकेका छन्। एक हजार नेपाली चीनको ताक्लाकोट बजारमा श्रम गर्न हिँडेको नाम्खा गाउँपालिका उपाध्यक्ष तक्दिर लामाले बताए। रसुवाको केरुङ नाक हुँदै हुम्लाको हिल्सानाकाबाट चार हजार क्विन्टल खाद्य व्यवस्था तथा व्यापार कम्पनीको चामल भित्रिन लागेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी हुम्लाका नासु नवीन आचार्यले जानकारी दिए। एक हजार क्विन्टल नाम्खा गाउँपालिकाका लागि र तीन हजार क्विन्टल शाखाका लागि केरुङनाकाबाट हिल्सा नाका हुँदै आउन लागेको उनले बताए।

ताक्लाकोटका पसलमा ताला लगाएका व्याँसवासी फर्किन आतुर

ताक्लाकोटका पसलमा ताला लगाएर आएका दार्चुलावासी फर्केर तिब्बती बजार जान आतुर छन्। चार वर्षअघि ०७६ चैतमा कोभिड- १९ महामारीका कारण ताक्लाकोट नाका र त्यहाँको बजार बन्द भएपछि नेपाली व्यवसायी घर फर्किएका थिए। चीनको स्वशासित क्षेत्र तिब्बतको ताक्लाकोट (पुरङ) मा सन् १९९६ देखि व्यापार थालेका व्याँस गाउँपालिका- १ छाँगरूका योगेशसिंह बोहोरा पनि कोभिड- १९ संक्रमणपछि त्यहाँ जान पाएका छैनन्।

हिउँ कम हुँदा वर्षको ६ महिना सीमावर्ती बजार ताक्लाकोटमा बसेर व्यापार गर्दै आएका व्याँसवासीले यसबीचमा आर्थिक नोक्सानी व्यहोर्नुपरेको छ। नेपालबाट तिब्बत गई व्यापार गर्ने दार्चुलाका व्यवसायीलाई पसलका सामानसँगै आफ्नो पुँजी फसेकोमा चिन्ता छ। तर, अहिले नाका खुल्ने चर्चासँगै छाँगरू-तिंकरका व्यवसायी ताक्लाकोट जाने चाँजोपाँजो मिलाउन थालेका छन्। यहाँ झन्डै ८० भन्दा बढी पसल थिए।

बर्सेनि हिउँदयाम छल्दै तिंकर नाकापारि ताक्लाकोट गएर व्यापार-व्यवसाय चलाउने दार्चुलाका ४० परिवारभन्दा बढी नेपालीको त्यहाँ पुस्तौंदेखिको सामाजिक-सांस्कृतिक सम्बन्ध छ। व्याँस गाउँपालिकाको नेतृत्वमा केही दिनअघि मात्र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री नारायणकाजी श्रेष्ठ, एमाले अध्यक्ष केपी ओली नेपालस्थित चिनियाँ राजदूतावासमा पुगेर तिंकर नाका तत्काल खोल्न आग्रह गर्दै ज्ञापन बुझाइएको छ। 'चार वर्षदेखि बन्द रहेको नाका छोटो समयका लागि भए पनि खोलियोस् र त्यहाँ सरकारीस्तरमै विधिवत् रूपले एउटा स्थायी नाका सुरु गरियोस् भनेर माग राखेका छौं,' व्याँस- १ का वडाध्यक्ष अशोकसिंह बोहोराले भने। माओवादी द्वन्द्वकालमा विस्थापित भएको भारतको सीतापुलसँग जोडिने छाँगरू छोटी भन्सार र तिब्बतको ताक्लाकोटसँग जोडिने तिंकर छोटी भन्सार पुनर्स्थापित हुनुपर्ने व्याँसका दानसिंह तिंकरी बताउँछन्।

गृह मन्त्रालयले चिनियाँ पक्षसँग समन्वय गरेर नाका सञ्चालन गर्न दुई हप्ताअघि मात्र दार्चुला प्रशासनलाई निर्देशन दिएको थियो। तर, चिनियाँ प्रशासनसँग सम्पर्क हुन नसक्दा ढिलाइ भएको प्रमुख जिल्ला अधिकारी किरण जोशीले बताइन्। 'काउन्टरपार्टसँग सम्पर्क र समन्वय गरेपछि मात्रै नाका खुल्ने मिति निर्धारण हुन्छ,' उनले भनिन्, 'भौगोलिक दूरी र सञ्चार सम्पर्कमा पनि कठिनाइ भइरहेको छ।'

व्यापारी मात्र नभई अन्य सर्वसाधारणका लागि पनि रोजीरोटी आर्जनको गन्तव्य हो, ताक्लाकोट। व्याँस गाउँपालिका- १ का छाँगरू र तिंकरका स्थानीय वस्तुभाउ पाल्ने र भारतको धार्चुला तथा तिब्बतको ताक्लाकोटमा व्यापार-व्यवसाय तथा श्रमको काम गर्नेजस्ता आर्थिक स्रोतमाथि आश्रित रहँदै आएका थिए। ताक्लाकोट जान नपाएपछि भारततर्फ निर्भरता बढेको छ। छाँगरू, तिंकर पुग्न नेपाली भूमि भएरै बाटो छैन। दार्चुलाको उत्तरी हिमाली गाउँ तिंकरदेखि दुई किलोमिटर दूरीमा सीमावर्ती प्रहरी पोस्ट छ। त्यहाँदेखि चार घन्टाको पैदल दूरीमा नेपाल-चीन सीमाको पिल्लर नम्बर १ पर्छ। त्यसपछि तिब्बती क्षेत्रको कालोपत्रे सडकमार्गको २२ किलोमिटर पार गरेपछि ताक्लाकोट पुगिन्छ, जसको चिनियाँ नाम पुरङ हो।



हुम्लाबाट तिब्बत जोड्ने हिल्सा नाका। यो नाका चार वर्षपछि खुलेपछि चिनियाँ सामग्री नेपाल आउन थालेको छ

नाका खुल्ने चर्चा चलेपछि व्याँस- १ ले ३० जनालाई ताक्लाकोट जान पासका लागि सिफारिस दिएको छ। पहिलो चरणमा व्याँस गाउँपालिका- १ छाँगरू र तिंकरका स्थानीयलाई पास उपलब्ध गराइएको वडाध्यक्ष बोहोराले बताए। तर, नाका खुलिनसकेकाले प्रशासनले भने पास जारी गरिसकेको छैन।

दार्चुला जिल्लावासीका लागि यसअघि जिल्ला प्रशासन कार्यालयबाट एक वर्ष अवधिको पास लिएर ताक्लाकोटसम्म वारपार गर्ने व्यवस्था थियो। तत्कालका लागि त्यही सुविधा मात्र पाए पनि जनजीवन लयमा फर्किने छाँगरू र तिंकरका स्थानीयको माग छ। पहिलो चरणमा छाँगरू-तिंकरका नागरिकका लागि भए पनि नाका खुलाउनुपर्ने व्याँसवासीको आग्रह छ।

उरै नाका पनि खुलेन

कोभिडकै वेला उरै नाका बन्द हुँदा बझाङबाट पनि तिब्बतको यात्रा रोकिएको छ। यसअघि बर्खायाममा बझाङको साइपाल गाउँपालिका हुँदै तिब्बत जाने बाटोमा निकै चहलपहल हुन्थ्यो। तर, उरै नाका बन्द भएपछि सुनसान छ। नाका बन्द हुँदा बझाङका व्यापारी पनि समस्यामा परेको स्थानीय सत्यराज सिंहले बताए। बझाङका व्यापारीले समेत नाका खुलाउन माग गर्दै प्रधानमन्त्री, परराष्ट्रमन्त्रीलाई भेटेका छन्।

दोलखाको ङ्यालम नाका बन्द हुँदा महँगियो ढुवानी, प्रतिकेजी १३५ तिर्छन् लप्चीवासी

दोलखाको बिगु गाउँपालिका- १ लामाबगरको लप्ची ङ्यालम नाका पनि चार वर्षदेखि नखुलेपछि स्थानीय मारमा परेका छन्। कोभिडअघि लप्ची गाउँबाट एक दिनको पैदल हिँडेर स्थानीय पारि चीनको टासीदाम बजारबाट खाद्यान्नलगायतका दैनिक उपभोग्य वस्तु किनेर ल्याउँथे। तर, कोभिडपछि नाका बन्द छ।

स्थानीय बासिन्दा लामाबगरबाट प्रतिकेजी एक सय ३५ रुपैयाँसम्म महँगो ढुवानी खर्चमा खाद्यान्नलगायतका सामान लैजान बाध्य छन्। लप्चीका स्थानीय कर्मा शेर्पाले नाका बन्द हुँदा लप्चीवासीले चीनमा चौंरी बेच्न नपाएको बताए। उनका अनुसार चिनियाँ सुरक्षाकर्मीले चरिचरनमा गएका चौंरीसमेत चीनतर्फको भूभागबाट लखेट्ने गरेका छन्। लप्ची गाउँ पुग्न लामाबगरबाट दुई दिन पैदल यात्रा गर्नुपर्छ। सामान बोकेर जाने भरियाहरूलाई त तीन दिनसम्म लाग्ने गरेको शेर्पाले बताए।

कोभिडअघिसम्म यो नाकाबाट नियमित कामकाज गर्ने गरी चीन सरकारले स्थानीयका लागि पास उपलब्ध गराएको थियो। सोही पासका आधारमा आफ्ना चौंरी बिक्री गर्ने र सोही रकमले दैनिक उपभोग्य सामान किनेर ल्याउने गरेकोमा अहिले समस्या भएको स्थानीय कुन्जोक शेर्पाले बताए।

हिउँद र बर्सातको समयमा स्थानीयको छुट्टाछुट्टै स्थानमा बसोवास हुन्छ। हिउँद लागेपछि लप्चीवासी लुम्साङ झर्छन्। चार हजार दुई सय मिटरको उचाइमा रहेको लप्चीमा झन्डै ४५ घरपरिवारको बसोवास छ। लप्चीमा खाद्यान्न उत्पादन हुँदैन। तल्लो बस्ती लुम्साङमा भने आलुसम्म उत्पादन हुन्छ। बिगु गाउँपालिकाका अध्यक्ष सञ्जीव ओलीले नाका खोल्न पहल गरिदिन संघ सरकारसँग अनुरोध गरिएको बताए।

दोलखाका सिडिओ कोमलप्रसाद धमलाले लप्चीको ङ्यालम नाका पुरानै शैलीबाट भए पनि सञ्चालन गर्न सरकारी निकायबाट अधिकतम पहल गरिरहेको जनाए। उनले लप्चीवासीले अनुरोध गरेलगत्तै जिल्ला प्रशासनले गृह मन्त्रालय हुँदै परराष्ट्रबाट चिनियाँ दूतावासमा पत्राचार गरिएको बताए।

■ उत्तरी नाकामा पोस्ट थप्दै सशस्त्र प्रहरी

सीमा सुरक्षा तथा सीमापार अपराध नियन्त्रणका लागि सशस्त्र प्रहरीले उत्तरी नाकामा आफ्नो पोस्ट थप्दै लगेको छ। थप दुई बोर्डर आउटर पोस्ट (बिओपी) थप्ने सशस्त्र प्रहरीको अन्तिम तयारी छ। दार्चुलाको टिंकर र गोरखाको रुइला नाकामा सशस्त्रले बिओपी थप्न लागेको हो। दुवै नाका दुर्गममा रहेकाले हेलिकोप्टरबाट आवश्यक सामान लैजाने तयारी छ। हेलिकोप्टर व्यवस्थापन हुन नसक्दा बिओपी स्थापनामा ढिलाइ भएको सशस्त्र प्रहरी स्रोत बताउँछ। हाल चीनसँगको नाकामा सशस्त्र प्रहरीले आठ बिओपी स्थापना गरिसकेको छ। ताप्लेजुडको ओलाङचुङगोला, संखुवासभाको किमाथांका, दोलखाको लामाबगर तथा सिन्धुपाल्चोकको तातोपानी र गुम्बामा सशस्त्र प्रहरीका बिओपी छन्।

त्यस्तै, रसुवाको टिमुरे, मुस्ताङको कोरला र हुम्लाको हिल्सा नाकामा पनि बिओपी स्थापना भएका छन्। दार्चुलाको छाङरुमा भारतसँगको सीमामा बिओपी भए पनि चीनसँग जोडिएको टिंकर नाकामा सशस्त्रको उपस्थिति छैन। गोरखाको रुइला नाकाबाट विगतमा सुन तस्करीलगायत आपराधिक गतिविधि हुने गरेकाले त्यहाँ पनि बिओपी थप्न लागिएको हो। उत्तरी सीमाको सुरक्षालाई बलियो बनाउने लक्ष्यअनुसार सशस्त्र प्रहरीले अन्य नाकामा पनि बिओपी थप्नेबारे गृहकार्य गरिरहेको छ। रसुवामा अर्को एक बिओपी थप्नेबारे पनि तयारी भइरहेको छ। त्यस्तै, डोल्पा, मुगु र मनाङका नाकामा पनि बिओपी राख्नेबारे छलफल भइरहेको सशस्त्र प्रहरीले जनाएको छ। सीमामा बिओपी थप्दै लैजाने सरकारको नीतिअनुसार उत्तरी नाकामा नयाँ बिओपी स्थापनाको गृहकार्य चलिरहेको सशस्त्र प्रहरी बलका प्रवक्ता एसएसपी राजेन्द्र खड्काले बताए।

एकै वडाका...

पृष्ठ १ बाट क्रमशः

शतप्रतिशत क्षमता प्रस्तुत गर्छौं,' उनले भने।

प्रशिक्षक गौतम खेलाडीद्वय टीका र शारदासहित सोमबार (४ सेप्टेम्बर)मा रियाद प्रस्थान गर्नेछन्। उनीहरू दुवैको खेल ५ सेप्टेम्बरमा छ। त्यस्तै, विकास र विशाल ८ सेप्टेम्बरमा जानेछन्। उनीहरूको खेलतालिका क्रमशः १० र १२ सेप्टेम्बरका लागि छ। सागरको खेल प्रतियोगिताको अन्तिम दिन १७ सेप्टेम्बरमा छ। उनी विशालको खेल हेर्न भ्याउने गरी रियाद जाने तयारीमा छन्।

यी पाँचै खेलाडीले रियादको विश्व च्याम्पियनसँगै चीनमा हुने १९औं एसियाली खेलकुदमा पनि नेपालको झन्डा फहराउनेछन्।

पूर्वाधार र उपकरण अभावले प्रशिक्षणमै चुनौती

रियादमा पदकभन्दा सुधारको आशा

जीवन गौतम काठमाडौं र महेन्द्रनगरमै रहेर भारोत्तोलोनका जुनियर तथा सिनियर खेलाडीलाई प्रशिक्षण गराउँदै आएका राखेपका मुख्य प्रशिक्षक हुन्। उनकै प्रशिक्षणमा दक्षिण एसियाली खेलकुदमा नेपालले तीन कास्यपदक हात पाऱ्यो। तर, उनी प्रशिक्षण पर्याप्त हुन नसकेको अनुभव सुनाउँछन्।

'हामीले खेलाडीलाई जसरी अभ्यास गराउनुपर्ने हो, त्यो भएको छैन। प्रशिक्षणको आवश्यक उपकरण नै छैनन्। काठमाडौंमा केही छन्, तर महेन्द्रनगरमा निकै नाजुक अवस्था छ,' उनले भने। खेलाडी विकास पनि अन्य खेलका खेलाडीलाई जस्तो आफूहरूलाई प्रशिक्षण हल र उपकरणको सुविधा नभएको बताउँछन्। 'करौंते, बक्सिङ, तेक्वान्दोलगायतको प्रशिक्षण हल र आवश्यक उपकरण राम्रो छ। हाम्रोमा सामान्य उपकरण पनि नहुँदा प्रशिक्षण प्रभावित हुन्छ। अभ्यास सोचेजस्तो हुन पाएको छैन,' उनले भने।

नेपाली भारोत्तोलनको इतिहास निकै लामो छ। तर, भारोत्तोलनले ओलम्पिकमा त के एसियाडमा समेत पदक जितेको छैन। दुवैमा सहभागिता नै ठूलो कुरा हो। अहिलेसम्म दक्षिण एसियाली खेलुकदमा मात्रै पदक प्राप्त गरेको छ। रियादमा हुने विश्व च्याम्पियनसिपमा पनि नेपाली टोलीले पदकको आशा गरेको छैन। व्यक्तिगत सुधार नै मुख्य लक्ष्य रहेको प्रशिक्षक गौतम बताउँछन्। 'दुई महिनाको मात्रै तयारी भएको छ। यतिलाई राम्रै मान्न सकिन्छ। तर, पदकको आशा गर्नुहुन्न। रेकर्ड ब्रेकमै ध्यान दिन्छौं। खेलाडीले रेकर्ड ब्रेक गर्नेमा पक्का छु,' प्रशिक्षक गौतम भन्छन्।

३८ वर्षपछि नेपाललाई पदक जिताएका हेमन्त पनि भीमदत्तकै

नेपाललाई ३८ वर्षपछि एसियन युथ एन्ड जुनियर भारोत्तोलनमा कास्यपदक जिताएका हेमन्त पाल पनि भीमदत्त नगरपालिकाकै हुन्। यसैले पनि अहिले भिमदत्त नगरपालिकालाई भारोत्तोलनको उर्वरभूमि मान्न थालिएको छ। 'हेमन्तसँगै अझै ६-७ खेलाडी दैनिक अभ्यासमा छन्। उनीहरूले राम्रो गरिरहेका छन्। चाँडै राष्ट्रियस्तरमा देख्न पाउँछौं,' प्रशिक्षक गौतम भन्छन्।

२८ जुलाईदेखि ५ अगस्टसम्म भारतमा भएको प्रतियोगितामा हेमन्तले तीन कास्यपदक जिताएका थिए। पुरुष ७३ केजीमा हेमन्तले स्न्याकमा ९७ केजी, क्लिन एन्ड जर्कमा ११० केजी गरी जम्मा २०७ केजी भारवहन गर्दै तीन कास्य पदक जितेका हुन्।

विदेशबाट...

पृष्ठ १ बाट क्रमशः

संकायअन्तर्गत अर्थशास्त्र तथा वित्तीय नीति, दिगो नीति, भौतिक पूर्वाधार तथा योजना नीति, पूर्वाधार नीति, सार्वजनिक नीतिलगायत विषयको कक्षा सञ्चालनको तयारी भएको पूर्वाधार विकास समितिले बताएको छ। विश्वविद्यालय पूर्वाधार विकास समिति सदस्य सूर्यराज आचार्यले विश्वमा नाम चलेका विश्वविद्यालयका प्राध्यापक ल्याइने दाबी गरेका छन्। उनका अनुसार जापान, दक्षिण कोरिया, भारत, चीनलगायत देशका नाम चलेका विश्वविद्यालयमा अध्यापन गराएका शिक्षाकलाई ल्याइनेछ।

आचार्यले पठनपाठन सुरु भएपछि कतिपयले निःशुल्क पढाउन आउनेसमेत आश्वासन दिएका छन्। उनीहरूलाई आवासीय सुविधासहित विषयगत जिम्मेवारी दिइने उनले बताए। 'हामीले सुरुमा विदेशी युनिभर्सिटीका प्राध्यापक ल्याउँछौं, कतिपयले तलब नलिने पनि बताउनुभएको छ, कतिपयलाई तलब र आवासीय सुविधा दिन्छौं,' उनले भने, 'उहाँहरू हाम्रो सम्पर्कमा आइसक्नुभएको छ, कतिपय विदेशी युनिभर्सिटीमा अध्यापन गराएर अवकाशप्राप्त प्राध्यापक पनि हुनुहुन्छ।'

विद्यालयले अन्तर्राष्ट्रिय विश्वविद्यालयको मापदण्ड कायम गर्न सुरुमा विदेशी शिक्षक ल्याउन लागेको बताए। स्नातक तहको कक्षा सञ्चालन गर्दा नेपाली शिक्षक पनि राखिनेछ। शिक्षक र विद्यार्थीका लागि आवासीय सुविधा रहनेछ। स्नातकोत्तर तहमा 'फुल टाइम' कक्षा सञ्चालन हुनेछ।

स्नातकोत्तर तहको कक्षा सञ्चालन भइसकेपछि स्नातक तहमा मानविकी, विज्ञान, इन्जिनियरिङलगायत संकायको पठनपाठन सुरु गरिने विश्वविद्यालय व्यवस्थापन पक्षले जनाएको छ। विश्वविद्यालय सरकारलाई आर्थिक भार पार्ने गरी सञ्चालन नहुने पूर्वाधार विकास समितिको दाबी छ। 'यो विश्वविद्यालय सरकारलाई भार पार्ने किसिमको हुँदैन, यसको सञ्चालनमा निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातामार्फत गर्छौं,' उनले भने, 'यसले कानुनअनुसार सबै संकाय सञ्चालन गर्न सक्छ।'

हाल नेपालमा १७ वटा विश्वविद्यालय छन्। कतिपयले नेपाल विश्वविद्यालय सञ्चालनको औचित्यमाथि प्रश्न गरिरहेका छन्। शिक्षाविद् विद्यानाथ कोइरालाले नेपालमा एकै प्रकारका विश्वविद्यालयको संख्या धेरै भएको तर कुनै पनि विश्वविद्यालय व्यवस्थित र आवश्यकता पूर्ति गर्ने किसिसको नभएको बताए।

उनले कुनै विषय, क्षेत्र वा समुदायिकलाई समेटेर विश्वविद्यालय खोल्दा उचित हुने अवस्था रहेको भन्दै नेपाल विश्वविद्यालय अन्यभन्दा फरक बन्नुपर्ने बताए। 'देशलाई कैयौं विश्वविद्यालय चाहिन्छ, तर कुन विश्वविद्य

आइतबार १७ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०

एसिया कप क्रिकेट

पाकिस्तान सुपर फोरमा

वर्षाका कारण खेल रद्द भएपछि एक अंक बटुलेको पाकिस्तान एसिया कपको सुपर फोरमा

एजेन्सी

१६औँ एसिया कप क्रिकेट प्रतियोगितामा शनिबार वर्षाले प्रभावित पारेको भारत र पाकिस्तानबीचको खेल रद्द भएको छ। दुवै राष्ट्रले समान एक अंक पाएका छन्। प्रतियोगिताको आयोजकसमेत रहेको पाकिस्तान तीन अंकका साथ सुपर फोरमा पुग्ने पहिलो टोली बनेको छ। समूह 'ए'मा पाकिस्तान, भारत र नेपाल छन्। पाकिस्तानले पहिलो खेलमा नेपाललाई दुई सय ३८ रनले हराएको थियो। नेपालविरुद्ध पाकिस्तानका कप्तान बाबर आजम र इफ्तिखर अहमेदले शतक बनाएका थिए। अब नेपाल र भारतबीच सोमबार खेल हुनेछ। श्रीलंकाको क्यान्डीमा हुने सो खेलमा भारत र नेपालका लागि गर या मरको अवस्था हुनेछ।

नेपालसँग अप्रत्याशित रूपमा पराजित भए भारत बाहिरिनेछ। जितले नेपाल सुपर चारमा पुग्नेछ। पालेकेल क्रिकेट रंगशालामा भारत र पाकिस्तानबीचको खेल बारम्बार वर्षाले प्रभावित बनाएको थियो। टस जितेर पहिले ब्याटिङ गरेको भारतले पाकिस्तानी फास्ट बलरको सामना गर्न सकेन। भारत ४८.५ ओभरमा दुई सय ६६ रनमा अल आउट भयो। पाकिस्तानका लागि साहिन अफ्रिदीले १० ओभरमा सर्वाधिक चार विकेट लिए। उनले भारतका कप्तान रोहित शर्मा र पूर्वकप्तान विराट कोहलीको महत्त्वपूर्ण विकेट पहिलो स्पेलमै हात पारे। त्यसपछि भारत दबाबमा आएको थियो।

भारतले ब्याटिङ गरेको पहिलो दश ओभरमा ३३ मिनेट वर्षाले खेल रोकिएको थियो। पहिलोपटक वर्षाले खेल रोकिँदा भारतीय ब्याट्सम्यान फर्ममै देखिएका थिए।

वर्षा रोकिएपछि पुनः खेल सुचारु हुँदा साहिनले घातक बलिङ गरे। उनले आफ्नो यस फर्मलाई अन्तिमसम्म नै कायम राखे। पाकिस्तानले एक बल पनि खेल्न पाएन। भारतको पहिलो इनिङपछि मैदानमा भारी वर्षा भएको थियो। भारी वर्षा नरोकिएपछि दुवै टोलीले समान एक-एक अंक प्राप्त गरे।

पान्ड्या र किसनले उकासे भारतलाई

भारतले ब्याटिङ पिचमा ६६ रन बनाउँदा चार विकेट गुमाएको थियो। हार्दिक पान्ड्या र इशान किसनले पाँचौँ विकेटका लागि बलियो साझेदारी गरे। दुवैले एक सय ३८ रनको साझेदारी गर्दै भारतलाई सम्मानजनक योगफलसम्म पुऱ्याए।

पाकिस्तानले पाँचौँ विकेट लिन ३८औँ ओभर प्रतीक्षा गरेको थियो। पाकिस्तानका स्पिनरले विकेट लिन नसकेपछि भारतले खेलमा फर्किने अवसर पायो। हरिसको ३८.३ ओभरको टप एज लागेर बाबरबाट इशान क्याच आउट भए। अफ्रिदीको ४४.१ ओभरमा एक्स्ट्रा कभरमा पान्ड्या क्याच आउट हुन पुगे। त्यसपछि भारतले लगातार विकेट गुमाएको थियो।

पान्ड्याले ९० बलमा सात चौका र एक छक्कासहित ८७ रन बनाए। विकेटकिपर इशानले ८१ बलमा ९ चौका र दुई छक्कासहित ८२ रन बनाए। ओपनर कप्तान रोहित ११ रन बनाएर बोल्ड भए। ओपनर सुभमन गिल १० रनमै आउट भए। कोहली चार रनमै बोल्ड भए। जडेजाले १४ रन र जसप्रित बुमराहले १६ रन जोडेका थिए।



वर्षाले खेल रद्द भएपछि एकअर्कासँग हात मिलाउँदै भारत र पाकिस्तानका खेलाडी



साहिन अफ्रिदीको घातक बलिङ

पाकिस्तानका बलरले उत्कृष्ट प्रदर्शन गर्दा भारतले ठूलो स्कोर बनाउन सकेन। एकपटक पुनः पाकिस्तानी बलरले आफूलाई प्रमाणित गरेका छन्। तीव्र गतिका बलर साहिन शाह अफ्रिदीले आफ्नो स्पेलमा कसिलो बलिङ गर्दै ३५ रन खर्चिएका हुन्। नसिम शाह र हरिस राउफले समान तीन विकेट लिए। नसिमले ८.५ ओभरमा ३६ रन र हरिसले ९ ओभरमा ५८ रन खर्चिए। नसिमले हार्दिक पान्ड्या र रवीन्द्र जडेजाको विकेट लिएका थिए।

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अर्णिनित	अंक	रनरेट
पाकिस्तान	२	१	०	१	३	४.७६
भारत	१	०	०	१	१	०.००
नेपाल	१	०	१	०	०	- ४.७६

हाल्यान्डको ह्याट्रिकमा सिटी लगातार चार खेलमा विजयी

सात्विक विजेता म्यान्चेस्टर सिटी १२ अंकका साथ शीर्ष स्थानमा

लन्डन/ उत्कृष्ट फर्ममा रहेका एर्लिङ हाल्यान्डले ह्याट्रिक गरेपछि शनिबार इंग्लिस प्रिमियरसिप लिगमा साबिक विजेता म्यानचेस्टर सिटीले फुलहामलाई ५-१ को फराकिलो अन्तरले पराजित गरेको छ। लिगमा यो सिटीको लगातार चार खेलमा जित हो। सिटीले चार खेलमा १२ अंक बटुलेको छ। खेलको ३१औँ मिनेटमा अल्भारेजले सिटीलाई १-० को अग्रता दिलाएका थिए। तर, सिटीको अग्रता धेरै बेर टिकेन। खेलको ३३औँ मिनेटमै रिआमले फुलहामलाई १-१ को बराबरीमा ल्याए।

फुलहाममाथि काउन्टर अट्याकमा दबाब राखेको सिटीले पहिलो हाफको इन्जुरी समयमा २-१ को अग्रता लियो। यसपटक अकाले सिटीलाई अगाडि बढाएका हुन्। फुलहामले पहिलो हाफमा मात्र राम्रो प्रदर्शन गरेको थियो। यद्यपि, मध्यान्तरपछि त्यही स्तरको खेल प्रदर्शन गर्न नसक्दा र कमजोर डिफेन्स रणनीतिका कारण फुलहामले थप चार गोल बेहोरेको थियो। पहिलो हाफमा शान्त देखिएका हाल्यान्ड मध्यान्तरपछि आक्रामक रूपमा प्रस्तुत भए। उनले खेलको ५८औँ मिनेटमा आकर्षक गोल गर्दै सिटीलाई ३-१ को स्थितिमा राखे।

खेलको ७०औँ मिनेटमा सिटीले पेनाल्टी पायो। हाल्यान्डले नै पेनाल्टी गोल गरे। खेलको अन्तिम इन्जुरी समयको पाँचौँ मिनेटमा उनले व्यक्तिगत तेस्रो गोल गर्दा सिटी ५-१ ले विजयी भयो। चालू लिगमा हाल्यान्डको यो पहिलो ह्याट्रिक हो। उनले गोमेजको पासमा ह्याट्रिक गोल गरे।



टोटनह्यामको सानदार जित

टोटह्यामले ब्रुर्नलीमाथि ५-२ को सानदार जित निकालेको छ। जितसँगै १० अंक बटुलेको टोटनह्याम दोस्रो स्थानमा छ। १० अंक जोडेको वेस्ट हाम तेस्रो स्थानमा झरेको छ। टोटनह्याम गोलअन्तरमा दोस्रो स्थानमा उक्लेको हो। ब्रुर्नलीले खेलको चौथो मिनेटमै गोल गर्दै टोटनह्यामलाई स्तब्ध पारेको थियो। फोस्टेरले डिबक्सनजिक कालेओसोको सटिक पासमा गोल गर्दै ब्रुर्नलीलाई १-० को अग्रता दिलाए। प्रतिस्पर्धामा दक्षिण कोरियाली स्टार खेलाडी सोन हेउन मिनले खेलको १६औँ मिनेटमा टोटनह्यामलाई १-१ को बराबरीमा पुऱ्याए। उनले सोलोमोनको पासमा गोल गरेका हुन्। पहिलो हाफको इन्जुरी समयमा रामेरोले टोटनह्यामलाई २-१ को स्थितिमा राखे। उनले सोलोमनको पासमा गोल गरे।

दोस्रो हाफमा सोडले प्रेरणादायी खेल प्रदर्शन गर्दा ब्रुर्नलीको केही सीप लागेन। खेलको ६३औँ मिनेटमा सोडले व्यक्तिगत दोस्रो गोल थपे। उनले खेलको ६६औँ मिनेटमा ह्याट्रिक पूरा गरे। सोडले व्यक्तिगत तीन गोल गर्दा टोटनह्यामले खेलमा ५-१ को फराकिलो अग्रता लियो। खेलको अन्तिम इन्जुरी समयमा ब्रोन्हिलले ब्रुर्नलीलाई ५-२ को गोलअन्तरमा झारे। खेलमा टोटनह्यामले ५४ र ब्रुर्नलीले ३६ प्रतिशत बल पोसेसन राखेको थियो।

यता, चेल्सी भने पराजित भएको छ। चेल्सीलाई नटिङघम फरेस्टले १-० गोलले पराजित गऱ्यो।

चेल्सी फरेस्टसँग स्तब्ध

इंग्लिस प्रिमियर लिगमा शनिबार राति पूर्वविजेता चेल्सीमाथि नटिङघम फरेस्टले १-० को सनसनी जित निकालेको छ। प्रतिस्पर्धामा नटिङघमका लागि एक मात्र गोल एन्टोनियो इलागाले गरेका थिए। उनले खेलको ४८औँ मिनेटमा एक मात्र विजयी गोल गरे। यसै सिजनमा इलागा नटिङघममा आबद्ध भएका थिए। खेलको अन्तिम १० मिनेटमा चेल्सीले बराबरी अवसर चुकाएको थियो। निकोलास ज्याक्सनले डिबक्सनजिकबाटै गोल गर्न सकेनन्।

पथरी ११ सेमिफाइनलमा



केशवप्रसाद भट्टराई/ नयाँ पत्रिका

फिदिम स्पोर्टिङ क्लब पाँचथरलाई २-० ले हराउँदै पथरी-११ फुटबल क्लब मोरङ ताप्लेजुङ गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। शनिबार पथरीको जितमा दीपक राई र नीरज परियारले समान एक गोल गरेका हुन्। खेलको ३८औँ मिनेटमा पथरीका दीपकले गोल गर्दै सुरुआती अग्रता लिएका थिए। फिदिमले गोलको प्रयास गरे पनि सफल हुन सकेन। दोस्रो हाफमा पथरीले थप एक गोल गरेको हो। ४९औँ मिनेटमा नीरजले २-० को अग्रता बनाएका हुन्। फिदिमले दोस्रो हाफमा केही अवसर बनाए पनि सदुपयोग गर्न सकेन। खेलको प्लेयर अफ दी म्याच पथरीका नीरज घोषित भएका थिए। उनले पाँच हजार प्राप्त गरे। अब पथरीले फाइनल प्रवेशका लागि जुटविकास इटहरी सुनसरीसँग खेल्नेछ। आइतबार रेड स्टार फुटबल क्लब बिर्तामोड र युनाइटेड खार्साङ दार्जिलिङबीच प्रतिस्पर्धा हुनेछ।

विजेताले तीन लाख पाउने

प्रतियोगिताको विजेताले तीन लाख ११ हजार १ सय ११ रुपैयाँ पाउने आयोजकले बताएको छ। उपविजेताले एक लाख ५१ हजार १ सय ११ रुपैयाँ पाउनेछन्। यसपटक आयोजकले विजेता र उपविजेताको पुरस्कार राशि बढाउन सकेन। ०२ ९ सालबाट विभिन्न नाममा सञ्चालन हुँदै आएको प्रतियोगिता पछिल्लो समय लाखेजात्रा खेल सञ्चालन समितिका नामबाट निरन्तर हुँदै आएको छ। ०७७ र ०७८ सालमा कोरोना संक्रमणका कारण र ०७९ सालमा मैदान अभावका कारण प्रतियोगिता आयोजना हुन सकेको थिएन।

खेल संक्षेप

गोदावरी युनाइटेडलाई उपाधि

काठमाडौं/ २०औँ दिनेश स्मृति गाईजात्रा फुटबल प्रतियोगिताको उपाधि गोदावरी युनाइटेडले जितेको छ। नमुना स्पोर्टस् क्लब गोदावरीले आफ्नो वार्षिक कार्यक्रमअन्तर्गत गरेको प्रतियोगिताको फाइनलमा टिम मिनुवालाई पेनाल्टीमा ४-३ ले हराउँदै गोदावरी च्याम्पियन बनेको हो। खेलको निर्धारित समय गोलरहित बराबरीमा सकिएपछि नतिजा छिनोफानो पेनाल्टी सुटआउटबाट भएको थियो। विजेता गोदावरीले ३३ हजार तीन सय ३३ रुपैयाँ प्राप्त गर्दा उपविजेता बनेको मिनुवाले २२ हजार दुई सय २२ रुपैयाँ प्राप्त गरेको छ। प्रतियोगिता सम्पन्न भएसँगै अध्यक्ष डम्बर लामाले सहभागी सबै टोलीलाई धन्यवाद दिँदै आगामी सिजन गोदावरीमा योभन्दा भव्यताका साथ प्रतियोगिता आयोजना गर्ने बताएका हुन्।

केएमसी र इनोभेटिभको जित

काठमाडौं/ आयोजक केएमसी 'ए' र इनोभेटिभले तेस्रो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ शनिबार जित निकालेका छन्। बुद्धनगरस्थित घरेलु कोर्टमा केएमसी 'ए'ले रिलायन्सलाई २८-२० ले पराजित गरेको हो। केएमसी 'ए'का रियम राईले १७ अंक जोडेका छन्। इनोभेटिभले सनसाइनलाई २८-१९ ले हरायो।

इनोभेटिभका समुद्र महर्जनले १६ स्कोर गरे। यस्तै, ज्ञान निकेतनले बालदीक्षालाई २९-२०, काठमाडौं जेभियरले केएमसी 'बी'लाई २२-१५, नेरिक एकेडेमीले सैनिकलाई ३७-१८, एआइएले एनसिसिएसलाई ३७-१६, र जेनिथले सेन्ट पाउललाई ४४-१७ ले पाखा लगाएका छन्।

पर्यटन प्रवर्द्धन गर्न दौड प्रतियोगिता

धादिङ/ धादिङको नीलकण्ठ नगरपालिका-६ सुनौलाबजारमा रहेको भैरवी मन्दिरमा पर्यटन प्रवर्द्धनका लागि दौड प्रतियोगिता गरिएको छ। मन्दिरको प्रचारसँगै आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यले सुनौलाबजारदेखि भैरवी मन्दिरसम्म खुला दौड प्रतियोगिता गरिएको हो। दौडमा धादिङका सन्देश घले पहिलो, पावल तामाङ दोस्रो, राम घले तेस्रो भएका छन्।

इटिक्विटीको ओरियन्टेसन

काठमाडौं/ चीनको हाङझावमा हुने १९औँ एसियाली खेलकुदलाई लक्षित गर्दै शनिबार डाइनिङ इटिक्विटी ओरियन्टेसन कक्षा सञ्चालन गरेको छ। राष्ट्रिय खेलकुद परिषद्ले गठन गरेको १९औँ एसियाली तयारी समितिले ओरियन्टेसन आयोजना गरेको हो। लगनखेलमा भएको ओरियन्टेसनमा एसियाली खेलकुदमा सहभागी हुने खेलाडी तथा प्रशिक्षकको सहभागिता थियो। ओरियन्टेसन कक्षालाई चार चरणमा सञ्चालन गरिएको हो।

रिभेरा पहिलो

काठमाडौं/ चौथो तेक्वान्दो प्रतियोगितामा रिभेरा इन्टरनेसनल एकेडेमी स्कुलले ५ स्वर्ण, ३ रजत र २ कांस्य पदक हासिल गरी पहिलो भएको छ। सम्भावी स्कुल टिमले ४ स्वर्ण, १ रजत र ७ कांस्य पदक हासिल गर्दै दोस्रो भयो। टेक्सास इन्टरनेसनल स्कुलले ३ स्वर्ण, ३ रजत र ८ कांस्य गरी तेस्रो भएको छ। नेपाल एभरेस्ट मन्टेश्वरी स्कुलले अनुशासित ट्रफी अवार्ड पाएको छ। प्रतियोगितामा कुल १४ स्कुल तथा डोजाडका २५० खेलाडीको सहभागिता रहेका थिए।

डेब्युमै सावित्राको चार गोल

पहिलोपटक युरोपेली लिग खेलेकी सावित्राले रमात हसारोनविरुद्धको डेब्यु खेलमै चार गोल गरिन्। उनी युरोपेली लिग खेल्ने पहिलो नेपाली बनिन्

नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला टोलीकी स्ट्राइकर सावित्रा भण्डारीले इजरायली शीर्ष डिभिजन लिगको डेब्यु खेलमै चार गोल गरेकी छिन्। शनिबार राति सावित्राको उत्कृष्ट प्रदर्शनप्रेरित हापोएल रानानाले रमात हसारोनमाथि ४-० को फराकिलो जित निकालेको हो। यससँगै सावित्रा युरोपेली लिग खेल्ने पहिलो नेपाली खेलाडी बनेकी छिन्। 'डेब्यु खेल निकै राम्रो भयो। चार गोल पनि गर्न सफल भएँ,' सावित्राले नयाँ पत्रिकासँग भनिन्। 'पहिलो गोलमै ह्याट्रिक भएपछि बाँकी खेलमा पक्कै सहज हुन्छ,' इजरायलबाट सावित्राले भनिन्। सावित्राले पहिलो हाफमा तीन तथा दोस्रो हाफमा एक गोल गरेकी हुन्।

इजरायल एसियाली मुलुक भए पनि उसले युइएफएको सदस्यता लिएको छ। सावित्राले घरेलु प्रतियोगितामा विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफबाट खेल्ने गर्छिन्। उनी घरेलु तथा अन्तर्राष्ट्रिय खेलमा सर्वाधिक गोलकर्ता हुन्। यसैगरी, सावित्रा भारतीय महिला लिगमा पनि सर्वाधिक गोलकर्ता भइसकेकी छिन्। सावित्राले गोकुलम केरेलाका लागि दुई र सेथु एफसीका लागि एकपटक लिग उपाधि जितिसकेकी छिन्।

एक महिनाअगाडि इजरायल पुगेकी सावित्राले रानानाका लागि एथेना कपमा खेलिसकेकी थिइन्। त्यस प्रतियोगितामा रानाना साबिक विजेता किर्यात गातसँग पराजित हुँदै सेमिफाइनलबाट बाहिरिएको थियो। दोस्रो खेलमा रानानाले ७ सेप्टेम्बरमा किर्यात गातसँग खेल्नेछ।



नेपालगन्ज म्याराथन ९ मंसिरमा

बाँके/ नेपालगन्ज म्याराथनको नवौँ संस्करण आगामी ९ मंसिरमा हुने भएको छ। आयोजक क्रिएटिभ ह्यान्ड्सको बोर्ड बैठकले नेपालगन्जको नवौँ संस्करण ९ मंसिरमा गर्ने निर्णय गरेको हो। हरेक वर्ष मंसिरको पहिलो हप्ता नेपालगन्ज म्याराथन हुँदै आएकोमा यस वर्ष ९ मंसिरमा गर्न लागेको हो।

म्याराथनका लागि १ भदौबाट खेलाडी दर्ता सुरु गरिएको छ। यस वर्ष चार विधा थप गरी विभिन्न १४ वटा विधामा स्पर्धा हुने भएको हो। प्रतियोगितामा पुरुषतर्फ म्याराथन (४२.१९५ किमि), महिलातर्फ हाफ म्याराथन (२१ किमि), १० किमि पुरुष/महिला खुला, ५ किमि स्कुलस्तरीय छात्र एवं छात्रा, किड्स रन (८-१२ वर्ष उमेरसमूह), ५ किमि कर्पोरेट रन, ५ किमि ट्राइसाइकल र ५ किमि वाकाथन समावेश गरिएको छ।

नेपालगन्ज उपमहानगरपालिकाको गेटबाट सुरु भई कोहलपुर नगरपालिकादेखि चार किलोमिटर उत्तर बानियाभार पुगेर सोही रुट भई सुरुवाती बिन्दुमा पुगेपछि म्याराथन पूरा हुन्छ।

म्याराथनको पहिलो संस्करण नेपाली सेनाका होमलाल श्रेष्ठले जितेका थिए। दोस्रोमा सेनाकै कृष्ण बस्नेत, तेस्रोमा जुम्लाका दुर्गाबहादुर बुढा, चौथोमा नेपाल पुलिस क्लबका भूमिराज राई, पाँचौंमा सेनाका भीमबहादुर साउद, छैटौंमा नेपाल एपिएफ क्लबका गोपीचन्द्र पार्की, सातौंमा एपिएफकै किरणसिंह बोगटी र आठौंमा सेनाकै खडकबहादुर खड्का विजेता बनेका थिए। महिला हाफ म्याराथनतर्फ सातौँ र आठौँ संस्करणमा सन्तोषी श्रेष्ठ च्याम्पियन बनेकी थिइन्।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com